# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

मंगलबार, फागुन ८, २०७४ | Tuesday, February 20, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लाथ्व ५ | वर्ष २४, अंक ४१ | पृष्ठ १२ | मूल्य रू १०/–



AMBE STEELS

दीर्घायु भवः

अम्बे स्टील्स् जे बन्छ, दिगो बन्छ


# एकताका लागि सातबुँदे आधार तयार

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकताका लागि सातबुँदे सहमति-पत्रमा हस्ताक्षर भएको छ।

प्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच पद बाँडफाँड र सैद्धान्तिक विषयमा सहमति जुटेपछि औपचारिक रूपमा पार्टी एकता गर्ने सहमति भएको हो। प्रधानमन्त्री निवास बालुवाटारमा साँझ ७ देखि राति अबेरसम्म बसेको पार्टी एकता संयोजन समितिको बैठकले यस्तो आधार तयार पारेको हो।

बैठकपछि सार्वजनिक गरिएको सहमति-पत्रका अनुसार पार्टीको नाम 'नेपाल कम्युनिस्ट पार्टी' र पार्टीको निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहने उल्लेख छ। यस्तै एमालेले अवलम्बन गरिआएको 'जनताको बहुदलीय जनवाद' र माओवादी केन्द्रले अवलम्बन गरिआएको 'माओवाद र २१औं शताब्दीमा जनवाद' सम्बन्धी विषयहरुमा विधिसम्मत छलफल गरी आवश्वयक



- आलोपालो प्रधानमन्त्रीमा भद्र सहमति
- थापाको नेतृत्वमा सरकारमा जाने
- एकिकृत नाम : नेपाल कम्युनिस्ट पार्टी

परिमार्जन र विकास गर्न सकिने सहमतिमा हस्ताक्षर भएको छ।

एमालेले अपनाउँदै आएको 'जनताको बहुदलीय जनवाद'अन्तर्गत अवलम्बन गरेको शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धामार्फत आफ्ना श्रेष्ठता स्थापित गर्नेलगायतका मान्यता र शान्ति सम्झौता र त्यसपछिका लोकतान्त्रिक अभ्यासद्वारा माओवादी केन्द्रको पनि उक्त शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धामार्फत आफ्नो श्रेष्ठता स्थापित गर्दै समाजवादको आधार निर्माण गर्नेलगायतका मान्यतामा समान धारणा रहेको सहमतिमा खुलाइएको छ।

सोही आधारमा टेकेर अन्तरिम राजनीतिक प्रतिवेदन एवम् अन्तरिम विधान तयार पारी सोहीअनुसार एकीकृत पार्टी सञ्चालन गरिने बताइएको छ। आगामी पार्टी महाधिवेशनलाई एकता महाधिवेशनका रूपमा समझदारीका साथ भव्य रूपले सम्पन्न गर्ने पनि दुई दलबीच सहमति भएको छ। एमाले र माओवादी केन्द्रबीच सरकार गठनअघि नै पार्टी एकता गर्ने विषयमा सहमति जुटे पनि अन्तिम समयमा आएर सैद्धान्तिक विषयमा दुई दलबीच कुरा मिल्न सकेको थिएन। सरकार गठनपछि ओली र प्रचण्डबीच भएको 'वान टु वान' छलफलले अन्ततः दुई पार्टीबीच एकता गर्ने सहमति जुटेको हो। ओली र प्रचण्डबीच सोमबार भएको छलफलमा पार्टी एकताको प्रक्रिया अगाडि बढाउने सहमति जुटेको थियो।

सोमबार बेलुकी प्रधानमन्त्री निवास बालुवाटारमा बसेको पार्टी एकता संयोजन समितिको बैठकले दुई पार्टी अध्यक्षले गरेको सहमतिलाई अनुमोदन गरेको थियो। सहमतिअनुसार एकीकृत पार्टी द्वि अध्यक्षात्मक प्रणालीअनुसार सञ्चालन हुनेछ। ओली र प्रचण्ड संयुक्त रूपमा अध्यक्ष रहनेछन् भने बैठकको अध्यक्षता आलोपालो हुनेछ। सरकारको नेतृत्व आलोपालो प्रणालीअनुसार आधा-आधा कार्यकाल हुनेछ।

(क्रमशः पृष्ठ ९ मा)

# प्रतिनिधिसभामा ७४ नयाँ अनुहार

## कांग्रेसका धेरै पुराना, एमालेका धेरै नयाँ

गंगा बराल, काठमाडौं

यसपटक प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ७४ जना नयाँ सांसद भित्रिने भएका छन्। यसरी भित्रिनेमा नेकपा एमालेका ४३, नेपाली कांग्रेसका ३, नेकपा माओवादी केन्द्रका १२, संघीय समाजवादी फोरमका ८, राष्ट्रिय जनता पार्टीका ५, राप्रपाका एक र एक स्वतन्त्र रहेका छन्।

एमालेका नयाँ सांसदमा यसअघि समानुपातिक सांसद भएका दुई, सूर्य चिन्ह लिएर निर्वाचन लडेका एक र अर्को पार्टीबाट आएका एक जना रहेका छन्। एमालेका ३४ जना सांसद भने पुरानै अनुहारका छन्।

**एमालेका नयाँ**

१. योगेशकुमार भट्टराई
२. पवित्रा निरौला (खरेल)
३. लालप्रसाद साँवा लिम्बू
४. राजेन्द्रप्रसाद गौतम
५. राजेन्द्रकुमार राई
६. जयकुमार राई
७. घनश्याम खतिवडा
८. लीलानाथ श्रेष्ठ
९. भूमिप्रसाद त्रिपाठी
१०. खेमप्रसाद लोहनी
११. नारायणप्रसाद खतिवडा
१२. कृष्णबहादुर राई
१३. जीवनराम श्रेष्ठ
१४. महेश बस्नेत
१५. नवराज सिलवाल
१६. गोकुलप्रसाद बाँस्कोटा
१७. पोल्देन छेपाङ गुरुङ
१८. जगतबहादुर सुनार (विश्वकर्मा)
१९. कृष्णकुमार श्रेष्ठ
२०. केदार सिग्देल
२१. नारायणप्रसाद मरासिनी
२२. पदमाकुमारी अर्याल
२३. तिलबहादुर महत क्षेत्री
२४. प्रेमप्रसाद तुलाचन
२५. भूपेन्द्रबहादुर थापा
२६. सूर्यप्रसाद पाठक
२७. पदम गिरी
२८. मेटमणि चौधरी
२९. गोपालबहादुर बम
३०. रवीन्द्रराज शर्मा
३१. ध्रुवकुमार शाही
३२. नवरात रावत
३३. नन्दलाल रोका क्षेत्री
३४. लालबहादुर थापा
३५. भैरवबहादुर सिंह
३६. यज्ञबहादुर बोगटी

(क्रमशः पृष्ठ ९ मा)

# पर्स हराएको सूचना

मिति २०७४ फागुन ६ गते भैंसेपाटीबाट यातायात व्यवस्था विभागसम्म जाँदा लाइसेन्ससहित महत्त्वपूर्ण कागजातहरू रहेको मेरो पर्स हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन विनम्र अनुरोध गर्दछु। फेला पार्नुहुने महानुभावलाई उचित पुरस्कार दिइनेछ।

नाम : अनुजलाल श्रेष्ठ
सम्पर्क नं. : ९८५१०३३४२४

# 'न्याय सम्पादनमा इतिहासमै सबैभन्दा धेरै प्रगति'

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानन्यायाधीश गोपाल पराजुलीले न्यायालय र मिडियाको कार्यशैली फरक भए पनि लक्ष्य एउटै रहेको बताउनुभएको छ। बाल सुधार गृह, सानोठिमीद्वारा सोमबार भक्तपुरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो- 'यी दुई क्षेत्रको काम गर्ने शैली फरक भए पनि उद्देश्य सत्यको खोजी गर्नु नै हो।'

एक अर्को प्रसंगमा प्रधानन्यायाधीश गोपाल पराजुलीले आफू प्रधानन्यायाधीश भएपछि न्याय सम्पादनमा इतिहासमै सबैभन्दा धेरै प्रगति भएको बताउनुभयो।



आफ्नो पालामा नयाँ सर्वोच्च अदालत नियमावली ल्याउन सकेको र यसले गर्दा अतिरिक्त समयमा पनि न्याय सम्पादनको कार्य हुनसकेको उल्लेख गर्दै उहाँले भन्नुभयो- 'यसले गर्दा न्याय सम्पादनको कार्यमा प्रगति भएको हो।'

सो अवसरमा प्रधानन्यायाधीश पराजुलीले विगत डेढ वर्षदेखि अवरुद्ध भएको संवैधानिक इजलास नियमितरूपमा सञ्चालनमा आएको, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलगायतका मुद्दालाई विशेष प्राथमिकतामा राखेर सुनुवाइ गरिरहेको जनाउनुभयो।

'न्यायालयमा भएका राम्रा र सुधारका कामको अनुहार हेर्नै नसक्ने व्यक्तिहरूले निच तबरबाट प्रस्तुत भएर भ्रमको खेती गरिरहेका छन्', उहाँले थप्नुभयो- 'न्यायालय र मिडिया सत्यताको उजागर गर्नका लागि विकास भएकाले एक अर्कालाई निषेध गरेर समाज परिवर्तन हुन सक्दैन।'

(क्रमशः पृष्ठ ९ मा)

# आसफाल्ट प्लान्टका कारण बस्ती नै प्रदूषित

सुरेश तामाङ, काठमाडौं

नख्खु खोला किनारमा आसफाल्ट प्लान्ट (सडक कालोपत्रे गर्न अलकत्रा र चिप्स मिक्सिङ गर्ने मेसिन) सञ्चालनमा आएपछि स्थानीय प्रभावित बनेका छन्। छोटो समयका लागि स्थापित भनिएको सो प्लान्ट लामो समयसम्म सञ्चालनमा आएपछि प्लान्टबाट निस्कने दूषित धुवाँ, धूलोले हैरान भएको स्थानीयबासीले गुनासो गरेका छन्।

सो प्लान्ट १८औं सार्क शिखर सम्मेलनका बेला सडक कालोपत्रे गर्ने चटारोले ललितपुर महानगरपालिका वडा २७ सुनाकोठीअन्तर्गतको नख्खु खोला किनारमा स्थापना गरिएको थियो। तर सार्क बैठक सकिएको तीन वर्ष बितिसक्दासम्म नहटाइएकामा स्थानीयबासी आक्रोशित बेनेका हुन्।

प्लान्टले भैंसेपाटी, नखिपोट, सुनाकोठीबासीलाई प्रत्यक्ष असर गरेको छ। यी प्लान्ट उद्योग बस्तीको २ देखि ५ मिटरको दूरीमा निर्बाध सञ्चालनमा रहे पनि सम्बन्धित निकाय मुकदर्शक बनिरहेको छ।

नेपालको संविधान २०७२ को धारा ३० मा उल्लिखित वातावरणसम्बन्धी हकमा प्रत्येक नेपाली नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र वातावरणीय प्रदूषणबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति दिलाउनुपर्ने व्यवस्था गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)


DAV COLLEGE
(Affiliated to TU)
...in the service of education

MBS PROGRAM AT DAV

Case Based Pedagogy
Research & Seminar Series
International exposures
Interaction with Experts
Business Plan & Incubations

MBS Program at DAV, apart from imparting management education, inculcates entrepreneurial and management ethos in management graduate. It also supplements the learning of hard skills with varieties of professional activities aimed at sharpening in learners' soft and research skills. Spotlights are on:



ADMISSION OPEN FOR MBS
for the year 2018

Contact: Jawalakhel, Lalitpur, Nepal., Tel: +977-1-5533044, 5523782
Mobile: 9810136536, Website: www.davcollege.edu.np/bba
E-mail: davcollege.tu@gmail.com



सिद्धार्थ सिमेन्ट

जोड्दै छ सारा नेपालीलाई



# महानगर

पुठ्ठाको हड्डी अविकसित हुने, प्रसव व्यथा कष्टपूर्ण हुन सक्ने कारणले सिजेरियन शल्यक्रियाको सम्भावना बढी हुन्छ। यसले गर्दा कम्पन छुट्ने, पिसाब चुहिने, शिशु मृत्युदर तथा मातृ मृत्युदर पनि बढ्छ। किशोरी आमाले उनका बच्चालाई स्पर्श, मुस्कान, तोतेबोलीका माध्यमबाट संवेगात्मक विकासमा जोड दिन सक्दैनन् र बच्चाप्रतिको दायित्व, संवेदनशीलता, अपनत्व देखाउन सक्दैनन्। बच्चाप्रति बढ्ता रिस पोख्ने, पिट्ने, सताउने, दुःख दिने गर्छन्। बच्चामा पर्ने असरमा कालान्तरमा शिशुको मानसिक तथा सामाजिक विकास र वृद्धि विकासमा नकारात्मक असर पुग्छ।

# ३० प्रतिशत महिलामा आङ खस्ने समस्या



शर्मिला बुढाथोकी

- दोलखा विगु गाउँपालिका–५ लादुकको बालकुमारी भुजेलको उमेर ८४ वर्ष भयो। भर्खरै मात्र आङ खस्ने समस्याको उपचार गराउनुभएकी बालकुमारी ४० वर्षदेखिको पीडा बिसाउन पाएकोमा दंग हुनुहुन्छ। त्यस्तै ४० वर्षकै उमेरबाट आङ खस्ने समस्याले पीडित बन्नुभएको बालकुमारीले चेतनाको अभाव, लाज, स्वास्थ्य चौकीको समस्या जस्ता कारणले लामो समय पीडा सहेर बस्नुपरेको दुःखेसो गर्नुभयो। 'उपचार गर्नुअघिसम्म मलाई हिँड्न, बस्न र पिसाब गर्न साह्रै समस्या हुन्थ्यो', बालकुमारीले भन्नुभयो– 'अहिले अप्रेसनपछि भने आनन्द भएको छ।'

- दोलखा मेलुङ गाउँपालिका–६ को ७५ वर्षीया रमादेवी चापागाईंको पाठेघरको अप्रेसन गरेको पनि ७ वर्ष भयो। वृद्धा अवस्था र पाठेघरको अप्रेसन गरेको कारण रमादेवीलाई अहिले हिँडडुल गर्न, बस्न र सानोतिनो घरको काम गर्नसमेत समस्या हुने गरेको छ। ६ वर्षको उमेरदेखि नै विवाहका लागि प्रस्ताव आउने गरेको थियो तर विवाह भने १३ वर्ष (६२ वर्षअघि) मा भयो', रमादेवीले भन्नुभयो– 'सानै उमेरमा विवाह गरेकै कारण आङ खस्ने समस्याले पीडित भएपछि पाठेघरको अप्रेसन गर्नुपर्‍यो र अहिले यो समस्या झेलिरहेको छु। सानै उमेरमा विवाह गरेर ७ सन्तानलाई जन्म दिनुभएको चापागाईं सुत्केरी हुँदा राम्रो खानपानको व्यवस्था पनि नभएको र कामसमेत छिट्टै गर्नुपर्ने भएकाले आङ खस्ने समस्या निस्किएको बताउनुहुन्छ। युवा अवस्थामै आङ खस्ने समस्याले पिरोलेपछि धेरै दुःख पाएको उल्लेख गर्नुहुँदै चापागाईं अप्रेसन गरेर पाठेघर निकालेपछि भने केही सजिलो भएको बताउनुहुन्छ।

- कालिञ्चोक गाउँपालिकाको सुन्तली थामीले पनि १२ वर्षकै उमेरमा विवाह गर्नुभयो। १६ वर्षमा पहिलो सन्तानको आमा बन्नुभएकी सुन्तलीको पनि सात सन्तान छन्। चेतनाको अभावले सानै उमेरमा विवाह भएपछि थुप्रै समस्या झेल्नुपरेको उहाँको भनाइ छ। सानो उमेरमै विवाह गरेका कारण पाठेघरको संक्रमणले बेला–बेलामा थलिनुपरेको पीडा सुनाउँदै थामी भन्नुहुन्छ– 'बच्चा जन्मिएपछि पाठेघरबाट सेतोपानी बग्ने, संक्रमणका कारण हिँडडुल गर्न र काम गर्न अप्ठेरो हुने, कहिलेकाहीं रक्तश्रावसमेत हुने समस्या भएको थियो तर लाजले उपचार गराउन सकिनँ र आङ खस्ने समस्याबाट पीडित भएँ।' पछि छोराछोरी ठूला भएपछि उनीहरूले नै उपचार गर्न लगेको सुन्तलीले बताउनुभयो।

आङ खस्ने समस्याबाट पीडित बालकुमारी, सुन्तली र रमादेवी दोलखाको प्रतिनिधि पात्र मात्र हुन्। विशेष गरी जिल्लाको ग्रामीण क्षेत्रका धेरै महिला आङ खस्ने समस्याबाट पीडित रहेको तथ्यांकले देखाएको छ। जिल्ला स्वास्थ्य कार्यालयलगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न संघ-संस्थाले गरेको स्क्रिनिङबाट जिल्लामा झण्डै ३० प्रतिशत महिला आङ खस्ने समस्याबाट पीडित रहेको देखिएको छ। दोलखामा अधिकांश महिला पाठेघरको संक्रमणबाट पीडित रहेको पाइएको र त्यसपछि पिसाबको समस्या र आङ खस्ने समस्याबाट पीडित देखिएको प्रस्तावित चरिकोट अस्पतालका डाक्टर विनोद दंगाल बताउनुहुन्छ। जिल्लामा आङ खस्ने समस्या धेरै देखिएपछि जिल्ला स्वास्थ्य कार्यालय दोलखाले आर्थिक वर्ष २०७४/०७५ मा मात्र ४ वटा स्वास्थ्य शिविर सञ्चालन गरेको छ। दोलखाको सुन्द्रावती, जँगु, काब्रे र भेड्पुमा आयोजना गरिएको शिविरमा २ सय ३४ जना महिलाले पाठेघरको जाँच गराएको जिल्ला स्वास्थ्य कार्यालय दोलखाको पब्लिक हेल्थ नर्स सिर्जना लिङ्थेपले बताउनुभयो। उक्त शिविरमा ६२ जना महिलाको पाठेघर खसेको पाइएको उहाँको भनाइ छ। जसमा पहिलो डिग्रीको १२ जना, दोस्रो डिग्रीको २७ जना, तेस्रो डिग्रीको १५ जना र चौथो डिग्रीको ८ जना भेटिएको उहाँले बताउनुभयो। शिविरमा ५० वर्षभन्दा माथिका पाठेघर खसेर अप्रेसन गरिसकेका ८ जना महिलामा पाठेघरको भित्ता खस्ने समस्यासमेत पाइएको लिङ्थेपले बताउनुभयो।

## के हो आङ खस्ने समस्या ? किन हुन्छ ?

आङ खस्ने समस्या भनेको पाठेघर आफ्नो ठाउँबाट सर्नु हो। अर्थात् पिसाबथैली पिसाब तथा दिसानली अड्याएर राख्ने मासंपेशी खुकुलो तथा कमजोर भएर आफ्नो ठाउँबाट सर्ने समस्या हो। जसका कारण महिलालाई हिँड्न, बस्न, दैनिक कार्य गर्न समस्या हुने गर्छ। कम उमेरमा विवाह गर्नु, धेरै बच्चा जन्माउनु, जन्मान्तर नहुनु, सुत्केरीमा आराम गर्न नपाउनु, गरुङ्गो भारी बोक्नु, मांसपेशी कम्जोर हुनु र पहिलेदेखि नै पाठेघर ठीक ठाउँमा नहुनु जस्ता कारणले आङ खस्ने समस्या देखिने जिरी अस्पतालका मेडिकल सुपरिटेन्डेन डाक्टर अर्चनाले बताउनुभयो। महिलालाई पाठेघर बाहिर आएजस्तो लाग्ने, पिसाब गर्न समस्या हुने, सेतोपानी बग्ने जस्ता लक्षण देखियो भने आङ खस्ने समस्या भएको हुन सक्ने डाक्टर अर्चनाको भनाइ छ।

बालविवाह गर्दा प्रजनन अंग परिपक्व भइनसक्ने हुनाले शारीरिक सम्पर्क, गर्भधारण जस्ता कुरामा समस्या हुने र रक्त अल्पता जस्ता रोग लाग्ने तथा पोषणको समस्या, कामको बोझले पछि आङ खस्ने जस्ता शारीरिक समस्यासमेत आउने डा. मीना मर्हजनको भनाइ छ।

आङ खस्ने समस्यामा कतिपय महिला लाजले उपचार गर्न नजाने र त्यस्तो अवस्थामा क्यान्सरको जोखिमसमेत बढ्ने डा. मीना मर्हजन बताउनुहुन्छ।

## उपचारमा ढिलाइ

ग्रामीण महिलामा आङ खस्ने समस्या देखिए पनि समयमै उपचारका लागि नजाउने कारण अवस्था थप जटिल हुने गरेको सरोकारवालाहरूको भनाइ छ। जिल्ला स्वास्थ्य कार्यालय दोलखाको पब्लिक हेल्थ नर्स सिर्जना लिङ्थेप लाज, स्वास्थ्य समस्याभन्दा कामलाई बढी प्राथामिकता दिने, उपचार हुन्छ कि हुँदैन भन्ने जानकारी नहुनुजस्ता कारणले ग्रामीण महिला लामो समयदेखि आङ खस्ने समस्या भए पनि उपचारका लागि नजाउने र धेरै समस्या भएपछि मात्र जाने गरेको बताउनुहुन्छ। ढिला गरी उपचारका लागि जाने भएकाले उपचारमा समेत कठिनाइ हुने गरेको लिङ्थेपको भनाइ छ।

दोलखा जुँगुको ७० वर्षीय एक महिला २६ वर्षदेखि आङ खस्ने समस्याबाट पीडित भए पनि लाजकै कारण उपचारका लागि नगएको भेटिएको तथा भेड्पुकी ६२ वर्षीय एक महिला लामो समयदेखि समस्या भए पनि कार्यबोझकै कारण उपचारका लागि नगएको पाइएको लिङ्थेपले बताउनुभयो।

## अप्रेसनपछि झन् समस्या

आङ खस्ने समस्या चौथो चरणमा पुगेपछि उपचारका लागि जाने र उनीहरूको अप्रेसन गर्दा झन् समस्या देखिएको स्वास्थ्यकर्मीहरूले बताएका छन्। अप्रेसन गरेपछि आवश्यकताअनुसार आराम नगरी गह्रौं भारी बोक्ने तथा पौष्टिक आहाराको विषयमा ध्यान नदिँदा पाठेघरको भित्ता खस्ने समस्या देखिएको सिर्जना लिङ्थेपले बताउनुभयो।

पाठेघरको भित्ता खस्ने समस्या भएपछि हिँड्दा अप्ठेरो हुने, भित्ताको मासंपेशी तानिँदा पिसाब, दिसानली तानिने र यसले गर्दा पिसाब चुहिने समस्या देखिने भएकाले बिरामीले थप समस्यासमेत व्यहोर्नुपरेको लिङ्थेपको अनुभव छ। पाठेघरको भित्ता खस्ने समस्या देखियो भने यसको उपचार विधि महँगो र झन्झटिलो हुने र स्वास्थ्यकर्मीको अभावका कारण उपचार पनि धेरै ठाउँमा नहुने उहाँले बताउनुभयो।

## दोलखामा किन बढी छ यो समस्या

दोलखामा आङ खस्ने समस्या बढी देखिनुमा चेतनाको अभाव प्रमुख कारण रहेको सरोकारवालाहरूले बताएका छन्।

दोलखाको ग्रामीण क्षेत्रमा लामो समय सेवा गर्नुभएको डा. मीना महर्जन ग्रामीण क्षेत्रमा अहिले पनि बालविवाहको समस्या रहेको, महिलालाई कामको बोझ धेरै हुने गरेको, अधिकांश ग्रामीण महिलामा चेतनाको अभाव रहेकाले पाठेघरको संक्रमणको विषयमा सचेत नहुने, आङ खस्ने समस्या भनेको के हो भन्ने विषयमा समेत धेरै महिला अनभिज्ञ रहेकाले पनि दोलखामा आङ खस्ने समस्या धेरै देखिएको बताउनुहुन्छ।

## नेपाल सरकारको नीति

सरकारले सकेसम्म आङ खस्ने समस्यालाई प्राथमिक तहमा नै समाधान गर्न चेतनामूलक अभियान, तालिम, गोष्ठी र ग्रामीणस्तरमा छलफल कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। आङ खस्ने समस्याबाट पीडित महिलाको अप्रेसन गरिसकेपछि ध्यान दिनुपर्ने कुराहरूको ख्याल नगर्दा भित्ता खस्ने समस्या देखिएकाले सकेसम्म स्लिकन रिङ प्रेसरी राखीदिने नीतिसमेत ल्याएको छ। जसका लागि यो विधिलाई प्रभावकारी बनाउन जिल्ला स्वास्थ्य कार्यालय दोलखाले जिल्लाको विभिन्न स्वास्थ्य चौकीका आर्थिक वर्ष ०७४/७५ मा ४५ जना स्वास्थ्यकर्मीलाई तालिम दिएको छ। तालिम प्राप्त स्वास्थ्यकर्मीहरूले पाठेघर खसेको छ वा छैन पत्ता लगाई कुन डिग्रीको छ सोहीअनुसार एक्ससाइज वा रिङ प्रेसरी राख्ने वा शल्यक्रिया नै गर्नुपर्ने भन्ने विषयमा जानकारीसहित उपचार गर्ने वा माथिल्लो स्वास्थ्य संस्थामा पठाउने गर्दछन्।

*(लेखक : पत्रकार महासंघ दोलखा शाखाको पार्षद् हुनुहुन्छ।)*



## उपचार विधि

स्वास्थ्यकर्मीको भनाइमा यो समस्या चार चरणको हुन्छ। पहिलो चरणमा सामान्य समस्या देखिन्छ, यतिबेला पाठेघरसम्बन्धी कसरत गर्‍यो भने ठीक हुन्छ। दोस्रो र तेस्रो चरणमा समस्या बढ्दै जाने भएकाले रिङ प्रेसरी राख्नुपर्छ। समस्या चौथो चरणमा पुगेपछि भने रिङ प्रेसरीको प्रयोग तथा अप्रेसन गर्नुपर्ने स्वास्थ्यकर्मीको भनाइ छ। आङ खस्ने समस्या भएर रिङ प्रेसरी राखेका महिलाले ३-३ महिनामा त्यसलाई फेर्नुपर्नेमा कतिपय महिलाले वर्षौंसम्म पनि रिङ प्रेसरी नफेरेको पाइएको डा. अर्चनाले बताउनुभयो। यसरी लामो समयसम्म रिङ प्रेसरी नफेर्दा क्यान्सरको जोखिमसमेत रहने भएकाले यस्तो समस्या भएका महिला सर्तक रहनुपर्ने डा. अचर्नाको भनाइ छ।

---

### मागीभन्दा भागी विवाह गर्ने बढी

# मकवानपुरमा बढ्दै किशोरी आमा

रोशन पराजुली/हेटौंडा

सरकारले आमा र बच्चाको जीवन जोखिममा पर्नबाट जोगाउने मूल उपाय भनेकै बिहेवारी २० वर्ष पारि भन्दै कानुनीरूपमै विवाहको उमेर बढाउने कानुन लागू गरिरहँदा मागी या भागी विवाह १५ देखि १६ वर्षमै हुने क्रम बढ्नु कानुन कार्यान्वयनका लागि निकै ठूलो चुनौतीको विषय बन्दै छ। यति मात्र नभई आमा र बच्चाको मृत्युदरमा कमी ल्याउन नसक्नु अर्को समस्याको मूल कारण उमेर नपुग्दै हुने विवाह भएको पनि सरकारले स्वीकारी रहेको छ। यस्तो अवस्थामा विवाहलाई सामाजिक परिबन्ध र क्षणिक आवेगमा निर्णयमा पुग्नेहरूको संख्यामा कमी ल्याउन नसक्नु अर्को ठूलो चुनौतीको विषय बनेको छ।

मकवानपुरमा २० वर्षभन्दा कम उमेरका किशोरी गर्भवती हुने क्रम बढ्दो देखिएको छ। हेटौंडा अस्पतालमा सुत्केरी गराएका महिलाको तथ्यांकले यस्तो देखाएको हो। अस्पतालमा पुस महिनामा मात्र अधिकांश जनजाति समुदायका २० वर्षमुनिका २६ किशोरी र माघ महिनामा २० जना किशोरी आमा बनेका छन्।

यस्ता सुत्केरी हुनेमा १ जना १५ वर्षकी थिइन्। ३ जना १६ वर्षका, ४ जना १७ वर्षका, ८ जना १८ वर्षका र १९ वर्षका १० जना किशोरीले अस्पतालमा सुत्केरी गराएका छन्। २०-३० वर्ष उमेर समूहका सुत्केरी हुनेको संख्या १ सय ३८ र ३०-४० वर्ष उमेर समूहमा सुत्केरी हुनेको संख्या २५ जना रहेको देखिन्छ। सानै उमेरमा गरिएको विवाह र अपरिपक्व अवस्थामा सुत्केरी हुँदा शिशु र आमा दुवैको स्वास्थ्यमा नकारात्मक असर देखिने हेटौंडा अस्पतालका प्रसूति तथा महिला रोग विशेषज्ञ डा. निशा राई बताउनुहुन्छ। उहाँका अनुसार किशोरीको शारीरिक अवस्था विकास हुने अवस्थामा बच्चाको विकास राम्रो हुँदैन। शारीरिक तथा मानसिकरूपमा अपरिपक्व भएका आमाले गर्भाधारण गर्नुले ठूलो समस्या ल्याउन सक्ने खतरा बढाएको छ। सानो उमेरमा आफूखुसी विवाह गर्ने प्रचलनले पछिल्लो समयमा २० वर्षमुनिका गर्भवतीको संख्या वृद्धि गरेको हो। सानै उमेरमा विवाह गर्दा महिलाको पाठेघर खस्ने, पाठेघरको क्यान्सर हुनेलगायत पाठेघरसम्बन्धी रोगहरू देखापर्ने गर्दछ। यसले पछिसम्म आमा र बालबालिकालाई असर गर्छ।

गर्भवतीले गर्भमा बच्चा बसेको जानकारी पाएपछि पाठेघरमा बच्चा रहेको अवस्था, पाठेघरको अवस्था, रगत जम्ने र नजम्ने प्रक्रिया र साल कहाँ बसेको छ, अग्रिम थाहा भयो भने शल्यक्रिया गर्नुपर्ने भए समयमा नै जानकारी लिन सकिने डा. राईले बताउनुभयो। भिडियो एक्सरे (अल्ट्रासाउन्ड) गर्नाले सुत्केरी गराउने समयमा बच्चाको अवस्था, बच्चाको उचित विकास भएको छ वा छैन, शल्यक्रिया गर्नु आवश्यक छ वा छैन, हेरेर जटिल भए पहिले नै सतर्कता अपनाउन सजिलो हुन्छ।

शारीरिक तथा मानसिकरूपमा योग्य नभएकी महिलालाई सुत्केरी हुने समयमा समस्या हुने डा. राईले स्पष्ट पार्नुभयो। यस्तो अवस्थामा आमा र बच्चा दुवैको ज्यान उच्च जोखिममा पुग्ने सम्भावनासमेत हुन्छ। उमेर नपुगी गर्भवती हुँदा महिलामा पाठेघरबाट पानी बग्ने, पाठेघर दुख्ने, रक्तश्राव हुने, पाठेघर खस्नेलगायत समस्या देखिने उहाँले बताउनुभयो। विवाहित दम्पतीले महिला आमा बन्न शारीरिकरूपमा सक्षम छिन् कि छैनन् भनेर डाक्टरको सल्लाह लिनु आवश्यक रहेको उहाँको भनाइ छ। शारीरिक तथा मानसिकरूपमा तयार नभई गर्भवती हुँदा महिला र बच्चा दुवैलाई खतरा पनि हुने गरेको छ। यसका साथै सानो उमेरमा गर्भवती हुँदा आमा र बच्चा दुवैको स्वास्थ्यमा नकारात्मक असर पुग्न सक्छ। आधुनिक अवस्थामा जसरी समाज परिवर्तन भइरहेको छ, त्यसरी नै सानै उमेरमा विवाह गर्नेको संख्या बढाएको छ। सानो उमेरमा नै आफूखुसी विवाह गर्ने र विवाह गरेको ६ महिना नबित्दै गर्भवती हुने क्रम मकवानपुरमा बढेको छ। अपरिपक्व आमालाई गर्भावस्थासम्बन्धी जटिलता, समय नपुगी शिशु जन्मने, धेरै समय सुत्केरी व्यथा, शिशुको तौल कम हुने, स्वस्थ्य शिशु नजन्मने, शल्यक्रिया गर्नुपर्ने अवस्थालगायत समस्या देखिनसक्ने डा. राईले जानकारी दिनुभयो।



मुख्य गरी बालविवाहका कारण किशोरी आमाको ज्यान जोखिममा पर्ने गरेको छ। उमेर नपुग्दै विवाह गर्नाले बच्चा जन्माउने क्रममा विभिन्न स्वास्थ्य समस्या आउने भएपछि किशोरी आमाको ज्यान जोखिममा परेको हो। बढ्दो बालविवाहका कारण आमा बन्ने महिलाको संख्यामा वृद्धि भएको छ। यसका कारण यस्ता किशोरी घरेलु हिंसाको शिकार हुन बाध्य हुन्छन्।

डा. राईका अनुसार किशोरी आमालाई शल्यक्रियामा देखिने समस्या पनि जटिल हुन्छ। सानो उमेरमा गरिएको विवाहले बालबालिकामा जन्मान्तर कम हुने, धेरै छोराछोरी जन्माउनेलगायत हुने गरेको छ। पर्सा, बारा, सिराहा र रौतहटलगायत जिल्लाबाट रेफर भएर हेटौंडा अस्पतालमा सुत्केरी गराउन महिला आउने गर्छन्। चालू आर्थिक वर्षको पुस महिनासम्म हेटौंडा अस्पतालमा १ सय ८९ जना महिलाले सुत्केरी गराए। जसमध्ये सामान्य अवस्थामा १ सय ४३ जना, सामान्य शल्यक्रिया गरी सुत्केरी हुने ३० जना र जटिल तरिकाले सुत्केरी हुने १६ जना छन्।

अशिक्षा, गरिबी, अन्धविश्वास र कतिपय जातीय मान्यताले १३ वर्षदेखि नै विवाह गर्ने प्रचलन छ। सानै उमेरमा बिहे गर्ने चलन र परिवार नियोजनका साधन प्रयोग नगर्नाले गर्भवती किशोरीको संख्या बढेको हो। बालविवाह र कम उमेरमा गर्भवती तथा सुत्केरी हुनाले जिल्लाको शिशु तथा मातृ मृत्युदर पनि बढेको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६ का अनुसार १५ देखि १९ वर्षका १७ प्रतिशत महिला किशोरावस्थामा आमा भइसकेका हुन्छन्। शहरभन्दा ग्रामीण क्षेत्रमा किशोरी अवस्थाका महिला बढी गर्भवती हुने गरेका छन्। कमजोर आर्थिकस्तर र प्रजनन स्वास्थ्य शिक्षा अभावका कारण किशोरी गर्भवती हुने गरेको सर्वेक्षणले देखाएको छ। विश्व स्वास्थ्य संगठनकाअनुसार १५ देखि १९ वर्षमा आमाको मृत्यु हने सम्भावना दोब्बर हुन्छ। यस्ता गर्भको जटिलताका कारण विकासोन्मुख देशहरूमा मात्र बर्सेनि करिब ७० हजार युवतीको अकालमा मृत्यु भइरहेको छ। समस्या उत्पन्न भएपछि ढिलो मात्र गर्भ जाँचका लागि आउने हुनाले गुणस्तरीय मातृ सेवा पुग्दैन। पुठ्ठाको हड्डी अविकसित हुने, प्रसव व्यथा कष्टपूर्ण हुन सक्ने कारणले सिजेरियन शल्यक्रियाको सम्भावना बढी हुन्छ। यसले गर्दा कम्पन छुट्ने, पिसाब चुहिने, शिशु मृत्युदर तथा मातृ मृत्युदर पनि बढ्छ। किशोरी आमाले उनका बच्चालाई स्पर्श, मुस्कान, तोतेबोलीका माध्यमबाट संवेगात्मक विकासमा जोड दिन सक्दैनन् र बच्चाप्रतिको दायित्व, संवेदनशीलता, अपनत्व देखाउन सक्दैनन्। बच्चाप्रति बढ्ता रिस पोख्ने, पिट्ने, सताउने, दुःख दिने गर्छन्। बच्चामा पर्ने असरमा कालान्तरमा शिशुको मानसिक तथा सामाजिक विकास र वृद्धि विकासमा नकारात्मक असर पुग्छ।

मुख्य गरी बालविवाहका कारण किशोरी आमाको ज्यान जोखिममा पर्ने गरेको छ। उमेर नपुग्दै विवाह गर्नाले बच्चा जन्माउने क्रममा विभिन्न स्वास्थ्य समस्या आउने भएपछि किशोरी आमाको ज्यान जोखिममा परेको हो। बढ्दो बालविवाहका कारण आमा बन्ने महिलाको संख्यामा वृद्धि भएको छ। यसका कारण यस्ता किशोरी घरेलु हिंसाको शिकार हुन बाध्य हुन्छन्।

बालविवाहका कारण अन्य पारिवारिक जिम्मेवारी बढ्ने, मानसिक तनाव बढ्ने, स्वतन्त्रता कमी हुने जस्ता सामाजिक बन्धनले गर्दा यस्ता किशोरीमा डिप्रेसन (मानसिक चिन्ता) हुन सक्ने तथा किशोरावस्थामा नै गर्भवती हुनुपरेमा गर्भको जटिलता बढी हुने चिकित्सक बताउँछन्। गर्भवती किशोरी जाँच गर्न भने कमै आउने गरेका छन्। लाजका कारण पनि किशोरी गर्भ जाँच गर्न समयमै आउँदैनन् र उनीहरूको स्वास्थ्यमा जोखिम हुने गर्दछ। बालविवाह अन्त्यका लागि लामो समयदेखि जिल्लामा विभिन्न कार्यक्रम भइरहेका छन्। तर, पनि बालविवाहमा कमी आउन सकेको छैन। सरकारी तथा गैरसरकारी निकायबाट बालविवाहविरुद्ध अभियान सञ्चालन भइरहेका छन्। बालविवाहविरुद्ध काम गर्ने संघ-संस्थाले बालविवाह न्यूनीकरण भएको दाबी गरिरहे पनि अवस्थामा खासै सुधार नआएको अस्पतालको तथ्यांकले देखाएको छ।

# ६० कोरस कलाकारका बीचमा प्रियंकाको झट्का



नायिका प्रियंका कार्की अभिनित नयाँ गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। *सपनीमा आउनेलाई* बोलको यो गीतको म्युजिक भिडियोमा नायिका प्रियंका कार्की ६० जना कोरसको बीचमा देखिएकी छिन्। मेलिना राईको स्वर रहेको गीतमा दीपेन्द्रनाथ शर्माको शब्द र वसन्त सापकोटाको संगीत रहेको छ। महाराज थापाको एरेन्जमा तयार भएको गीतको भिडियोलाई सुदीप बरालले खिचेका छन् भने अर्जुन जीसीको सम्पादन रहेको छ। कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको म्युजिक भिडियो गोकर्ण रिसोर्टमा खिचिएको हो।

# संगीतसँगै सम्मान



कृपा फाउन्डेसनले पहिलो वार्षिकोत्सवको अवसरमा राजधानीमा आयोजना गरेको कार्यक्रममा गीतकार तथा साहित्यकार रत्नशमशेर थापा र गायक योगेश वैद्यलाई *कृपा संगीत रत्न सम्मान*बाट गरेको छ।

फाउन्डेसन अध्यक्ष शिवकुमार लामिछाने, प्रमुख अतिथि गायक प्रेमध्वज प्रधानलगायतले उनीहरूलाई सम्मान गरेका हुन्। कार्यक्रममा मृगौलामा समस्या आएपछि उपचार गराइरहेका गायक ओमविक्रम विष्टका लागि नगद ५१ हजार रुपियाँ प्रदान गरिएको थियो। गायक विष्ट अमेरिकामा रहेकाले उनको सम्मान तथा नगद सहयोग उनका छोरा शिखरविक्रम विष्टले ग्रहण गरेका थिए। कार्यक्रममा सम्मानित सर्जकको सम्मानमा गायक शिव लामिछानेले केही गीत प्रस्तुत गरेका थिए। उनले रत्नशमशेर थापाद्वारा रचना गरिएको तथा स्वरसम्राट नारायण गोपालद्वारा संगीत तथा स्वर दिइएको गीत *स्वर्गकी रानी*, शिव अधिकारी लिखित तथा संगीतकार नाति काजीद्वारा संगीत तथा योगेश वैद्यद्वारा स्वर दिइएको गीत *सपना भुलाइ सारा* र एल्वर्ट सुब्बाद्वारा लिखित, रोबर्ट सुब्बाद्वारा संगीतबद्ध गायक ओमविक्रम विष्टद्वारा स्वर दिइएको *म मौनतामा* गाएका थिए।

फाउन्डेसनको पहिलो वार्षिकोत्सवकै अवसरमा *जय नेपाल* बोलको गीतको भिडियो पनि सार्वजनिक गरिएको थियो। गीतमा हर्कुलस बस्नेतको शब्द तथा संगीत रहेको छ भने यसलाई शिव लामिछानेले गाएका छन्। गीतको भिडियोमा शिव आफैं प्रस्तुत भएका छन्। यसलाई नरेन लिम्बुले निर्देशन गरेका हुन्। गीतको छायांकन नरेन र विनयले संयुक्तरूपमा गरेका छन्।

# मानुषीको हट पोस्टमा फ्यानहरू बीच विवाद

भारतीय सुन्दरी मानुषी छिल्लरले विश्व सुन्दरीको ताज जितेर भारतको नाम उच्च राखिन्। यही बीचमा उनी भारतीय फिल्ममा छाउने चर्चा चलेको छ।

सामाजिक सञ्जालमा उनको फ्यान फलोअर्सको पनि कमी छैन। उनको एक-एक गतिविधि उनको फ्यानले नियालिरहेका हुन्छन्। यसैबीच उनले केही समयअघि आफ्नो इन्स्टाग्राम खातामा एक फोटो हालेकी थिइन् जसका कारण उनी अहिले पनि चर्चामा छिन्। उनले शेयर गरेको तस्वीरमा उनी बिकनीमा देखिएकी छिन्। स्विमिङ पुलको छेउमा लिइएको उक्त फोटोमा उनी निकै हट देखिइएकी छन्। उनको बिकनी अवतारको तारिफ गर्ने धेरै फ्यान छन् भने उनको यस पोस्टलाई नकरात्मकरूपमा लिने केही व्यक्ति पनि छन्। मानुषीको यो फोटो मन नपराउनेहरूले उनलाई सामाजिक सञ्जालमा ट्रोल गरिरहेका छन्।

उनको एक फ्लोअरले उनलाई उनको बुबाआमाले यस्तै फोटो खिच्नका लागि जन्माएका हुन् भनेर प्रश्न गरेका छन् भने अर्कोले पोर्नस्टार नबनेर किन यस्तो फोहोरी फोटो हालेको भनेर कमेन्ट गरेका छन्। उनको एक फ्लोअरले त यस्तो मान्छे कसरी मिस वर्ल्ड बनेको होलासम्म भनेका छन्। तर, मानुषीले भने अझसम्म पनि यसको जवाफ दिएकी छैनन्। उनका फ्यान भने चुप लागेर बस्न सकेनन् र उनका केही फ्यान उनको समर्थनमा बोलेका छन्। उनका एक फ्यानको जवाफ छ- 'तपाईं जस्तो मानिस एक युवतीमाथि यस्तो फोहोरी सोच राख्नुहुन्छ? सबैलाई आफ्नो आत्मसम्मानको चिन्ता हुन्छ। तपाईंले आफ्नो साथी, प्रेमिका, आमा तथा दिदीबहिनीलाई भन्न सक्नुपर्छ कि आफूलाई के मन लाग्छ, त्यो लुगा लगाउनुस्।'





**जादु** धुलिखेलमा हालै आयोजित *नेपाल समाचारपत्र*को वनभोज कार्यक्रममा जादु देखाउँदै हास्य कलाकार तथा जादुगर महादेव त्रिपाठी। उनलाई साथ दिँदै *नेपाल समाचारपत्र*का पत्रकार तथा कर्मचारीहरू। महादेवले जादु प्रदर्शनका साथ क्यारिकेचरसमेत गरेका थिए। *तस्वीर : मोनिका मल्ल*

# रसियाको फेस्टिवलमा नेपालको नाटक



रसियाको नोभोसिबिर्सक शहरमा जारी *भ्वान टु, थ्री थिएटर फेस्टिवल*मा नेपालको प्रतिनिधित्व गर्दै कान्तिपुर फिल्म एकेडेमीले नाटक प्रदर्शन गरेको छ। फेस्टिवलको नियमअनुसार एक, दुई या धेरैमा तीन जना कलाकारले मात्रै प्रदर्शन गर्न पाउने उक्त फेस्टिवलमा सहभागी हुन नेपालबाट कान्तिपुर फिल्म एकेडेमीका सीईओ प्रकाश पुरी, डाइरेक्टर नरेशकुमार केसी तथा विद्यार्थी मोहन जैशी र सन्जोग रसाइली रसिया पुगेका थिए।

रसियाको सबै राज्य र अन्य देश गरेर ४६ नाटक मञ्चन भएको फेस्टिवलमा नेपालले हालै नोभोसिबिर्सकस्थित रेड हाउस थिएटरमा रोनिश राउतद्वारा निर्देशित २३ मिनेटको नाटक *पिस* देखाएको थियो। नेपालको द्वन्द्वकालको विषयमाथि निर्माण गरिएको उक्त नाटकमा सन्जोग रसाइली माओवादी र मोहन जैशीले सेनाको भूमिका निर्वाह गरेका थिए। नाटकपछि नेपालको सिनेमा, आर्ट र थिएटरको विषयमा अन्तरक्रिया गरिएको थियो। नाटक प्रदर्शनी र अन्तरक्रियासँगै नेपाली टोलीले त्यहाँस्थित थिएटर इन्स्टिच्युट, युनिभर्सिटी, ओपेरा हाउस, टेलिभिजन र आर्ट हाउसको अवलोकन गरेको थियो। फेस्टिवलको आयोजक नोभोसिबिर्सक स्टेट थिएटर इन्स्टिच्युट र झअन द लेफ्ट बेन्कज थिएटर इन्स्टिच्युटका प्रतिनिधि गत जेष्ठमा नेपाल आएर कान्तिपुर फिल्म अकडेमीसँग नेपाल र रसियाबीच स्कलर एक्सचेन्ज र कल्चरल एक्सचेन्जका लागि सहकार्य गर्ने सम्झौता गरेका थिए।



सर्वत्र बजारमा उपलब्ध छ।

# विचार

> जुन काम तिमी आज गर्न सक्छौ त्यसलाई कहिल्यै भोलिका निम्ति नछोड।
>
> – बेन्जामिन फ्रेंकलिन

> आफू नै त्यो परिवर्तन बन, जुन तिमी संसारमा देख्न चाहन्छौ।
>
> – महात्मा गान्धी

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# कर्मचारी समायोजनमा स्वीकारोक्तिको खाँचो

संघीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहले क्रमशः आकार लिएको छ । यस क्रममा देखिएको एउटा मुख्य चुनौती हो, कर्मचारी समायोजन । कर्मचारी समायोजनमा देखिएको चुनौती हेर्दा कर्मचारीहरूले आफ्नो स्वार्थको अगाडि संघीयतालाई नै आत्मसात् गर्न नसकेको प्रतीत हुन्छ । सिंहदबार र अतिरिक्त कमाइ हुने सरकारी कार्यालयमा बसेका कर्मचारीहरू स्थानीय र प्रदेशको मातहत बस्न रुचाएका छैनन् । यसले गर्दा स्थानीय तह र प्रदेशको चलायमानमा अझ ढिलाइ हुने निश्चित भएको छ । यसको पछिल्लो उदाहरण हो, जिल्ला प्रशासन कार्यालय केन्द्र सरकारको मातहत राख्नुपर्ने भन्दै प्रमुख जिल्ला अधिकारीहरूले गर्दै आएको लबिङको सन्दर्भ । हाल रहेका जिल्ला प्रशासन कार्यालयबारे अहिलेको संविधानले परिकल्पना गरेको छैन । संघीय संरचनामा जिल्ला प्रशासन कार्यालय रहने कि नरहने? रहेमा पनि कसको मातहत रहने? भन्ने प्रश्न प्रशासनवृत्तमा अहिले निकै चर्चाको विषय बनेको छ।

संविधानले संघ, प्रदेश र स्थानीय तहलाई मात्रै सरकार वा प्रशासनिक निकाय मानेको छ । साबिकका जिल्ला र विषयगत कार्यालयहरूले गर्ने काम संविधानले गाउँपालिका र नगरपालिकाहरूलाई दिएको छ। जिल्लामा गाउँपालिका र नगरपालिकासँग समन्वय गर्न जिल्ला समन्वय समिति रहने संविधानमा भनिएको छ। संविधानमा नागरिकता, राहदानी र शान्ति सुरक्षा केन्द्रको मातहत रहने भनिएको छ। यही आधारमा अहिलेको जिल्ला प्रशासन कार्यालय रहने प्रशासनविद्हरूको भनाइ छ। तर कुनरुपमा रहन्छ भन्ने विषय प्रदेशको संरचना र कानुन आएपछि स्पष्ट हुनेछ ।

यसै बीच संघीय संरचनाको मर्मअनुरूप स्थानीय प्रशासन ऐन २०२८ संशोधन गर्न कानुन मन्त्रालयमा पठाइएको गृह मन्त्रालयले जनाएको छ। प्रमुख जिल्ला अधिकारीहरूले जिल्ला प्रशासन कार्यालयहरूलाई केन्द्र सरकारअन्तर्गत रहने गरी कानुन बनाउन सुझाव दिँदै आएका छन् । जिल्लामा जिल्ला प्रशासन कार्यालय रहनु संविधानले परिकल्पना गरेअनुरुपको संघीयताको मर्म विपरीत रहेको तर्क राख्नेहरूको पनि कमी छैन । प्रमुख जिल्ला अधिकारीहरूले भनेबमोजिम कानुन बनाउन संविधान नै परिवर्तन गर्नुपर्ने अवस्था पनि आउन सक्छ। कर्मचारीहरूले अहिलेको संविधानको मूल्य–मान्यता र मर्म आत्मसात् गरेर अघि बढ्नु नै देश र जनताको हितमा रहेको छ ।

कर्मचारीले कार्यविवरणअनुसार जहाँ खटाइए पनि जानुपर्छ । कर्मचारी समायोजनमा समस्या आउनु भनेको अन्तत्वगत्वा संघीयता कार्यान्वयन नहुने अवस्था आउनु हो । कुनै पनि मन्त्रालयले मेरो मन्त्रालय संघीयतापछि यस्तो हुन्छ भनेर काम नगर्नु संघीयता कार्यान्वयनमा देखिएको सबैभन्दा ठूलो समस्या हो। संघीयता पूर्ण कार्यान्वयनका लागि कर्मचारीहरूले आनाकानी गर्नुहुँदैन । कर्मचारी समायोजनका क्रममा नियमानुसार जहाँ खटाइए पनि त्यसलाई कर्मचारीले स्वीकार गर्नै पर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# गठबन्धन सरकारको पहिलो गाँसमै ढुंगा !



बद्री तिवारी

बहुप्रतीक्षित नयाँ सरकारको घोषणा गत बिहीबार शीतल निवासबाट भयो, आमजनताले अपेक्षा गरेभन्दा नितान्त फरक ढंगबाट। संघीय निर्वाचनमा सबैभन्दा बढी स्थान हासिल गर्ने वाम गठबन्धनको प्रमुख घटक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा गठित तीन सदस्यीय मन्त्रिपरिषद्ले यी पंक्ति कोर्दासम्म पूर्णता पाउन सकेको छैन। गठबन्धनका मुख्य दुई घटक नेकपा एमाले र नेकपा माओवादी केन्द्रको पार्टी एकता तथा सरकार निर्माण एकैपटक गर्ने भन्ने पूर्वयोजना मुताबिक काम नभएपछि सम्बद्ध दलका नेता-कार्यकर्तादेखि सर्वसामान्य मतदातासमेतलाई सशंकित पार्ने अवस्था सिर्जना भएको छ। एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच पटक-पटक भएका वार्ताले पार्टी एकताका बारेमा ठोस निर्णय लिन नसकेकैले दुवै दलका कार्यकर्तामा अब के हुने हो भन्ने प्रश्नका साथ आशंकाको बादल मडारिन थालेको छ। यसलाई असामान्य नै भन्न सकिँदैन, किनकि यो सरकार गठनको शुरूमै अनावश्यक शंका उत्पन्न हुने अवस्था सिर्जना हुनु पहिलो गाँसमै ढुंगा भएको छ। त्यसो हुँदाहुँदै पनि दुवै अध्यक्षबीच अहिले वैचारिक-सैद्धान्तिक विषयलाई बहसका लागि थाती राखी सरकार विस्तार गरिहाल्नुपर्नेमा सहमति भएकोले पार्टी एकता संयोजन समितिले निर्णय गर्नेबित्तिकै सम्भवतः आजै मंगलबार सरकारले पूर्णता पाउन सक्छ।

गठबन्धनका मुख्य दुई घटक नेकपा एमाले र नेकपा माओवादी केन्द्रको पार्टी एकता तथा सरकार निर्माण एकैपटक गर्ने भन्ने पूर्वयोजना मुताबिक काम नभएपछि सम्बद्ध दलका नेता-कार्यकर्तादेखि सर्वसामान्य मतदातासमेतलाई सशंकित पार्ने अवस्था सिर्जना भएको छ।

दुवै दलका नेताहरूले सर्वसाधारण जनतालाई उनीहरूको विश्वास जोगाइराख्ने सोचका साथ सरकार निर्माण र पार्टी एकता गरेरै छाड्ने अभिव्यक्ति दिनुलाई सामान्य नै मान्न सकिएला तर बेलाबखत सुनिने अन्य खालका अभिव्यक्तिबाट झन् बढी आशंकित गराउने सम्भावना पनि त्यत्तिकै छन्। नेताहरूको पछिल्लो गतिविधिलाई सरसर्ती नियाल्ने हो भने, सहजै त्यो अवस्थाको आँकलन गर्न सकिन्छ। अघिल्लो बुधबारको ललितपुरस्थित एक व्यवसायीको घरमा बसेको एमाले र माओवादी केन्द्रको संयुक्त बैठकले सरकार गठन तथा पार्टी एकताको विषयमा करिब-करिब टुंगो लगाएको बताइएको थियो। यद्यपि एमालेका केही नेताहरूको 'एकीकृत भइसकेपछि पार्टीको मार्गदर्शक सिद्धान्तका रुपमा जनताको बहुदलीय जनवादलाई मान्नुपर्ने भन्ने' अडान देखिएका कारण तत्काल एकता गर्न कठिनाइ भएको हो। त्यसो त माओवादीका पनि केही नेताहरूले एक्काइसौं शताब्दीको जनवादलाई छोड्न नसकिने भएकाले त्यसैलाई मान्नुपर्छ भनेर अडान राख्नेहरू पनि उत्तिकै छन्। यति हुँदाहुँदै पनि शीर्ष नेताहरूले दुवै खालका विचारधारालाई फ्युजन गरेर महाधिवेशनसम्म छोडेर कस्तो रुप निस्कन्छ, त्यसैलाई स्वीकार्नसमेत सकिने कुराहरू नगरेका होइनन्। यद्यपि वाम गठबन्धनका प्रमुख नेताहरूको गतिविधिलाई सामान्य नै मान्न सकिन्छ भन्ने स्थिति छैन। पछिल्लो उदाहरणलाई लिने हो भने, प्रधानमन्त्री ओलीले वर्तमान सरकारमा सहभागी गराउने मनसायले संघीय समाजवादी फोरमका नेताहरूसँग कुराकानी गरिरहेको तथा ती दललाई पनि सरकारमा सहभागी गराउन सकिने बताउनु र तराईको एउटा कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा माओवादी अध्यक्ष प्रचण्डले एमाले र माओवादीको एकता हुन नदिनका लागि कहिले धम्क्याउने र कहिले लोभ्याउने खालका गतिविधि भएको, तर आफू त्यस्ता शक्तिलाई परास्त गरेरै अघि बढ्ने बताउनुले दुवै पक्षबाट प्रत्यक्ष वा परोक्षरुपमा एक-अर्कालाई घुर्की देखाइएको हो कि भनेर आशंका गर्ने ठाउँ उनीहरूले नै बनाएका छन्।

दुवै पक्षका यी घुर्कीलाई अलिकति फराकिलो पारेर हेर्ने हो भने, उनीहरूले बोलेका कुराहरू निराधार नै छन् भन्ने पनि होइन। किनकि माओवादीले सरकार गठनमा सहयोग गरेन भने फोरमको सहयोगमा सरकार टिकाइराख्न सकिने विश्वास प्रधानमन्त्री ओलीको हुनसक्छ। त्यसो त फोरमलाई सरकारमा ल्याउनै नहुने भन्ने पनि होइन, माओवादी र फोरम दुवैलाई सरकारमा सामेल गराउन सकिन्छ। त्यति मात्रै होइन, वास्तवमै मधेसवादीसँगको विगतको तिक्ततालाई सुधार्ने हो भने राष्ट्रिय जनता पार्टीलाई पनि सरकारमा सामेल गराउन मार्गप्रशस्त गर्न सकिन्छ। अर्को पाटो, प्रचण्डको भनाइलाइ पनि पुष्टि गर्न सक्ने आश्वासनहरू भेटिन्छन्, नेपाली कांग्रेसले प्रचण्डको नेतृत्वमा सरकार गठन गर्न प्रस्ताव नै गरेको भन्ने सूचनाहरू पहिले नै आएका हुन्, त्यो त लोभ्याउने कुरा भयो, प्रचण्डलाई धम्क्याउने घटना पनि भएछन्, धम्क्याउनेहरूले भनेअनुसार नमाने उनीविरुद्ध माओवादी युद्धका घटनालाई लिएर अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दायर गर्नेसम्मका धम्की दिइएका समाचार पनि विगतमा आएकै हुन्।

त्यसैले यस्ता घुर्की र धम्कीभन्दा माथि उठेर जनअपेक्षाअनुसार मुलुकको वास्तविक समृद्धिकै लागि नेताहरू प्रतिबद्ध भएर लाग्नु आवश्यक भइसकेको छ। पार्टी एकताका लागि विशेषगरी दुवै नेताको भूमिका उत्ति नै रहने भएकाले कहीँ कुनै बहानामा पन्छाउनु वा पन्छिनु भूल हुनेछ। स्थानीय, प्रादेशिक र संघीय, तीनै तहको निर्वाचनमा संयुक्तरुपमा घोषणापत्र जारी गर्नेदेखि आमसभा, बैठक र चुनावी प्रचारप्रसारमा सँगसँगै खटिएका नेता-कार्यकर्तालाई निराश नपार्नका लागि शीर्ष नेताहरूले आ-आफ्नो दायित्व पूरा गर्नु आवश्यक छ, आपसी विश्वास सहमतिका कागजमा सही गरेर वा भाषण गरेर मात्रै हुँदैन, व्यवहारमा देखाएर टाढिएका मनहरूलाई जोड्न सकेमात्र स्थापित हुन सक्छ। राजनेता बन्न त्यतिले मात्रै पनि पुग्दैन, समग्र मुलुक र जनतालाई समेटेर समृद्धिको मार्गमा डोऱ्याउने सोच र दृष्टिकोण निर्माण गर्दै त्यसलाई पूरा गर्नका लागि अभियान नै सञ्चालन गर्न सक्नुपर्दछ। अर्को कुरा, त्यस स्तरका नेताहरूले आफ्नो वरपरका व्यक्तिवादी चिन्तन र गुटगत स्वार्थभन्दा माथि उठेर त्याग तथा समर्पण प्रदर्शन गर्न सके भने मात्र उनीहरू वास्तविकतामा नै नेता कहलाइन्छन्।

वाम गठबन्धनकै बलमा विजय भएर यतिखेर २ नं. प्रदेशबाहेक सबै प्रदेशमा संयुक्त संसद् र सरकार निर्माण भएका छन्, अघिल्ला निर्वाचनहरूमा दोस्रो, तेस्रो स्थानमा चित्त बुझाउनुपर्ने एमाले र माओवादी यसपटक पहिलो र दोस्रो बन्न सफल भएका छन्। वास्तवमै देशलाई समृद्धिको मार्गमा डोऱ्याउने नारा दिएर आएका यी दलहरूले घोषणापत्रमा उल्लेख गरिएकामध्ये ५० प्रतिशत मात्रै काम गरेर देखाउन सके भने पनि जनताको वाहवाही बटुल्न सक्नेमा ढुक्क भए हुन्छ। यहाँ त समस्यै के भयो भने, निर्वाचन जित्नका लागि निकै कर्णप्रिय नाराहरू लगाउने तर जितेपछि कार्यान्वयन पक्ष एकदम फितलो, अर्थात् काम नै नगर्ने रोग नेताहरूमा रहेको पाइन्छ। वाम गठबन्धनको विजय अहिले देशभित्रका विपक्षी दलहरूलाई मात्र होइन, बाह्य शक्तिको टाउको दुखाइको विषय भएको छ। यो कहीँ चानचुने उपलब्धि हो? यति ठूलो उपलब्धि हासिल गरेका दलका नेताहरूले यसलाई जोगाउनुपर्छ। जनताले ठूलो विश्वास र भरोसाका साथ चुनेर पठाएपछि जुन बाचाबन्धन गरेर त्यस स्थानमा पुगिएको थियो, त्यसलाई एकरति नबिराई पूरा गर्न हरपल दिलोज्यान दिएर खट्नुपर्दछ।

एमाले र माओवादी केन्द्र एक भएपछि बन्ने नेपाल कम्युनिस्ट पार्टीको मार्गदर्शक सिद्धान्त के हुने भन्ने विषयलाई यतिखेर जुँगाको लडाइँ बनाइँदै छ भन्ने हल्ला मच्चाइएको छ। एमालेले पार्टीका तत्कालीन महासचिव मदन भण्डारीद्वारा परिभाषित तथा व्याख्या गरिएको जनताको बहुदलीय जनवाद (जबज) लाई मार्गदर्शक सिद्धान्तका रुपमा स्थापित गर्नुपर्ने अडान केही नेताहरूले राखेको बताइन्छ। नेकपा एमालेको पाँचौं महाधिवेशन (२०४९ माघ) बाट पारित नेपाली क्रान्तिको कार्यक्रमरुपी जनताको बहुदलीय जनवाद अर्थात् जबज मार्क्सवादमा आधारित नयाँ जनवादी कार्यक्रमको विकल्पमा ल्याइएको दस्ताबेज हो। यसको सारतत्व बहुलवाद र खुल्ला समाज हो। यो क्रान्ति अर्ध-सामन्ती एवं अर्ध-औपनिवेशिक मुलुकमा सकेसम्म शान्तिपूर्णरुपले गरिने जनवादी क्रान्ति हो। सोही कारण कम्युनिस्ट कट्टरपन्थीहरूले मदन भण्डारीलाई संशोधनवादी भनेर आलोचना पनि गर्न पछि पर्दैनन्। यदि एक्काइसौं शताब्दीमा पनि जडसूत्रवादी नीति लिएर हिँड्ने हो भने तिनका पछाडि कति कार्यकर्ता लाग्लान्? वर्तमान सन्दर्भमा त्यसको उत्तर जबजले दिन सक्छ भन्ने तर्कहरूलाई पनि समय सुहाउँदो विश्लेषणका रुपमा लिन सकिन्छ।

त्यस्तै माओवादी केन्द्रका केही नेताले एकीकरणपछि पार्टीको मार्गदर्शक सिद्धान्तका रुपमा माओवादकै विकसित रुप २१औं शताब्दीको जनवादलाई मान्नुपर्ने भन्ने आवाज पनि उठाएको बताइन्छ। स्वाभाविक नै हो, आफ्नो क्रान्ति जुन जगबाट उठाइएको थियो, त्यसैलाई मार्गदर्शक सिद्धान्त मान्नुपर्दछ भन्ने माग राख्नु अनुचित नै भन्न सकिँदैन। यद्यपि यसलाई व्यापकरुपमा विचारविमर्श गर्नुपर्ने खाँचो छ। चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओ त्से तुङद्वारा प्रतिपादित विचारलाई विश्वभर माओवादका रुपमा व्याख्या गरिएको पाइन्छ, जबकि माओ आफैंले माओ विचारधारा नामकरण गरेका थिए। यसको सार भनेको अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक मुलुकमा सर्वहारा किसान तथा मजदुरको मुक्तिका लागि गरिने सशस्त्र क्रान्ति हो। केही समयअघि एमालेका उपमहासचिव घनश्याम भुसालले एमाले र माओवादी केन्द्रका आन्दोलनको चरण पूरा भएको र एकताको लागि आधार तयार भएको धारणा यिनै पक्षहरूलाई जोडेर व्याख्या गरेका थिए। जबज र माओवाद दुवैको लक्ष्य समाजवाद र उनीहरूले गरेका क्रान्तिको जग मान्दा धेरै कुरामा मेल खान्छ। फरक यति मात्र हो, जबजले शान्तिपूर्ण आन्दोलनलाई जोड दिएको छ भने माओवादले माओले चीनमा (सन् १९६६-१९७६ सम्म) नेतृत्व गरेको महान् सर्वहारा सांस्कृतिक क्रान्तिको जगमा थालिएको सशस्त्र संघर्षलाई जोड दिएको छ।

त्यसैले निचोडमा अब कसैले पनि पदका लागि बार्गेनिङ गर्ने अन्तर्निहित उद्देश्यका साथ सिद्धान्तलाई भजाउँछ भने समयले नै उसलाई पछि पार्नेछ। यतिखेर वरिष्ठ नेताहरूको व्यवस्थापन गर्ने, गुटगत स्वार्थ र व्यक्तिवादी चिन्तनलाई तिलाञ्जली दिने र जडसूत्रवादी सोचलाई परास्त गर्दै मुलुक र जनताको हितका लागि यथोचित कदम चाल्न ढिलो गर्नुहुँदैन। यसका लागि एमाले नेतृत्वले आफ्नो दलका नेताहरूको सहयोगमा माओवादी केन्द्रका नेता तथा कार्यकर्ताहरूलाई साझा लक्ष्य पूरा गर्न प्रेरित गर्दै समेट्न सकेमा वास्तविकतामै एकता हुन सक्छ। प्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, वरिष्ठ नेताहरू माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठलगायत दुवै दलले निरन्तर पहल गरी पार्टी एकता गर्ने तथा मुलुकलाई समृद्धिको बाटोमा डोऱ्याउनका लागि नयाँ सरकारमार्फत प्रभावकारी कार्यक्रमहरू निर्धारण गर्न सकेमा मुलुकले स्थिर सरकार पाउनेछ, वर्तमान अवस्थामा जनअपेक्षा पनि यही हो।

badript@gmail.com

## पाठक पत्र

### पार्टी एकता कहिले?

पार्टी एकता नै गर्ने भन्दै गठबन्धन बनाएर चुनावमा होमिएका नेकपा एमाले र माओवादी केन्द्रले अझैसम्म पनि पार्टी एकतालाई टुङ्गोमा पुऱ्याउन सकेका छैनन्। प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको मतपरिणाम गठबन्धनका पक्षमै देखियो। देशभर चुनावी उभार देखियो पनि। प्रधानमन्त्री पनि एमाले अध्यक्ष ओली बन्नुभयो। तर पनि पार्टी एकता भने अझैसम्म हुन सकेको छैन।

केही समय त नेताहरूले राष्ट्रिय सभाको निर्वाचनको मतपरिणामको विषयलाई लिएर पार्टी एकताको कामलाई लम्ब्याउने कोशिश गरेका थिए। तर, निर्वाचन परिणाम सार्वजनिक भएपछि जुनरुपमा पार्टी एकताका लागि नेताहरूले समय दिनुपर्ने थियो, त्यो नहुँदा आशंका गर्नेहरूले मौका पाए। केही नेताले आफूलाई केन्द्रमा राखेर अभिव्यक्ति पनि दिन थाले। चुनावको भोलीपल्ट नै पार्टी एकता गर्ने भनेर चुनावमा विकासका सपना देखाइएको थियो। तर, चुनाव सकिएको दुई महिनापछि पनि पार्टी एकता हुन नसक्दा एकताको विषय शंकाको घेरामा फसेको छ। पार्टी एकताका लागि गठित एकता संयोजन समितिको बैठकसमेत बस्न सकेको छैन। जसले आशंका गर्नेहरूलाई मलजल पुगेको पनि पुगेको देखिएको छ।

नयाँ सरकार गठनअघि नै सरकार बनाउने भनेर पटक-पटक 'वान टु वान' वार्ता गरेका प्रचण्ड र ओलीले खै के गरे वार्तामा? नयाँ सरकार गठनको प्रक्रिया त अगाडि बढिसक्यो, पार्टी एकता कहिले हुन्छ? अझै अत्तोपत्तो छैन। माओवादीले (माओ) कुरामा आफ्नो छुट्टै अडान राखेको छ भने एमालेको (जबज) को अडान, अनि कसरी हुन्छ पार्टी एकता? पार्टी एकता बढीमा वर्षभित्र टुंग्याइसक्नुपर्ने माओवादीको मत छ भने एमाले एकता हुन दुई-तीन वर्ष लाग्न सक्ने बताउँछ। हैन यो अबको पाँच वर्षपछाडि त फेरि अर्को निर्वाचन हुन्छ? के पार्टी एकताको नाममा एक वर्ष, दुई वर्ष भनेर झुलिरने?

*– रामप्रसाद कोइराला, स्याङ्जा*
*हाल : चावहिल, काठमाडौं*

### काठमाडौंमा फोहोरको समस्या अत्यधिक

आजका दिनहरूमा हाम्रो देशको राजधानी काठमाडौंमा फोहोरको समस्या तीव्ररुपमा फैलिरहेको छ। फोहोरको व्यवस्थापन हुन नसकेका कारण टोलैपिच्छे दुर्गन्धित छ। नगरपालिकाको गाडी समयमा नआउने र आए पनि थाहा नहुने कारणले काठमाडौंमा धेरै फोहोर जम्मा भएको पाइन्छ। फोहोरको व्यवस्थापन हुन नसक्दा मानिसले जथाभावी फोहोर मिल्काएको पाइन्छ। यस विषयमा मेयर हुनुभएका विद्यासुन्दर शाक्यले विशेष ध्यान दिएर काम गर्नुपर्ने देखिन्छ। चुनावअगाडि काठमाडौं महानगरपालिकालाई स्वच्छ र सफा बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएका उहाँले अहिले कानमा तेल हालेर बस्नुभएको छ भन्दा पनि केही फरक नपर्ला।

यसको दिगो समाधान खोज्न पनि जरुरी छ। बढ्दो जनसंख्याले यो समस्या दिनानुदिन जटिल बन्दै गएको छ। सरकारले पनि ठूला शहर र महानगरलाई मध्यनजर गरेर यस विषयमा नयाँ केही कार्यक्रम ल्याउन जरुरी छ।

हालै नियुक्त हुनुभएका वातावरणमन्त्री लालबाबु पण्डितज्यूलाई पनि म यस विषयमा गम्भीर भएर सोच्न आग्रह गर्न चाहन्छु। अब जति दुःख खेप्नुपर्ने हो हामीले खेपिसक्यौं। अब विभिन्न बहानाबाजीमा सडक खनेर धूलो उडाउन पाइँदैन। जसले नियम तोड्छ, उसलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने मेरो भनाइ हो।

*– अनुप केसी, काठमाडौं*

### जलविद्युत्, आर्थिक विकासको मूल आधार

नेपाल जलस्रोतका हिसाबले विश्वमै दोस्रो स्थानमा छ। नेपाल जलविद्युत्का हिसाबले निकै ठूलो सम्भावना बोकेको मुलुक हो। नेपालमा रहेका हजारौं नदीनालाबाट जलविद्युत् आयोजनाहरूको सम्भावना व्यापक रहेको हामी सबैलाई थाहा भएकै कुरा हो। यसको सम्भाव्यता अध्ययन गरेर नेपाललाई आर्थिक हिसाबले समृद्ध बनाउन सकिन्छ। सरकारले प्रत्येक वर्षको बजेट विनियोजनमा यो शीर्षकमा पनि मुख्य प्राथमिकतामा राखेर बजेट विनियोजन गर्न जरुरी छ। अध्ययनका लागि बजेट यकिन नभए पनि प्रत्यक वर्ष एउटा-एउटा मात्रै पनि आयोजना सम्पन्न गर्न सके नेपालले आर्थिक विकासमा ठूलो फड्को मार्न सक्ने सम्भावना देखिन्छ।

सरकारले तयार पारेको वार्षिक विकास कार्यक्रममा नै बजेटको व्यवस्था गरिनुपर्छ। यस विषयमा अबको नयाँ सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। नेपालका नदी, वनजंगल मात्र हैन, प्रकृतिले धेरै कुरामा धनी बनाएको छ। खानी उत्खनन गरे मात्रै पनि नेपाललाई आर्थिक उन्नतिको उच्च शिखरमा पुऱ्याउन सकिन्छ। नेपालले बर्सेनि अर्बौंको विद्युत् खरिद गरेको हुन्छ। नेपालमै विद्युत् उत्पादन गर्न सकेमा विद्युत् बेचेर देशको आर्थिक उन्नतिसँगै अन्य कुराहरूको निर्यात गर्न सकिन्छ।

जलविद्युत् मात्र नभई थुप्रै पर्यटकहरूको आगमन गराउन सकिन्छ। यसले गर्दा विदेशी मुद्राहरू पनि भित्रिने सम्भावना देखिन्छ। त्यसैले अबको सरकारले यस विषयलाई मध्यनजर गर्दै आर्थिक विकासतर्फ अगाडि बढोस्।

*– प्रविन न्युउरे, बाग्लुङ*

## सामाजिक सञ्जाल



मन्त्री बनेका मान्छे नियम कानुन बनाउन र कार्यान्वयनमा कडाइ गर्नुको सट्टा कुचो बोकेर सडक बढार्न निस्किए भने वातावरण सुध्रिन कुनै ट्याम नै लाग्दैन? त्यसैले मन्त्री हैन कुचीकार थपौं सिंहदरबारमा।

**Ananta Koirala**
**@anantabrt**



सरकार बनाउने शुरुवातमा नै वामनेताहरूले विदेशी, ठेकेदार र मेडिकल माफियाहरूसँग गोप्य उठबस गर्न रूचाएपछि राष्ट्रको सुरक्षा र सार्वभौमिकता कहाँ पुग्ला? हाम्रो देश भ्रष्टाचारमुक्त हुन सक्ला? समयमा नै सचेत गराउन शुभचिन्तकहरु बोल्ने कि?

**Chandra Bhandari**
**@chandragulmi9**

ईपीजीको बैठकले विगतमा भएका द्विपक्षीय बैठक र छलफलको समीक्षा गर्दै प्रतिवेदन लेखनका लागि मस्यौदा आदान-प्रदान गर्ने बताइएको छ। समूहलाई तोकिएको २ वर्षे कार्य अवधि आगामी असार तेस्रो साता सम्पन्न हुने भएकाले बैठक विस्तृत प्रतिवेदन तयार पार्ने कार्यमा केन्द्रित हुने नेपाली पक्षले जनाएको छ।



# नेपाल

## ईपीजी बैठक शनिबार र आइतबार

काठमाडौं, (नेस)

नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को सातौं बैठक यही शनिबार र आइतबार काठमाडौंमा हुने भएको छ।

यो बैठकले विगतमा भएका द्विपक्षीय बैठक र छलफलको समीक्षा गर्दै प्रतिवेदन लेखनका लागि मस्यौदा आदान-प्रदान गर्ने बताइएको छ। समूहलाई तोकिएको २ वर्षे कार्य अवधि आगामी असार तेस्रो साता सम्पन्न हुने भएकाले बैठक विस्तृत प्रतिवेदन तयार पार्ने कार्यमा केन्द्रित हुने नेपाली पक्षले जनाएको छ।

यसअघिका प्रायः हरेक बैठकमा सन् १९५० को शान्ति तथा मैत्री सन्धि, जलस्रोत, खुला सीमा व्यवस्थापन, व्यापार, पारवहनलगायतका विषयमा छलफल भएको छ। १९५० को सन्धि पुनरावलोकन गर्न यसअघि नै भारतीय पक्ष लचक भइसकेको छ। गत पुस अन्तिम साता भारतको दिल्लीमा ६औं बैठकमा भारतीय पक्ष सो सन्धि पुनरावलोकन गर्न सकारात्मक बनेको हो।

सातौं बैठकमा सहभागी हुन भारतीय पक्ष संयोजक भगतसिंह कोसियारी नेतृत्वको टोली आगामी शुक्रबार काठमाडौं आउने भएको छ। यसअघि काठमाडौंमा भएको पाँचौं बैठकमा स्वास्थ्यका कारण जनाउँदै अनुपस्थित रहनुभएका भारतीय पक्षका सदस्य जयन्त प्रसादसमेत यो बैठकमा सहभागी हुने काठमाडौंस्थित ईपीजी सचिवालयले जनाएको छ।

### पूर्वमन्त्री बोहराको हर्कत

## विभागमा सरुवा गरेका डा. श्रेष्ठ हाजिर हुनै मानेनन्

भगवती तिमल्सिना, काठमाडौं

आफ्नो इच्छाविपरीत स्वास्थ्य सेवा विभागमा महानिर्देशकको रूपमा सरुवा गरिएको भन्दै स्वास्थ्य मन्त्रालयका प्रमुख विशेषज्ञ रहनुभएका डा. विनोदमान श्रेष्ठले असन्तुष्ट व्यक्त गर्दै आइतबार विभागमा हाजिर हुनै जानुभएन।

गत सोमबार विदेश भ्रमणमा जानुभएका डा. श्रेष्ठ शुक्रबार विदेशबाट फर्किनुभएको हो। स्वास्थ्यमन्त्रीको अन्तिम घडीसम्म स्वास्थ्यका उच्च ओहदामा कार्यरत प्रमुखहरूलाई सरुवा गरेर आफ्नो खुबी देखाएर बाहिरिनुभएका तत्कालीन स्वास्थ्यमन्त्री दीपक बोहराले गत बुधबार स्वास्थ्य सेवा विभागको महानिर्देशक पदमा सरुवा गर्नुभएको थियो।

डा. श्रेष्ठले मन्त्रालयबाट विभाग सरुवा गरेको विषयमा असन्तुष्टि व्यक्त गर्दै भन्नुभयो- 'मलाई पहिला नै विभागमा सरुवा जाने विषयमा सोधनी भएको र आफूले अनिच्छा व्यक्त गर्दागर्दै सरुवा गरिएको रहेछ।' आफू शुक्रबार मात्र काम विशेषले विदेशबाट फर्किएको र घरायशी काममा व्यस्त भएकाले महानिर्देशकको पद बहालीका लागि आइतबार मन्त्रालय जान नसकेको बताउँदै अर्को दिन जाने/नजाने कुनै सोच बनाइनसकेको बताउनुभयो।

गत पुस ३० गते मन्त्री बोहराले ११औं तहमा रही एक वर्षअघि गगन थापा स्वास्थ्यमन्त्री भएको समयमा स्वास्थ्य सेवा विभागको महानिर्देशकको जिम्मेवारी पाउनुभएका डा. राजेन्द्र पन्तलाई जसरी पनि हटाउने हठमा उत्रनुभएका मन्त्री बोहराले दुई दिनअघि अदालतको अन्तरिम आदेशअनुसार डा. पन्तलाई महानिर्देशमा पुनर्बहाली गरी हाजिर गराएर २ दिनपछि हटाउने निर्णय गर्नुभएको हो।

डा. श्रेष्ठ १२औं तहको स्वास्थ्यकर्मी भएकाले डा. पन्तले मन्त्रीको निर्णयविरुद्ध सर्वोच्चमा मुद्दा लडी अन्तरिम आदेशअनुसार पुनर्बहाली हुनुभएकोमा प्रतिशोध लिनकै लागि उमेर हदका कारण एक महिनापछि अवकाश पाउन लाग्नुभएका डा. श्रेष्ठलाई नियुक्ति दिने निर्णय गरेर मन्त्री पदबाट बाहिरिनुभएको थियो। डा. पन्त विभाग फर्किएपछि पूर्वस्वास्थ्यमन्त्री बोहराले यही फागुन २ गते मन्त्रीस्तरीय निर्णय गर्दै विभागमा महानिर्देशकमा १२औं तहका डा. श्रेष्ठलाई सरुवा गर्ने निर्णय गर्नुभएको थियो।

पूर्वमन्त्री बोहराले डा. श्रेष्ठलाई मात्र हैन जाँदाजाँदै सोही दिन राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निर्देशक बद्रीबहादुर खड्कालाई मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र पथलैया बारा पठाई सुनीलराज शर्मालाई सूचना केन्द्रको निर्देशक बनाउने निर्णय गर्नुभएको छ।

## प्रकाशमानद्वारा देउवाको आलोचना

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले प्रजातन्त्रका लागि लडेको आफ्नै पार्टीभित्र आन्तरिक प्रजातन्त्रको अभ्यास नै नभएको बताउनुभएको छ। सभापति देउवाले पार्टीलाई विधि र नियमसंगत् तरिकाले सञ्चालन गर्न नसकेको आरोप लगाउँदै उहाँले सभापतिले विधानविपरीत काम गर्दा हालै सम्पन्न निर्वाचनमा पार्टीले नराम्रो हार व्यहोर्नुपरेको पनि बताउनुभएको छ।



'पार्टी सभापतिले विधानअनुसार २ महिनाभित्र गरिसक्नुपर्ने काम गरेको भए गत निर्वाचनमा कांग्रेसले लज्जास्पद हार व्यहोर्नुपर्ने थिएन', प्रजातन्त्र दिवसको अवसरमा प्राविधिक विद्यार्थी परिषद्ले सोमबार आयोजना गरेको कार्यक्रममा नेता सिंहले भन्नुभयो- 'सभापतिले पदाधिकारी मनोनित गरी केन्द्रीय कार्यसमितिलाई पूर्णता दिनुका साथै पार्टीको आन्तरिक संगठानिक संरचनालाई पूर्णता दिएको भए कांग्रेसले यो खालको हार व्यहोर्नुपर्ने थिएन।'

प्रजातान्त्रिक आन्दोलनमा नेपाली कांग्रेस र वर्तमान अवस्थामा प्राविधिक विद्यार्थीको भूमिका' विषयक कार्यक्रममा बोल्दै नेता सिंहले पार्टी विधि, विधानअनुसार चल्न नसक्दा कमजोर हुँदै गएको बताउनुभएको हो। आफ्नो भनाइ राख्ने क्रममा धेरैजसो समय सभापति देउवाको आलोचना गर्न समय खर्चिनुभएका नेता सिंहले भन्नुभयो- '१३औं महाधिवेशन सम्पन्न भएको यति धेरै समय बित्दासमेत पार्टीभित्र पदाधिकारी, विभाग र केन्द्रीय समितिको विस्तार हुन नसक्नु दुःखद कुरा हो।' कांग्रेसको २०७२ फागुन अन्तिम साता सम्पन्न महाधिवेशनबाट देउवा पार्टी नेतृत्वमा निर्वाचित हुनुभएको थियो।

सो अवसरमा कांग्रेस नेता सिंहले एकतन्त्रीय राणा शासनलाई परास्त गरेर जनताको शासन स्थापना गर्न कांग्रेसको ठूलो भूमिका रहेको भन्दै कांग्रेसको पुरानो विरासत जोगाउन आवश्यक रहेको पनि बताउनुभएको थियो। संसदीय दलको नेतामा समेत सभापति देउवालाई सर्वसम्मत हुन नदिने बताउँदै आउनुभएका नेता सिंहले संसदीय दलको नेतामा सभापतिको विकल्पबारेमा पनि छलफल भइरहेको बताउनुभएको थियो। प्रतिनिधिसभामा कुल ६३ जना सदस्य रहेको कांग्रेसभित्र संसदीय दलको नेतामा सभापति देउवाले नै हुने बताइँदै आएको छ। संसदीय दलमा सभापति निकटका सांसदहरूको वर्जश्व रहेको छ।

## क्यान्सर न्यूनीकरणमा जोड

भक्तपुर, (नेस)

क्यान्सर रोग नियन्त्रण गर्न क्यान्सरसँग सम्बन्धित निकायका साथै सबै पेसा, वर्ग, व्यवसाय र समुदायलगायतका क्षेत्रले जिम्मेवारीवहन गर्न सके क्यान्सर रोग न्यूनीकरण हुनेमा सरोकारवालाले जोड दिएका छन्। नेपालमा दिनानुदिन भयावह बन्दै गइरहेको क्यान्सर रोगका कारण र यसबाट बच्ने उपायका बारेमा चेतना अभिवृद्धि गर्न सबै पक्षको ऐक्यबद्धता हुन सके क्यान्सर रोग न्यूनीकरणमा टेवा पुग्ने विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूले जोड दिएका हुन्।

नेपाल अर्बुद रोग निवारण संस्था भक्तपुरले आयोजना गरेको विकासोन्मुख देशमा क्यान्सर नियन्त्रणको समस्या विषयक अन्तरक्रिया कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर डा. ऋषिकेशनारायण श्रेष्ठले भक्तपुरमा दैनिक ७ देखि ९ जना क्यान्सर रोगका बिरामी नयाँ दर्ता हुने गरेको बताउँदै दैनिक २-३ जनाको मृत्यु हुने गरेको जानकारी दिनुभयो। उहाँले नेपालका ८० प्रतिशत मानिसमा क्यान्सरका जीवाणु रहेको हुन सक्ने भन्दै समय-समयमा स्वास्थ्य जाँच गर्नुका साथै दैनिक खानपान, आनीबानी सुधार गर्ने र व्यायाम गर्नुपर्नेमा जोड दिनुभयो। डाइरेक्टर श्रेष्ठले समयमै क्यान्सर रोगको उपचार गरेमा रोग निको हुन्छ भन्ने ज्ञान आम नागरिकमा नभएकाले अझै पनि क्यान्सर भन्ने बित्तिकै डर र त्रास बढ्ने गरेको बताउनुभयो।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्रले क्यान्सरलगायतका अन्य विभिन्न स्वास्थ्यसम्बन्धी तालिम र शिक्षाको वातावरण उपलब्ध गराउँदै आइरहेको जानकारी दिनुभयो। उहाँले हाल चाँगुनारायण नपामा १ सय ७७ जना क्यान्सर रोगी रहेको र क्यान्सर रोगीलाई नगरपालिकाले सहयोगका रूपमा १० हजार रुपियाँ दिँदै आएको बताउनुभयो। अन्तरक्रियामा त्रिभुवन विश्वविद्यालयका पूर्वडीन पृथुचरण वैद्यले मानिस किताबी ज्ञानभन्दा बढी सामाजिक सञ्जालमा निर्भर हुँदै गइरहेको बताउँदै सामाजिक सञ्जालले शिक्षा क्षेत्रमा सकारात्मक र नकारात्मक दुवै भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो। वैद्यले मानिस शिक्षा र स्वास्थ्य दुवै सन्दर्भमा केही जान्नु वा समस्याको समाधान गर्नुपरेमा सम्बन्धित व्यक्तिहरूसँग भन्दा पनि सञ्जालमा अरू व्यक्तिहरूले लेखिएको पढेर आफ्नो व्यक्तिगत जिन्दगीमा ती कुराहरू अपनाउने गर्ने गरेको बताउनुभयो।

कार्यक्रममा सञ्चारकर्मी सोम शर्मा (बजगाईं) ले सेवा दिन खोलिएका सरकारी तथा निजी अस्पतालहरूमा 'सेवा' भन्दा बढी 'व्यापार' गर्ने परिपाटीको विकास हुँदै गएकाले स्वास्थ्य आम नागरिकको पहुँचभन्दा बाहिरको विषय बन्दै गएको बताउनुभयो। स्वास्थ्यमा नागरिकको सहज पहुँच पुग्ने ढंगबाट सेवा दिने गरी राज्यले जिम्मेवारी लिनुपर्नेमा उहाँले जोड दिनुभयो। स्वास्थ्यसम्बन्धी सचेतना फैलाउन होस् वा जानकारी प्रवाह गर्दा होस् रोगको कारण, उपचार विधि र उपकरणका बारेमा सरल भाषाको प्रयोग हुन सके आम नागरिकलाई बुझ्न सजिलो हुने सञ्चारकर्मी शर्माले उल्लेख गर्नुभयो।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Mid-Western Regional Road Directorate

**Division Road Office, Surkhet**

**Invitation for Sealed Bids**

**Notice No.: 6/074/75**

Date of Publication: 2074/11/08 B.S. (2018/02/20 AD)

1. Ministry of Physical Infrastructure and Transport; Department of Roads; Mid-Western Regional Road Directorate, Division Road Office, Surkhet invites sealed bids or electronic bids from eligible bidders for the construction of following works.

| Bid Identification Number | Description of work | Price of bid document (NRs) | Bid security amount (NRs) | Estimated Amount excluding VAT (NRs.) |
|---|---|---|---|---|
| DROSKT/337356-4/074/75-44 | Rehabilitation Works on Surkhet-Jumla Road, Dailekh (Chainage: 45+000km to 132+000km) | 3,000.00 | 19,70,000.00 | …………. |
| DROSKT/337335-3/074/75-45 | Construction of Slab Culvert over the Bharul Khola along Ambasa-Danuwatal -Telpani- Surkeht Road. ( 01+650 chainage start from Ratna Highway ) | 3,000.00 | 100,000.00 | 28,54,406.28 |

| | |
|---|---|
| Last date and time of purchase of bid document | Up to 2018/03/21AD, 17:00 Hr |
| Last date, time and place of bid submission | Up to 2018/03/22AD up to 12:00 Noon |
| Date, time and place of bid opening | 2018/03/22AD, 13:00 Hr, Division Road Office, Surkhet. |
| Date, time and place of pre bid meeting | 2018/03/13AD, 13:00 Hr, Division Road Office, Surkhet. |
| Account No. for bid purchase:- Rastriya Banijya Bank, Surkhet, A/C No. 11007; Office Code: 64-337-04, Division Road Office, Surkhet, Revenue Heading No.: 14227; District Treasury Controller Office(Ko.Le.Ni.Ka.), Surkhet.(mention purpose of deposit stating contract No. clearly). | |
| Account No. for bid security: Deposit Account No. 4080203000000 of District Treasury Controller Office, Surkhet or Bank Guarantee issued by "A" class commercial bank. Office Code: 64-337-04, Division Road Office, Surkhet (mention purpose of deposit stating contract No. clearly) | |

2. Please visit https://bolpatra.gov.np/egp/ for detail information.

Division Chief



सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**कर्कट** : राज्यबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, व्यापारिक लाभ, यशवृद्धि।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, मान-सम्मान, समस्याको समाधान।
**तुला** : द्रव्य लाभ, परीक्षा प्रतियोगितामा विजय, गौरव वृद्धि, सुख-सन्तोष।
**वृश्चिक** : धन प्राप्ति, सुख-सन्तोष, गरेका कार्य सफल, सन्तुष्टि।
**धनु** : पेटमा गडबडी, दौडधुप, परिवारमा विवाद, दिनचर्या अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मानित हुने अवसर, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : आर्थिक लाभ, शुभ खबर, मित्रजनबाट सहयोग, आत्मसन्तुष्टि।
**मीन** : खाद्यान्न प्राप्ति, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।

# नेपाल

बिरामी तथा वृद्धवृद्धाका लागि सरकारले गरेको निर्णय ठूलो राहत भएको भन्दै कांग्रेस रुपन्देहीले तदारुकताका साथ यो निर्णयलाई तत्काल कार्यान्वयनमा लैजान सरकार तथा सरोकारवाला निकायहरूसँग माग गरेको हो।

## सदरमुकामको विषयमा आन्दोलन

धनवीर दाहाल, रुकुम

सदरमुकाम सार्ने सरकारको निर्णयको विरुद्धमा विगत २५ दिनदेखि रुकुमकोटमा भइरहेको आन्दोलन झन् चर्किंदै गएको छ। माघ ११ गते सरकारले रुकुमकोटबाट पुथाउत्तरगंगा गाउँपालिकाको गोलखारामा सदरमुकाम सार्ने निर्णय गरेपछि रुकुमकोटमा निरन्तर आन्दोलन भइरहेको छ।

शनिबार २५औं दिन रुकुमकोटमा विरोध प्रदर्शन गरिएको छ। आन्दोलन सरकारको निर्णय फिर्ता नभएसम्मका लागि जारी रहने संघर्ष समितिका संयोजक नन्दलाल शर्माले बताउनुभयो।

यसैबीच रुकुम पूर्वको सदरमुकाम पुथाउत्तरगंगा गाउँपालिकाको गोलखाडामै हुनुपर्छ भन्दै पुथाउत्तरगंगाबाट जम्बो टोली राजधानी काठमाडौं पुगेको छ। सो टोलीले सदरमुकामको रूपमा पुथा उत्तरगंगा गाउँपालिका वडा नं १२ को गोलखाडालाई कार्यान्वयन गर्न सरकारलाई दबाब दिन काठमाडौंमामा र्‍याली निकालेको हो। गत असोज २० गतेबाट रुकुम पूर्वले छुट्टै जिल्लाको रूपमा कामकाज शुरू गरेको हो।



सदरमुकाम गोलखाडा सार्ने सरकारको निर्णय खारेज गर्न सर्वोच्च अदालतमा माघ १७ गते रिट दायर भएको थियो। उक्त रिटमाथि १८ गते नै आन्तरिक आदेश जारी गर्दै सरकारको नाममा निर्णय तत्काल कार्यान्वयन नगर्न र कारण पेस गर्न अल्पकालीन अन्तरिम आदेश जारी गरिएको थियो। मंगलबार सर्वोच्चले गर्ने फैसलाको प्रतीक्षामा रहेका गोलखाडा र रुकुमकोट दुवै आफ्नो पक्षमा फैसला आउन सक्नेमा झिनो आशा गरेका छन्।

सर्वोच्चले गर्ने फैसलाअनुरुप नै आन्दोलनको रूप फेरिन सक्ने दुवै पक्षले जनाएका छन्। गोलखाडा पक्षकाहरू भने रुकुम पूर्व हिमाली जिल्लामा सूचीकृत भइसकेपछि सदरमुकाम गोलखाडा उपयुक्त हुने बताइरहेका छन्। आफ्नो मागको हाम्रो सुनुवाइ नभए जस्तोसुकै मूल्य चुकाउन पनि पछि नहट्ने गोलखाडा पक्षका एक अगुवा पुनिराज घर्ती मगरले बताउनुभयो।

### दिवसका कार्यक्रम सधैं फिका

## ६८औं प्रजातन्त्र दिवसमा ६८ जना पनि सहभागी भएनन्

गणेश घिमिरे, इलाम

शहीदहरूको बलिदानले आएको प्रजातन्त्रको सम्मानमा आइतबार देशभर विभिन्न कार्यक्रमको आयोजना गरी प्रजातन्त्र दिवस मनाइयो। तर पछिल्लो समय राजनैतिक दलका नेताहरूको उपस्थिति अनि व्यापक सर्वसाधारणको उपस्थितिमा प्रजातन्त्र दिवस मनाउने चलन केही वर्षयता भने खुम्चँदै गएको छ।

देशको राजनैतिक परिस्थितिलगायतका कारण देशमा मनाउँदै आएको ऐतिहासिक दिवस तथा पर्वहरू विस्तारै औपचारिक मात्र हुन थालेका हुन्। यसैक्रममा इलाममा पनि प्रजातन्त्र दिवस मूल समारोह समितिले सदरमुकाममा आयोजना गरेको '६८औं प्रजातन्त्र दिवस' मा ६८ जनाको पनि उपस्थिति थिएन। जिल्लाका राजनैतिक पार्टी, संघसंस्था र सर्वसाधारणले भने प्रजातन्त्र दिवसमा कुनै औपचारिक कार्यक्रमको आयोजना पनि गरेनन्। त्यसो त सरकारले ६८औं राष्ट्रिय प्रजातन्त्र दिवसलाई भव्यरूपमा मनाउनका लागि जिल्लास्तरसम्म राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिको गठन र भव्यताका साथ प्रजातन्त्र दिवस मनाउन निर्देशनसमेत दिएको थियो। तर बिडम्बना सर्वसाधारणहरूको त परैको कुरा हो, जिल्लाका सबै कार्यालयका कर्मचारीहरूको समेत उपस्थिति थिएन।

नेपाली राजनैतिमा महत्त्वपूर्ण इतिहास बोकेको प्रजातन्त्र दिवसमा राजनैतिक पार्टी, सर्वसाधारणहरूमा जुन उत्साह देखिनुपर्ने हो त्यो देखिएन, भने सरकारी निर्देशन भएकाले कर्मचारीहरूले मान्नुपर्ने बाध्यताले मात्र प्रजातन्त्र दिवसको अवसरमा जिल्ला समन्वय समितिको सभाहलमा अन्तरक्रिया गरिएको थियो। करिब २ सय जना क्षमताको सभाहलमा अतिथिसहित करिब ४० देखि ४५ जनाको मात्र उपस्थिति थियो। न्यून उपस्थितिमा वक्ताहरूको भाषण पटचारलाग्दो बनेको थियो। लाग्थ्यो कि भाषण सुन्ने मान्छे होस् या नहोस् भाषण गर्न पाए हुन्छ। मञ्चमा उभिएर भाषण गर्ने सबैले भने- 'आगामी दिनहरूमा प्रजातन्त्र दिवसलाई भव्यताका साथ मनाउनका लागि सबै एकजुट भएर लाग्नुपर्छ।'

जिल्ला समन्वय समितिका अध्यक्ष गणेश बरालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य राम रानाले लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएसँगै राजनीतिक संक्रमणकाल समाप्त भइसकेकाले मुलुकको आर्थिक, सामाजिक रूपान्तरण अबको कार्यदिशा रहेको बताए। कांग्रेस नेता पुण्य शिवाकोटीले प्रजातन्त्र दिवसले आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिकलगायत सबै क्षेत्रमा आमूलरूपमा अग्रगामी परिवर्तन ल्याएको उल्लेख गरे। प्रजातन्त्र स्थापनाका लागि भएको संघर्षमा शुक्रराज शास्त्री, दशरथचन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठले विक्रम संवत् १९९७ साल माघमा बलिदानी दिएका थिए।

१ सय ४ वर्षीय जहानियाँ राणा शासनको विरुद्धमा जनताले आन्दोलन गरी रगत बगाएपछि राणा शासकले जनतासमक्ष घुँडा टेक्न बाध्य भई प्रजातन्त्र स्थापना भएको घोषणा गरियो। तत्कालीन राजा त्रिभुवनको घोषणापछि राणा र नेपाली कांग्रेस सम्मिलित सरकार गठन भई नेपालमा प्रजातान्त्रिक शासनकालको सूत्रपात भयो। विक्रम संवत् २००० पछि स्थापना भएका नेपाल प्रजातन्त्र कांग्रेस र नेपाली राष्ट्रिय कांग्रेसको २००६ सालमा एकीकरणपछि नेपाली कांग्रेसका संस्थापक नेता वीपी कोइरालाको नेतृत्वमा भएको सशस्त्र र निर्णायक आन्दोलनले नेपालमा २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना गरेको थियो।

## सामाजिक सुरक्षा भत्ता तत्काल लागू गर्न माग

नेपाल समाचारपत्र

बुटवल

नेपाली कांग्रेस रुपन्देहीले आफू नेतृत्वको सरकारको पालामा भएका सामाजिक सुरक्षा भत्ता निर्णय तत्काल लागू गर्न माग गरेको छ।

यसअघिको सरकारले मृगौला तथा क्यान्सर रोगी र स्पाइनल इन्जुरी भई प्यारालाइसिस भएका बिरामीहरूलाई जीविकोपार्जनका लागि भन्दै मासिक ५ हजार दिने निर्णय गरेको थियो। त्यस्तै सामाजिक सुरक्षा भत्ताअन्तरगत ७० वर्ष उमेर हदलाई घटाउँदै ६५ वर्षमै वृद्ध भत्ता दिने निर्णयसमेत भएको थियो। बिरामी तथा वृद्धवृद्धाका लागि सरकारले गरेको निर्णय ठूलो राहत भएको भन्दै कांग्रेस रुपन्देहीले तदारुकताका साथ यो निर्णयलाई तत्काल कार्यान्वयनमा लैजान सरकार तथा सरोकारवाला निकायहरूसँग माग गरेको हो।

जिल्ला सभापति अब्दुल रज्जाकको सभापतित्वमा सोमबार पार्टी कार्यालय भैरहवामा बसेको कार्यसमितिको बैठकले सामाजिक सुरक्षा भत्ता तथा जीविकोपार्जन भत्तामा कुनै कन्जुस्याँयी नगर्न वर्तमान सरकारलाई सचेत गराउँदै लागू गर्न माग गरेको हो। त्यस्तै बैठकले जिल्ला बसोबास समितिलाई तत्काल अव्यवस्थित बसोवास क्षेत्रमा आवश्यक प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गर्नसमेत आग्रह गरेको कांग्रेस रुपन्देहीका सचिव रामकृष्ण खाँणले जानकारी दिनुभयो।

सरकारले अव्यवस्थित बसोवास रहेका क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रलाई व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले बसोवास समिति गठन गरेको थियो। सरकार परिवर्तनसँगै समितिको सक्रियतामा निस्क्रियता आउनसक्ने आशंका भइरहेका बेला कांग्रेस रुपन्देहीले उक्त समितिलाई सक्रियताकासाथ काम गरी अव्यवस्थित बसोवासलाई व्यवस्थित गराउन आग्रह गरेको हो।

यस्तै बैठकले अस्वस्थ्य भई भारतमा उपचाररत नेपाली कांग्रेसका पूर्व केन्द्रीय सदस्य एवं मन्त्री रामकृष्ण ताम्राकारको स्वास्थ्य लाभको कामनासमेत गरेको छ। स्वास्थ्यमा खराबी आएपछि ताम्राकार हाल भारतको कोलकातामा उपचाररत हुनुहुन्छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०७४/१०/२७ मा जय बागेश्वरीबाट चावहिल जाने क्रममा Registration No. 717633127 को मेरो Migration Certificate हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मोबाइल नम्बर : ९८४१८६८५३० मा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम थर : विदुषी गिरी**
**ठेगाना : भिमसेनगोला मार्ग, मध्यवानेश्वर, काठमाडौं**

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुंडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

'पहिलो वर्ष खासै मुनाफा आर्जन गर्न नसकिए पनि हाल बिस्तारै परिश्रमअनुसार आम्दानी हुन थालेको छ, अझै लगानी बढाएर व्यवसाय विस्तार गर्ने सोचमा छु।'



## पुल नहुँदा जोखिम

रुकुम, (नेस)

रुकुम पूर्वको सिस्ने गाउँपालिका-३ का बासिन्दा पुल नहुँदा काठको स्याँकुबाट जोखिम मोलेर सानीभेरी नदी वारवार गर्ने गरेका छन्। रुकुमकोट, स्यालापाखालगायतका ठाउँमा जानका लागि काठको स्याँकु तर्नुपर्ने बाध्यता रहेको स्थानीय भीमबहादुर खड्काले बताए।



रुकुम पूर्वको रुकुमकोट, स्यालापाखा तथा रुकुम पश्चिमको पीपललगायतका ठाँउमा मान्छेहरू आवातजावत गर्नका लागि सिस्ने गाउँपालिका-३ पोखरामा पुल निर्माणका लागि उपयुक्त ठाउँ भएकोले सर्भे गरिएअनुसार तत्काल पुल निमार्णको काम थाल्न स्थानीयले मागसमेत गरेका छन्।

वर्षात्को समयमा वर्षेनी सानोभेरी नदीको बढ्दो बहावका कारण नदी किनारको भूभाग कटान हुँदै गएकाले उक्त बस्ती जोखिममा पनि रहेको स्थानीयको भनाइ छ। करिब १ हजार १ सय घरधुरी रहेको पोखराको बस्तीलाई दैनिकजसो वारवार गर्न पुल नभएपछि जोखिम मोल्नुपरेको हो। काठको स्याँकुबाट वारवार गर्दा बालबालिका र वृद्धवृद्धालाई झनै समस्या हुने गरेको स्थानीय ओमप्रकाश खड्काले बताए। २ वटा काठको भरोसामा नदी वारपार गर्नुपर्ने बाध्यता रहेको छ।

यस्तै भरपर्दो पुल नहुँदा आफ्नो ठाँउमा उत्पादित वस्तुको निर्यात गर्न र बाहिरबाट ल्याउनुपर्ने वस्तु आयात गर्न निकै कठिनाइ भएको पोखरावासीको दु:खेसो छ। १ वर्षअघि सो ठाउँमा झोलुंगे पुलको सर्भे गरिएको भए पनि पुल निर्माणको काममा ढिला हुँदा जोखिम मोल्नुपरिरहेको स्थानीय खिमानन्द पौडेलले बताए।

## ३ सय ५४ लाई अपांगता परिचयपत्र

इलाम, (नेस)

अपांगतासम्बन्धी ३ सातासम्म इलामका विभिन्न स्थानमा सञ्चालन गरिएको शिविरमा ३ सय ५४ जनाले अपांगता परिचयपत्र पाएका छन्। करूणा फाउन्डेसन नेपालको आयोजनामा माघ ८ गतेदेखि कोल्बुङ, श्रीअन्तु, फिक्कल, बरबोटे, चिसापानीलगायतका क्षेत्रमा शिविर सञ्चालन गरिएको थियो।

अपांगता भएका व्यक्तिलाई सेवा दिने तथा अपांग व्यक्तिहरूको पहिचान गर्ने उद्देश्यले शिविर सञ्चालन गरेको फाउन्डेसनका कार्यक्रम अधिकृत प्रदीप अधिकारीले बताए। शिविरमा ३८ जनालाई रातो, १ सय जनालाई निलो, १ सय ४९ जनालाई पहेँलो र ६७ जनालाई सेतो परिचयपत्र वितरण गरिएको थियो। रातो र निलो परिचयपत्र पाउनेले राज्यबाट क्रमश: मासिक २ हजार र ६ सय सामाजिक सुरक्षा भत्ता पाउँछन्। शिविरमा उनीहरूलाई स्वास्थ्य परीक्षणसमेत गरिएको थियो। अपांगता भएका कारण परिचयपत्र बनाउन नसकेका लागि करूणा फाउन्डेसनले उनीहरूको घरदैलोमै पुगेर परिचयपत्र उपलब्ध गराउने कार्यमा सहयोग गर्दै आएको छ।

# कर्णाली करिडोरमा गाडी गुड्यो



कालीबहादुर मल्ल, कालिकोट

समग्र कर्णालीको आर्थिक सामाजिक विकाससँग जोडिएको कर्णाली करिडोरमा गाडी गुड्दा सडकले सार्थकता पाएको अनुभूति स्थानीयमा भएको छ।

'लामो समयको प्रतिक्षापछि बल्ल गाडी पुगेको छ', अब सरर गाडीमा नै यात्रा गर्न पाइने भयो' -स्थानीय ऐमान बोगटीले भनिन्। कालिकोट जिल्लाको खुलालुदेखि बाजुरा, हुम्ला हुँदै चीनको सीमाना हिल्सा जोड्ने, नेपालकै उत्तर दक्षिण भारत र चीनलाई जोड्ने राष्ट्रिय महत्त्वको राजमार्ग कर्णाली करिडोरको ३० किलोमिटर सडकखण्डमा गाडी गुड्न सडक उपयुक्त रहेको र गाडीहरूको भाडादर कायम गरेर सार्वजनिक जिप सञ्चालनमा ल्याउन लागेको रारा कर्णाली यातायात प्रालिका अध्यक्ष हस्तबहादुर बमले बताए।

कर्णालीको 'ग्रोथ एक्सिस'का रूपमा रहेको कर्णाली करिडोरको खुलालुदेखि घाटपारीचौरसम्मको ३० किलोमिटरमा रारा कर्णाली यातायात प्रालिले यातायात सञ्चालन गर्ने भएको छ।

प्रमुख जिल्ला अधिकारीसहितको यातायात व्यवसायीको टोलीले शनिबार सडकको अनुगमन गर्दै यातायात सञ्चालन गर्ने भएको हो। रारा कर्णालीका २० वटा जिपसहित घाटपारीचौरसम्म अनुगमन टोली पुग्दा त्यहाँका स्थानीयवासी निकै उत्साहित देखिएका थिए।

कर्णालीको आर्थिक समृद्धिका साथै व्यापारिक राजमार्गका रूपमा लिइएको करिडोरको घाटपारीचौरसम्म सार्वजनिक जिप चलाउने तयारी गरिएको र पहिलो चरणमा २० वटा जिप सञ्चालनमा ल्याउने तयारी भएको बताइएको छ। विगत ११ वर्षदेखि सडक विभागले काम थालेको कर्णाली करिडोरमा करोडौं बजेट खर्चिए पनि अपेक्षित काम हुन नसकेपछि कर्णाली करिडोरको निर्माणको जिम्मा नेपाली सेनालाई दिइएको थियो। नेपाली सेनालाई २०७१ साल चैत ५ गते नेपाल सरकारको मन्त्रीस्तरीय निर्णय भई त्यसैको चैत ९ गतेबाट निर्माण कार्यको शुरुआत गरेको थियो।

कर्णाली करिडोर निर्माणको जिम्मा नेपाली सेनाले लिइको छोटै समयमा नै सडक निर्माणले तीव्रता पाएको स्थानीय रामबहादुर शाहीले बताए। 'कर्णालीको भाग्यसँग जोडिएको राजमार्गले सेनाले जिम्मा लिएपछि कामले तीव्रता पाएको छ', उनले भने- 'विगतको भन्दा काम निकै अगाडि बढेको छ।'

लालिघाटदेखि बाजुराको अर्थिंगेचौरसम्मको ६८ दशमलव ५ किलोमिटर सडकको आंशिक ट्र्याक खुल्ला हुने भएको छ। आउने आर्थिक वर्षको दोस्रो चौमासिकसम्म कर्णाली करिडोरको कालिकोटखण्ड ४० किलो मिटर ट्र्याक ओपन गरी सडक विभागलाई हस्तान्तरण गर्ने योजना रहेको छ।

कर्णाली करिडोर कालिकोटखण्ड ४० किलोमिटर, बाजुराखण्ड ४३ किलोमिटर र हुम्लाखण्ड १ सय १३ दशमलव ३४७ किलोमिटर गरी १ सय ९६ दशमलव ३४७ किलोमिटर रहेको छ। विसं २०५७ सालमा कालिकोट करिडोरको शिलान्यास गरिएको थियो। शिलान्यास भएको १५ वर्षपछि सेनाले उक्त सडक निर्माणको जिम्मा पाएको हो।

कर्णाली करिडोर खुलालु-सिमीकोटखण्डको करिब ७० किलोमिटरसम्मको सडक गाडी सञ्चालन गर्न सकिने अवस्थामा पुगेको छ। हाल लालीघाटदेखि घाटपारीचौर सम्मको ३३ किलोमिटरमा गाडी सञ्चालनमा रहेको अन्य ठाउँमा निर्माण कार्य पूरा भएको छ। भुक्काखोलाको भीर फोडेमा ७० किलोमिटरसम्मको सडक गाडी गुड्ने भएको हो।

कर्णाली करिडोरअन्तर्गत खुलालु-सिमीकोट सडकखण्डको ६६ किलोमिटर सडकखण्डको निर्माण कार्य पूरा भएको नेपाली सेना निर्माण कार्यदलका मिलन कार्कीले बताएका छन्। उनका अनुसार कालिकोटको लालीघाटदेखि घाटपारीचौर ३३ किलोमिटर र बाजुराको राताडाँडादेखि अर्थुगेचौरसम्म ३३ किलोमिटर सडक निर्माण भएको छ। अहिलेसम्म ६६ किलोमिटर कार्य पूरा भएको छ। कर्णाली करिडोर निर्माण नेपाल सरकारले १ अर्ब ४८ करोड ११ लाख १६ हजार बजेट रहेको छ। कर्णाली करिडोरको १ सय ४५ किलोमिटर खुलालुदेखि हुम्लाको सलिसल्लासम्म नेपाली सेनालाई निर्माण जिम्मा दिइएको छ भने सलिसल्लादेखि हुम्लाको सिमीकोटसम्म ५१ किलोमिटर सिमीकोट हिल्सा सडक आयोजनाको जिम्मा दिइएको छ। हिल्सा सिमीकोट सडकखण्ड पनि छोटिँदै कर्णाली करिडोरअन्तर्गतको हिल्सा-सिमीकोटखण्ड छोटिँदै गएको छ। ९५ किलोमिटर लम्बाइ भएको यो खण्डमा हिल्सादेखि दक्षिण नाम्खा गाउँपालिकाको ओखरथलासम्म १५ किलोमिटर सडकमा ट्र्याक खुलेपछि गाडी आवतजावत गर्न थालेका छन्।

सडक आयोजना प्रमुख विजयकुमार थापाका अनुसार तुम्कोटस्थित कर्णाली नदीमा यो वर्ष बेलिब्रिज निर्माण भएपछि हिल्सादेखि ओखरथलासम्म गाडी चल्न सहज भएको हो। ओखरथलामा गत वर्षमै ट्र्याक खुलिसकेको थियो। यसअघि कर्णाली नदीको पुल नबन्दा हिल्सादेखि तुम्कोटसम्म ३८ किलोमिटर मात्र गाडी गुड्ने गरेका थिए। हिल्सा सिमीकोट सडकखण्डको ९ किलोमिटर मात्र निर्माण हुन बाँकी रहेको रहेको थापाले बताए। हिल्सादेखि ओखरथलासम्म सडक खुलेपछि अहिले आधा दर्जन गाडी गुड्न थालेका छन्।

# व्यावसायिक कृषि उत्पादनमा सक्रिय हुँदै युवा

राम धामी, डडेल्धुरा



दशक लामो सशस्त्र युद्धमा कमान्डरका हैसियतले लडेका माओवादी नेता भरत धानुक 'पुकार' हाल मिलन बन्धु बाखापालन फर्म दर्ता गरी व्यावसायिक बाखापालनमा सक्रिय छन्। ३ वर्ष पहिले ५० बाखाबाट व्यवसाय शुरू गरेका उनीसँग हाल ४ सय बढी बाखा छन्।

डडेल्धुरा जिल्लाको भित्रिमधेस क्षेत्र परशुराम नगरपालिका-७ स्थित सीमान्त गाउँ साँदनीमा बाखापालनसँगै उनले सहकारीमार्फत् बंगुरपालन व्यवसायसमेत शुरू गरेका छन्। आफ्नै नेतृत्वमा सफल कृषक सहकारी संस्था स्थापना गरेर सो सहकारी संस्थामार्फत् व्यवसायिक बंगुरपालनमा उनी जुटेका हुन्। बाखापालनसँगै बंगुरपालन व्यवसाय प्रबर्द्धनका लागि उनलाई जिल्ला पशु सेवा कार्यालय डडेल्धुराले अनुदान सहयोग गरेको छ। युद्धकालीन अवस्थामा बझाङ, बैतडी र डडेल्धुरा जिल्लाको इन्चार्जको जिम्मेवारी निर्वाह गरेका धानुक कृषि उत्पादनमार्फत् आर्थिक समृद्धि हासिल गर्न सकिने बताउँछन्।

'जीवन निर्वाहका लागि थुप्रै काम गर्न सकिन्थ्यो', उनले भने- 'तर, समाजमा बेरोजगार रहेका युवाहरू र रोजगारीका लागि विदेश धाउने युवाहरूलाई उत्प्रेरित गरेर व्यवसायिक कृषि उत्पादनमा जोड दिने अभिप्रायले कृषिमा लागेको हुँ।' धानुकले भने।

१३ वर्षभन्दा बढी लामो समयदेखि भारतको गोवास्थित होटलमा नौकरी गर्दै आएका साँदनीका युवा वीरेन्द्र भण्डारीले भारत जान छाडेर हाल लक्ष्मी कुखुरा तथा बंगुरपालन फर्म स्थापना गरेका छन्। उनले सरकारको कुनै निकायबाट अनुदान प्राप्त नभए पनि स्वलगानीमा थालेको व्यवसायबाट मनग्गे आम्दानी गर्न थालेका छन्। 'व्यवसाय शुरू गरेको डेढ वर्ष जति भयो', भण्डारीले भने- 'पहिलो वर्ष खासै मुनाफा आर्जन गर्न नसकिए पनि हाल बिस्तारै परिश्रमअनुसार आम्दानी हुन थालेको छ, अझै लगानी बढाएर व्यवसाय विस्तार गर्ने सोचमा छु।'

धानुक र भण्डारी मात्र होइनन् पछिल्लो समय परशुराम नगरपालिकाका विभिन्न भारतीय सीमावर्ती बस्तीहरूमा युवाहरू व्यवसायिक कृषि उत्पादनमा सक्रिय हुन थालेका छन्। राजधानी काठमाडौं बसेर स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेका परशुराम नगरपालिका-७ बसेनीका जनक बमले गाँउमै बाखापालन फर्म खोलेका छन् भने भारतको हाइद्राबादमा जीवनको लामो समय बिताएका साँदनीकै वीरेन्द्र विष्टले ब्रोइलर कुखुराको फार्म स्थापना गरेका छन्। 'बस्ती-बस्तीमा व्यवसायिक कृषि उत्पादनका लागि युवाहरू हौसिएर सक्रिय हुन थालेका छन्', परशुराम नगरपालिकाका नगरप्रमुख भीमबहादुर साँउदले भने- 'युवाहरूले स्वरोजगारीका लागि थालेको अभियानलाई स्थानीय सरकारबाट सघाउने हिसाबले योजना तर्जुमा गरिरहेका छौं।'

परशुराम नगरपालिकाका विभिन्न बस्तीमा हाल दर्जनौं कृषि फार्म सञ्चालन गर्ने होडबाजी नै चल्न थालेको नगरपालिकाको कृषि शाखाले जनाएको छ। व्यवसायिकरूपमा जर्सी गाईपालनमा समेत युवाहरूको सहभागिता बढेको छ। परशुराम नगरपालिका-१० बेलडाँडीका अर्जुनबहादुर बोहरा गाउँमै युवाहरूको अगुवाईमा जर्सी गाईपालन व्यवसायबाट स्वरोजगारी सिर्जना हुन थालेको बताउँछन्। १० वटा जर्सी गाई पालेका बोहराले गाउँभरि १ सयभन्दा बढी जर्सी गाई रहेको बताए।

युवाहरूको कृषि व्यवसायतर्फ बढ्दो आकर्षण कायमै राख्दै कृषि उत्पादन बढाउनका लागि परशुराम नगरपालिकाले युवा केन्द्रित कार्यक्रम कार्यान्वयन गर्ने तयारी गरिरहेको जनाएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ईश्वरलाल शाक्यले काम गर्ने जोस र जाँगर भएका युवाहरूलाई व्यवसायिक विकासमा सघाउने उद्देश्यले चालू आर्थिक वर्षदेखि नै युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन गर्ने तयारी भइरहेको बताए। उनले कृषि उत्पादनको दिगो र व्यवसायिक विकासका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन गरी सब सेक्टर विश्लेषणका आधारमा काम गर्न अनुदान सहयोग गरिने जानकारी दिए।

भावपूर्ण श्रद्धाञ्जली

हजूर हाम्रो आमाको नि अमा हुनु हुन्छ, हाम्रो हृदयको कनकनमा राज गर्नुहुन्छ
हाम्रो माझमा दिव्य वाणी भएर, सदा सदा अमर हुनुहुन्छ-२



जन्म १९८९/०८/१२
स्वर्गारोहण २०७४/१०/२५

हाम्रा पूजनीय हजूर आमा **हरिदेवी फैजू** स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दछौं। साथै शोकसन्तप्त परिवारप्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं।

नातिनी/नातिनी ज्वाई, नाति/नातिनी बुहारी
पनाति/पनातिनीहरु

शारदा श्रेष्ठ/प्रकाश श्रेष्ठ
सोनिया, रोनिया, प्रसन्न
बसन्त/ संगिता भोछिभोया
सिमरन, असिम
बबी/मोजन श्रेष्ठ
मेरिसा, स्वजन
प्रमिता/अजय श्रेष्ठ
रिवाज, अनुभा

सविना स्याउला/सजित नेवा
सि.ए. नर, समृद्धि
डा. सजन लाल/आजू स्याउला
सजूकृति
सजिना/जगत श्रेष्ठ
जिबेस, जयस
अन्जू/सुरेश भद्रा
सुसन
मन्जु/अमित नासननी
नायरा

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०२२/०५/११
स्वर्गारोहण: वि.सं. २०७४/१०/२५

**स्व. सिता कुमारी सिलवाल**

यस संस्थाका कर्मचारी सुश्री सविना सिलवालकी पूजनिय माता **सिता कुमारी सिलवाल**को असामयिक निधन भएको १३ औं दिनको पूण्य तिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दु:खद घडीमा शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवान्संग प्रार्थना गर्दछौं।

ICFC
आइ. सि. एफ. सि. फाइनान्स लिमिटेड, परिवार

**नेपाल चलचित्र संघको**
**जरुरी सूचना**

नेपाल चलचित्र संघको ४५ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोराको पत्र यस अघि सम्पूर्ण सदस्यहरुलाई पठाइ सकिएको छ। यदि कुनै सदस्यलाई पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी संघको ४५ औं वार्षिक साधारणसभामा उपस्थित हुन सूचित गरिन्छ।

**मिति: २०७४ साल चैत्र ६ गते मंगलबार**
**समय: विहान ११:०० बजे**
**स्थान: बुटवल, रुपन्देही**

महासचिव
**नेपाल चलचित्र संघ**
विशालनगर, काठमाण्डौ
फोन नं:- ०१-४४३६७४५

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

# विश्व

**आलोचना**

बन्दुक समातेको तस्वीर सार्वजनिक गरे वापत अस्ट्रेलियाली विधायक जर्ज क्रिस्टेन्सनको आलोचना भएको छ।



**स्वस्तिक**

इजरायलस्थित पोलिस दूतावासको मुख्य द्वारमा स्वस्तिक चिह्न को रिएको भेटिएको छ।



2018, FEB
Tuesday
20

**विश्व २ मिनेट**

## अमेरिका

### आप्रवासीलाई झट्का

वासिङ्टन, (एजेन्सी)

अमेरिकामा प्राइमरी भिसामा काम गरिरहेका पति वा पत्नीलाई दिँदै आएको काम गर्ने अधिकार हटाउने तयारी गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पूर्वराष्ट्रपति बाराक ओबामा प्रशासनले सन् २०१५ मा काम गर्ने अधिकार प्रदान गरेको उक्त फैसला फिर्ता गर्न चाहेको छ। यदि ट्रम्पले यो कदम उठाएमा सबैभन्दा बढी भारतीय तथा चिनियाँ महिलाले रोजगारी गुमाउनुपर्ने बताइएको छ। यी दुई देशबाट आउने आप्रवासीको संख्या अत्यन्त धेरै छ र त्यसमा प्राय: पुरुष नै प्राइमरी भिसा प्राप्त छन्। ओबामा सरकारले प्राइमरी भिसामा काम गर्नेका पार्टनरलाई काम गर्ने अनुमति दिँदा कयौं समूहले त्यसको विरोध गरेका थिए।

## रूस

### जिम्मेवारी दाबी

मस्को, (एजेन्सी)

रूसको मुस्लिम बाहुल्य रहेको दागेस्तान क्षेत्रमा चर्चमा गइरहेकामाथि भएको घातक आक्रमणको जिम्मेवारी इस्लामिक स्टेट समूहले लिएको छ। आइतबार दागेस्तान शहरको किजियारस्थित एक रुसी अर्थोडक्स चर्चमा पार्थनापछि फर्कंदै गरेका इसाईमाथि एक बन्दुकधारीले शिकार गर्ने राइफलबाट गरेको गोली प्रहारमा कम्तीमा ५ जनाको मृत्यु भएको र अन्य ४ जना घाइते भएको बताइएको छ। ती बन्दुकधारी स्थानीय भएको र उनकी पत्नीलाई सोधपुछका लागि हिरासतमा लिइएको अधिकारीहरूले बताएका छन्। इस्लामिक स्टेट समूहले जारी गरेको एक विज्ञप्तिमा उक्त गोली प्रहार आफ्ना एक समर्थकले गरेको दाबी गरेको छ।

## फ्रान्स

### बाबुछोरी बेपत्ता

पेरिस, (एजेन्सी)

फ्रेन्च आल्पसमा स्किइङ गर्नेक्रममा हिमपहिरोमा परेर बाबु छोरीको मृत्यु भएको उद्धार अधिकारीहरूले सोमबार बताएका छन्। राजधानी पेरिस निवासी ४३ वर्षीय पुरुष र उनकी ११ वर्षीया छोरी भाल डिइसेरे रिसोर्टको पिसाइल्लस हिमनदी क्षेत्रको भीरमा बेपत्ता भएको बताइएको छ। हिमपहिरो सम्भावित खतरालाई मध्यनजर राख्दै सो क्षेत्रलाई बन्द गरिएको अधिकारीहरूले बताएका छन्। ती बाबुछोरीलाई आइतबार करिब २ हजार ९ सय ३० मिटर उचाईमा देखिएको बताइएको छ। सोही क्षेत्रमा १ जना क्रसकन्ट्री स्कियरको पनि मृत्यु भएको छ।

## नाइजेरिया

### जुम्ल्याहा रिहा

अबुजा, (एजेन्सी)

सन् २०१० मा नाइजेरियाको बाउची राज्यमा आफ्नो वर्कसपमा एउटा कार मर्मत गर्दा मेकानिक्सद्वय ताय र केहिन्डे हाम्जाले यही कारण आफूहरू वर्षौं कारागारमा थुनिनेछौं भनेर कल्पनासम्म पनि गरेका थिएनन्। वास्तवमा त्यो कार १ जना बोको हराम लडाकूको थियो। ती जुम्ल्याहा दाजुभाइलाई तत्कालै सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। बल्ल ८ वर्षपछि आतंककारीको अभियोग लागेका अन्य ४ सय ७३ जनासहित तिनीलाई रिहाइ गरिएको छ। तिनीहरूविरुद्ध केही समयअघि चलाइएको सामूहिक मुद्दापछि तिनीहरूलाई सफाइ दिइएको हो।

# बलात्कारी र हत्यारालाई ४ पटक फाँसी



इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको एक अदालतले गत महिना ६ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको अभियोगमा आइतबार १ जना २४ वर्षीय इमरान अलीलाई ४ पटक फाँसीको सजाय सुनाएको छ। गत ९ जनवरीमा लाहोरको दक्षिण भागमा पर्ने कासुर शहरनजिक फोहर फाल्ने स्थानमा जैनाव अन्सारीको शव फेला परेको थियो।

उनको हत्यालाई लिएर राष्ट्रव्यापी विरोध र आक्रोश फैलिएको थियो। प्रहरीको अक्षमतालाई लिएर भएको दंगा र प्रदर्शनमा २ जनाको ज्यान गएको थियो। कडा सुरक्षा प्रबन्धबीच पीडितका पितालाई फाँसीको निर्णय सुनाउन अदालत लगिएको थियो।

जैनावका हत्यारा सो क्षेत्रका अनय बालिकाहरूको हत्या र यातनामा पनि संलग्न रहेको प्रहरी र पञ्जाव प्रान्तका मुख्यमन्त्रीले बताएका छन्। कम्तीमा १ वर्षदेखि उनको अपराध गतिविधि चल्दै आएको र प्रहरीले समयमै इमरानलाई पक्राउ गर्न नसकेको भन्दै स्थानीय बासिन्दाले आलोचना गरेका छन्।



सरकारी वकिल एहतिसाम कादिर शाहले इमरानमाथि बाँकी मुद्दा पछि चलाइने रोयटर्स समाचार निकायलाई बताएका छन्। उनीविरुद्ध दर्जनौं साक्षीले बयान दिएका थिए भने डीएनए र पोलिग्राफ परीक्षणजस्ता फोरेन्सिक प्रमाण पनि पेस गरिएको थियो। इमरानले अपराध कबुल गरेपछि उनका वकिलले मुद्दाबाट हात झिकेको थिए। उनले १५ दिनभित्र यो निर्णयविरुद्ध अपिल गर्न सक्नेछन्।

# मूर्तिको औंला चोरलाई कडा सजाय माग



बेइजिङ, (एजेन्सी)

संयुक्त राज्य अमेरिकामा प्रदर्शनमा राखिएको एउटा टेर्राकोटा योद्धाको मूर्तिको बूढीऔंला चोर्ने एक व्यक्तिलाई कडा सजाय दिन चीन सरकारले अनुरोध गरेको सोमबार चिनियाँ सरकारी सञ्चार निकाय सिन्हवाले जनाएको छ। फिलाडेल्फियास्थित फ्रान्कलिन इन्स्टिच्युटलाई सहयोगस्वरूप प्रदान गरिएका १० वटामध्ये १ सो मूर्तिको मूल्य ४५ लाख अमेरिकी डलर रहेको छ।

गतसाता उक्त मूर्तिको औंला चोरेको आरोपमा गिरफ्तारीमा परेका माइकल रोहाना नामक व्यक्तिलाई जमानतमा रिहा गरिएको थियो। टेर्राकोटा सेना चीनको सबैभन्दा महत्त्वपूर्ण पुरातात्विक कलाकृतिमा पर्दछ। अदालतमा प्रस्तुत दस्तावेजमा २४ वर्षीय रोहानाले २१ डिसेम्बरमा फ्रान्कलिन इन्स्टिच्युटमा आयोजित अग्ली स्वेटर पार्टीमा सहभागी हुने क्रममा त्यतिबेला बन्द रहेको टेर्राकोटा योद्धा प्रदर्शनी कक्षमा छिरेको उल्लेख गरिएको छ।

संघीय अनुसन्धान ब्युरो (एफबीआई) लाई उद्धृत गर्दै सिन्हवाले मोबाइल फोनको फ्ल्यास लाइट प्रयोग गरेका रोहानाले १ जना योद्धासँग बसेर सेल्फी खिचेको र त्यसपछि आफ्नो हात मूर्तिको बाँया हातमा राखेका उनले केही चिज भाँचेर खल्तीमा राखेको जनाएको छ।

संग्रहालयका कर्मचारीहरूले ८ जनवरीमा बल्ल मूर्तिको बूढीऔंला भाँचिएको फेला पारेका थिए। पक्राउपछि रोहानाले सो औंला डेस्कको ड्रयरमा हालेको स्वीकारेका थिए। सोमबार फ्रान्कलिन इन्स्टिच्युटलाई ती मूर्ति उपलब्ध गराउने सान्सी सांस्कृतिक सम्पदा प्रबर्द्धन केन्द्रले उक्त इन्स्टिच्युटको लापरवाहीको घोर भत्सर्ना गरेको सीसीटीभीले जनाएको छ।

# यात्रुको अपान वायुका कारण विमान आपत्कालीन अवतरण




भियना, (एजेन्सी)

विमान आपत्कालीन अवतरणको इतिहासमा यो सम्भवत: पहिलो अनौठो घटना होला। एक यात्रुले अपान वायु त्याग गरी दुर्गन्ध फैलाउने काम नरोकेपछि विमानका पाइलटले आपत्कालीन अवतरण गरेका छन्।

दुबईबाट आम्स्टर्डम सिफोलका लागि उडानमा रहेको ट्रान्सविया एयरलाइन्सको विमानमा दुई डच पुरुषले आफूसँगै बसेका यात्रुलाई नपाद्नका लागि पटक-पटक आग्रह गरेको तर उनले त्यसलाई अस्वीकार गर्दै वायु त्याग गर्ने कार्य जारी राखेका थिए।

त्यसलाई लिएर यात्रुहरूले एयरलाइन्सका चालक दलका सदस्यहरूलाई गुनासो गरेका थिए। उनीहरूको गुनासोलाई लिएर चालक दलका सदस्यले पनि केही गर्न नसकेको मेट्रोले जनाएको छ। यसले ती पुरुष यात्रुहरूबीच झगडाको स्थिति उत्पन्न भयो। त्यसपछि पाइलट आफैंले हस्तक्षेप गर्दै यदि वायु त्याग्न नरोकेमा विमानलाई भियना विमानस्थलतर्फ मोड्न बाध्य हुने चेतावनी दिए। त्यसपछि उनले विमानलाई आपत्कालीन अवतरण गरे।

अवतरणलगत्तै प्रहरीले विमानबाट दुई महिला र दुई पुरुषलाई निकाले। पाइलटले ती यात्रुले विमानमा हुलदंगा गरेको रिपोर्ट दिएको मेट्रोले जनाएको छ। दिदी-बहिनी रहेका दुई महिलाले आफूलाई विमानबाट निकालेकोमा एयरलाइनलाई अदालतमा तान्ने बताएका छन्। उनीहरूले आफू उक्त झगडामा संलग्न नरहेको दाबी गरेका छन्। २५ वर्षीय कानुनका विद्यार्थी नोरा लाचाबले यस्तो हर्कतले आफूहरू अपमानित भएको बताएकी छिन्।

'हामीलाई थाहा छैन ती केटाहरू को थिए, हामी उनीहरूकै पंक्तिमा हुनु नै हाम्रा लागि दुर्भाग्य भयो र हामीले केही गरेका थिएनौं। चालक दल सदस्यहरू नै वास्तवमा घटनालाई चर्काएका हुन्।' -लाचाबले डी टेलेग्राफलाई बताइन्। प्रहरीले चारैजना यात्रुलाई रिहा गरेको छ। तर, उनीहरू सबैमाथि ट्रान्सविया एयरलाइन्समा भविष्यमा यात्रा प्रतिबन्द लगाएको छ।

'चालक दलले सुरक्षित उडान सुनिश्चित गर्नुपर्ने र जब यात्रुबाट खतरा हुन्छ, उनीहरूले तत्काल हस्तक्षेप गर्नुपर्ने हुन्छ।' - एयरलाइनले एक विज्ञप्तिमा उल्लेख गरेको छ।


Office of District Coordination Committee
District Technical Office
Bhadrapur, Jhapa

**Invitation for online bids**

**Date of publication: 20th February 2018 (2074/11/08)**

1 District Technical Office, Bhadrapur, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works.

| Name of Project | Contract identification no. | Bid security amount (NRs) | Average annual construction turn over (NRs) | Cost of bid document (NRs) |
|---|---|---|---|---|
| Upgrading of Sanischare Khudunabari Road | NCB/DTOJHAPA/ROAD/SK/01 | NRs. 33,00,000.00 | NRs. 9,85,00,000.00 | 10000.00 |
| Upgrading of Sahid Ram Marga (Harkalal Marga) | NCB/DTOJHAPA/ROAD/SR/02 | NRs. 16,00,000.00 | NRs. 6,25,00,000.00 | 5000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at District Technical Office, Bhadrapur, Jhapa, Ph. No. 023456329 or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp** and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** RastriyaBanijyaBank,Bhadrapur,Jhapa
   **Name of Office:** Ko.Le.Ni.Ka (District Treasury Office)
   **Rajaswa (revenue) Shirshak no.:** Ka- 1-1-001
   **Office code no:** 08-365-06
   **Office Account no.:** 2210203000000 ( Dharautikhata)
4. Pre-bid meeting shall be held at District Technical Office, Jhapa at 11th March 2018 (2074/11/27) at 13:00 Hrs .
5. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp.** on or before 12:00 Hrs on 22nd March 2018 (2074/12/08).
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 22nd March 2018 (2074/12/08) at the office of District Technical Office, Jhapa. Bids must be valid for a period of 120 days for Upgrading of **Sanischare Khudunabari Road** and 90 days for Upgrading of Sahid **Ram Marga (Harkalal Marga)** after bid opening and must be accompanied by a scanned copy of the bid security in. pdf format, amounting to a minimum of Nrs. 33,00,000.00 for Upgrading of **Sanischare Khudunabari Road** and NRs, 16,00,000.00 for Upgrading of **Sahid Ram Marga (Harkalal Marga)** and shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief District Engineer**
**District Technical Office**


# बुसरासँग इमरान खानको तेस्रो विवाह



इस्लामावाद, (एजेन्सी)

पाकिस्तान तहरिक ए इन्साफ पार्टी (पीटीआई) ले आफ्ना नेता इमरान खानको बुसरा मानिकासँग विवाह भएको पुष्टि गरेको छ।

पीटीआईको तर्फबाट ट्विटरमा इमरान खानको तेस्रो विवाहको तस्वीर जारी गरिएको छ र उनलाई नयाँ विवाहको शुभकामना दिइएको छ। पीटीआईले आफ्नो ट्विटमा लेखेको छ- 'आइतबार फेब्रुअरी १८ राति ९ बजे परिवारका सदस्य र नजिकका साथीहरूका बीच आज निकाह पूरा भयो।'

यसअघि गत महिना जब इमरान खानको विवाहको समचार बाहिर आउँदा पीटीआईका प्रमुखले विज्ञप्ति जारी गर्दै पार्टी प्रमुखले बुसरा मानिका नामका महिलालाई विवाहको प्रस्ताव दिएको र उनको जवाफ पर्खेर बसेको जानकारी गराएको थियो।

पाकिस्तान तहरिक ए इन्साफको ट्विटमा रिट्विट गर्दै बुसरा मानिकाले लेखेकी थिइन्- 'अल्लाहको इच्छामा हामी एक नयाँ जिन्दगी थालिरहेका छौं। तपाईंहरूको आशिर्वादको आवश्यक छ।'

इमरान खान र बुसरा मानिकाको विवाहको समाचार बाहिर आएपछि सामाजिक सञ्जालमा पुन: एकपटक खैलाबैला मच्चिएको छ। 'मुबारक इमरान खान' पाकिस्तानमा टप ट्रेन्डमा परेको छ। पीटीआईका करिब सबै नेताले तत्काल इमरान जोडीका लागि बधाई सन्देश ट्विट गरेका छन्।

इमरान खानको दोस्रो विवाह टेलिभिजन एन्कर रेहम खानसँग सन् २०१४ मा भएको थियो। यद्यपि उक्त विवाह केही समयसम्म मात्र चल्यो तर त्यति बेला पनि उनीहरूको विवाहको समाचार पुष्टि हुन समय लागेको थियो। त्यति बेला पेसावर पब्लिक स्कुलमा भएको आक्रमणले पाकिस्तान पूरै शोकमा डुबेको थियो।

संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरी सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना गर्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नेछ।

# संसद् बैठक २१ गते

काठमाडौं, (नेस)

संघीय संसद्को बैठक फागुन २१ गते बोलाइएको छ। राष्ट्रपति कार्यालयले सोमबार विज्ञप्ति जारी गरी संसद् भवन नयाँ बानेश्वरमा संघीय संसद्को बैठक आह्वान गरेको जनाएको छ।

संघीय संसद्अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभा रहेका छन्। दुवै सदनको बैठक संसद् भवन नयाँ बानेश्वरमा नै बस्नेछ। संसद् बैठक शुरू भएको १५ दिनभित्र प्रतिनिधिसभाको सभामुख र उप-सभामुख, राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्ष चयन गरिसक्नुपर्ने संविधानमा व्यवस्था छ।

राष्ट्रपति कार्यालयका प्रवक्ता कुलप्रसाद चुडालद्वारा जारी विज्ञप्तिअनुसार ४ बजे बैठक बोलाइएको हो। प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले बैठक बोलाउनुभएको हो। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सकिएको ठीक तीन महिनामा संसद् बैठक आह्वान भएको हो। संविधानको धारा ९३ को उपधारा (१) अनुसार संसद् बैठक आह्वान र अन्त्य गर्ने जिम्मेवारी राष्ट्रपतिमा हुने व्यवस्था छ। संसद् सचिवालयले दुवै बैठक सञ्चालनका लागि अन्तरिम कार्यविधि तयार पारेको सचिवालयका प्रशासन महाशाखाका सह-सचिव सुरजकुमार दुराले बताउनुभयो।

गत संविधानसभाको बैठक असोज २८ गते अन्त्य भएको थियो। २०१५ साल फागुन ७ मा भएको आम निर्वाचनपछि पहिलोपटक असार २०१६ साल असार १६ गते बैठक बसेको थियो। पहिलो बैठकबाट नेपाली कांग्रेसका विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री भएका थिए।

# खुसी नेपाली समृद्ध नेपाल : प्रम

नेपाल समाचारपत्र

काठमाडौं



प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान जारी भएपछि सम्पन्न तीन तहको निर्वाचनले लामो समयको राजनीतिक द्वन्द्व र संक्रमणको विधिवत् अन्त्य गरी नेपाली जनतालाई पूर्ण सार्वभौम बनाएको बताउनुभएको छ। उहाँले निर्वाचनले लोकतन्त्रलाई सुदृढ गर्न देशको भाग्य र भविष्य आफै निर्धारण गर्न मार्ग प्रशस्त गरेको बताउनुभएको हो।

दोस्रो निर्वाचन दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरी सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना गर्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको बताउनुभयो।

'हाम्रो उद्देश्य आन्तरिक स्रोत र साधनको अत्यधिक सदुपयोग, कृषिको आधुनिकीकरण, पर्यटन विकास, वातावरण संरक्षण, बृहत्तर विकासका पूर्वाधार निर्माण, आधुनिक उद्योगधन्दाको स्थापन र रोजगारीको प्रवर्द्धन गर्दै सुखी नेपाली, समृद्ध नेपाल निर्माणतर्फ केन्द्रित हुनुपर्छ।' -उहाँले भन्नुभयो। नेपालको संविधान २०७२ जारी भएपछि निर्वाचन आयोगको भूमिका र दायरा अझ बढी व्यापक हुन पुगेको बताउँदै उहाले विश्वपरिवेशमा भइरहेको द्रुततर विकासको सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमा स्थापित निर्वाचनका मूल्य मान्यता अनुकूल स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन व्यवस्थापन गर्नु नै निर्वाचन आयोगको प्रमुख चुनौती रहेको औंल्याउनुभयो।

## एकताका...

प्रधानमन्त्री र राष्ट्रपति एमालेले लिने र उपराष्ट्रपति र सभामुख माओवादी केन्द्रले लिने विषयमा पनि दलबीच सहमति भएको छ।

एमाले र माओवादी केन्द्रबीच गत असोज १७ गते वाम गठबन्धन निर्माण गर्ने घोषणा गर्दै ६०/४० को भागवण्डामा निर्वाचनमा होमिएका थिए। निर्वाचनमा बहुमत ल्याएको वाम गठबन्धनले निर्वाचन सम्पन्न भएलगत्तै पार्टी एकता घोषणा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। तर ओली र प्रचण्डबीच दर्जनौंपटक भएका छलफलमा पनि कुरा मिल्न नसक्दा एकता प्रक्रिया लम्बिएको थियो।

सहमतिपत्रमा पार्टी एकता संयोजक समितिका तर्फबाट एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एमालेका वरिष्ठ नेताद्वय झलनाथ खनाल, माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम, महासचिव ईश्वर पोखरेल, माओवादी केन्द्रका नेता रामबहादुर थापा र नारायणकाजी श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ।

एकता संयोजन समिति बैठकले जारी गरेको सातबुँदे सहमतिपत्रमा पार्टी नेतृत्व, सरकारमा सहभागिता, राष्ट्रपति, सभामुखलगायत पद बाँडफाँटका विषय उल्लेख गरिएको छैन। सहमतिपत्रमा महाधिवेशन कहिलेसम्म गर्ने भन्ने विषय पनि टुंगो गरिएको छैन।

महाधिवेशन नभएसम्म संगठन र नेतृत्वका विषयमा पनि सहमतिपत्र मौन छ। संगठनात्मक र सैद्धान्तिक विषय हल गर्नका लागि दुई कार्यदल गठन गर्ने चर्चा भए पनि सहमतिपत्रमा सो कुरा उल्लेख गरिएको छैन। बैठकपछि एमालेका महासचिव ईश्वर पोखरेलले बैठकमा भएको सहमति लिखित रूपमा दिइएकाले यसबाहेक थप कुरा नभएको बताउनुभयो।

बैठकपछि प्रचण्डले भन्नुभयो- 'दुवै दलका अध्यक्ष एकता महाधिवेशनसम्म रहने स्पष्ट छ। पार्टीका बैठकमा ओलीजी र म दुवै जनाले पालैपालो अध्यक्षता गर्ने गरी सहमति भए पनि सहमतिमा यो विषय उल्लेख छैन। दुवै पार्टी एक भइसकेको अवस्थामा सरकारमा माओवादीको सहभागिता हुन्छ भन्ने प्रश्नको जवाफ दिन उपयुक्त नहोला। केपी ओली प्रधानमन्त्री भइसक्नुभएकाले पछि हुने कुरा पछि नै गरौं।'

फागुन २ गते एकता सहमतिपत्रमा हस्ताक्षर गर्ने भनिए पनि अन्तिम समयमा आएर अड्किएको थियो। वाम गठबन्धनले सातमध्ये ६ प्रदेशमा पनि सरकार बनाएको छ। दुई दलले ६ प्रदेशका मुख्यमन्त्री र सभामुख र उपसभामुख पनि भागबन्डाको आधारमा पद बाँडफाँड गरेका छन्।

आलोपालो प्रधानमन्त्री हुने भन्ने सञ्चारकर्मीको जिज्ञाशामा माओवादी अध्यक्ष प्रचण्डले केपी ओली प्रधानमन्त्री भइसक्नुभयो भन्ने प्रतिक्रिया दिनुभएको थियो। दुई अध्यक्षबीच सहमतिपत्रमा नै आलोपालो प्रधानमन्त्री बन्ने भन्ने विषयले नकारात्मक सन्देश जाने भएकाले आधा आधा कार्यकाल प्रधानमन्त्री बन्ने भद्र सहमति भएको बताइएको छ।

पार्टी एकता गर्ने सातबुँदे सहमति भएसँगै नेकपा माओवादी केन्द्र सरकारमा सहभागी हुने भएको छ। माओवादी केन्द्र केही दिनमा नै सरकारमा सहभागी हुने भएको हो। माओवादीका एक नेताका अनुसार माओवादीले पाउने मन्त्रालयको संख्याको बारेमा पनि एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच सहमति जुटेको छ।

माओवादीका ती नेताले भने- 'कतिवटा मन्त्रालय रहन्छ, मन्त्रालयको टुंगो लागेपछि माओवादी केन्द्रले ५ देखि सातवटा मन्त्रालय पाउँछ।' मन्त्रालय भागवण्डाका बारेमा दुई पार्टीभित्र छलफल हुन बाँकी नै रहेको छ। पार्टी एकताको प्रक्रिया टुंगो नलागेको भन्दै यसअघि माओवादी केन्द्रले सरकारमा आफ्ना मन्त्री पठाएको थिएन। एमालेका तर्फबाट दुई मन्त्री सहभागी भएका छन्।

संविधानमा नै राज्यमन्त्रीसहित २५ जनाभन्दा बढी मन्त्री बनाउन नपाइने प्रावधान रहेको छ। कतिवटा मन्त्रालय रहने भन्ने विषययमा सरकारले निर्णय गरेपछि मात्र एमाले र माओवादी केन्द्रले मन्त्रालयको भागवण्डा गर्नेछन्। माओवादी केन्द्रका तर्फबाट भने राष्ट्रियसभाका सदस्य रहेका नेता रामबहादुर थापा बादलले पार्टीका तर्फबाट सरकारमा नेतृत्व गरेर जाने विषयमा सहमति भएको छ। थापाले उपप्रधानमन्त्रीसहित एक मन्त्रालयको जिम्मेवार सम्हाल्नेछन् भने माओवादी केन्द्रले गृहमन्त्री पाउने विषयमा दुई दलबीच मोटामोटी सहमति भएको बताइएको छ।

# स्नेहा भइन् प्रथम

काठमाडौं, (नेस)

उपत्यकास्तरीय खुला वक्तृत्वकला प्रतियोगीतामा पायोनियर पब्लिक स्कुलकी छात्रा स्नेहा दाहालले प्रथम भएकी छिन्। एघार विद्यालयका छात्र-छात्राबीचको प्रतिस्पर्धामा गोल्डेन गार्डेन स्कुलकी छात्रा पूर्णिमा चौधरी दोस्रो भइन्।

६८औं प्रजातन्त्र दिवसको अवसरमा आयोजना गरिएको प्रतियोगितामा सेन्ट जर्ज इन्टरनेसनल स्कुलकी छात्रा वितिशा बुढाथोकीले तृतीय स्थान प्राप्त गरेकी छिन्। युनिभर्सलका कुमारी लिम्बु र डेनेव एकेडेमीका अमृत चपाईंले सान्त्वना पुरस्कार पाएका छन्। वरिष्ठ कवि तथा सञ्चारकर्मी डा. नवराज लम्सालले विजयी छात्र-छात्रालाई पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो। सो कार्यक्रम दीपश्री क्रिएटिभ मिडियाले आयोजना गरेको हो।

# कांग्रेसको पुनर्जागरण अभियान शुरू

काठमाडौं, (नेस)

नेपाली कांग्रेसका केही युवा नेताहरुले सोमबारदेखि पुनर्जागरण अभियान शुरू गरेका छन्। नेपाली कांग्रेस पुनर्जागरण अभियान पार्टीभित्र कुनै गुट र व्यक्तिविरुद्ध लक्षित नभएको जनाइएको छ।

कांग्रेसका युवा नेताहरु गगन थापा, धनराज गुरुङ, प्रदीप पौडेल, गुरुराज घिमिरे, धना खतिवडालगयतका नेताहरुको अगुवाइमा शुरू गरिएको यो अभियानलाई पार्टी सुदृढीकरणको साझा संकल्प बोकेका सबै सदस्यहरुको अभियान भएको बताइएको छ।

प्रजातन्त्र दिवसको अवसर पारी शुरु गरिएको यो अभियानको संक्षिप्त अवधारणा सार्वजनिक गर्दै पहिलो चरणमा सबै प्रदेश, जिल्ला र स्थानीय तहको नगर, गाउँ र वडासम्म संविधानअनुसार परिवर्तित सन्दर्भमा पार्टीको सिद्धान्तको पुनर्व्याख्या, संगठनको पुनर्संरचना र कांग्रेसले अंगीकार गर्नुपर्ने आर्थिक सामाजिक विकासका मुद्दाहरुका सन्दर्भमा पार्टीका सबै तहसँग संवाद र छलफल गरी सिद्धान्तको पुनर्व्याख्या र सांगठनिक दस्तावेज तयार पारिने नेता गगन थापाले जानकारी दिनुभएको छ।

## न्याय...

सत्यताको उजागर गर्नका लागि विकास भएकाले न्यायालय र मिडिया नै समाजको सत्यको प्रतीक भएको प्रधानन्यायाधीश पराजुलीको भनाइ थियो। समाजमा आफूलाई अहम् र ठूलो ठान्नेहरूले नै असभ्यताको खेती गरिरहेको बताउँदै उहाँले अर्काको बारेमा भ्रामक सूचना सम्प्रेषण हुन थालेकोमा चिन्ता व्यक्त गर्नुभयो। बाल न्याय समन्वय समितिका अध्यक्षसमेत रहेका सर्वोच्च अदालतका न्यायाधीश शारदाप्रसाद घिमिरेले सोही कार्यक्रममा बाल सुधार गृहलाई समयसापेक्ष आधुनिक र न्यायिक बनाउँदै लैजानुपर्ने विचार राख्नुभयो।

## आसफाल्ट...

यो प्रावधानबारे जानकारी गराई प्लान्ट हटाउनुपर्ने माग राख्दा पनि सम्बन्धित निकायले बेवास्ता गरेको एक स्थानीयबासीले बताए। ती स्थानीयबासीले गुनासो गरे- 'आफूहरूले संघर्ष समिति नै बनाई जिल्ला प्रशासन कार्यालय ललितपुर, ललितपुर महानगरपालिका, संसदीय समितिलाई समेत जानकारी गराए पनि त्यसमा सुनुवाइ भएन।' स्थानीयबासीले त नेकपा माओवादी केन्द्रका नेता शारदाप्रसाद अधिकारीको लगानी रहेको शैलुङ कन्ट्रक्सन प्रालिले सो प्लान्ट स्थापना गरेकाले राजनीतिक दबाबमा नहटाइएको दाबी गरे।

एक स्रोतले नाम नखेल्ने सर्तमा भन्यो- 'यसको बचाउमा माओवादी केन्द्रका नेता दिनेश महर्जनदेखि पेरिसडाँडासम्मको संरक्षण छ। नेता महर्जनको पनि २० प्रतिशत शेयर छ।' स्रोतका अनुसार त्यहाँ स्थानीय टोले गुण्डालाई तलब दिएरै राखिएको छ।

स्रोतले बताएअनुसार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' अधिकारीको खुमलटारस्थित घरमा डेरा गर्नुभएको छ भने उहाँकै सिफारिसमा अधिकारीलाई समानुपातिक सांसदमा मनोनयन गरिएको छ। प्लान्टमा शेयर रहेको भनिएका नेता महर्जन पनि अधिकारीजस्तै समानुपातिक सांसदमा मनोनयनमा पर्न सफल भएका छन्। ललितपुरका प्रमुख जिल्ला अधिकारी महादेव पन्थीले यसबारे आफूलाई केही थाहा नभएको दाबी गर्दै स्थानीयले विरोध गरेको वा उजुरी परेकोबारे सूचना नभएको जिकिर गर्नुभयो। उद्योग स्थापना गर्न वातावरण संरक्षण ऐन २०५३ को दफा ३ बमोजिम वातावरणीय परीक्षण तथा वातावरण प्रभाव मूल्यांकन गर्नुपर्ने हुन्छ। ललितपुर महानगरपालिकाका अनुसार सो प्लान्टले यस्तो खालको मूल्यांकन गराएको पाइएको छैन।

विज्ञहरूका अनुसार मानव स्वास्थ्यमा आघात पुऱ्याउनसक्ने यस्ता प्लान्ट उद्योग बस्तीबाट २ किमि टाढा स्थापना गर्नुपर्दछ। प्लान्ट राख्दा वरिपरि पर्खालले घेरी ६ मिटरभन्दा अग्लो भित्ता बनाउनुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड रहेको छ। ललितपुर महानगरपालिका प्रवक्ता राजु महर्जनले आसफाल्ट प्लान्टले जनस्वास्थ्यमा प्रत्यक्ष असर गरेकाले महानगरको बोर्ड बैठकले त्यसलाई ललितपुरबाटै हटाउने निर्णय गरी सम्बन्धित वडा कार्यालयलाई पत्राचार गरिसकेको दाबी गर्नुभयो।

२७ वडाका अध्यक्ष बाबुराजा महर्जनले उक्त प्लान्टबारे स्थानीयबाट पटक-पटक गुनासो आएकाले निरीक्षण गरिरहेको बताउनुभयो। यसअघि पनि विभिन्न ठेकेदारहरूद्वारा बागडोलमा सञ्चालित सुनौलो खिम्ती कन्स्ट्रक्सन कम्पनीको आसफाल्ट प्लान्ट स्थानीयको विरोधपछि बन्द भएको थियो।

## प्रतिनिधिसभा...

३७. नरबहादुर धामी
३८. दीपकप्रकाश भट्ट
३९. झपटबहादुर रावल
४०. घनश्याम भुसाल
४१. भानुभक्त ढकाल (यसअघि समानुपातिक सांसद)
४२. नारदमुनि राना (यसअघि समानुपातिक सांसद)
४३. वृजेशकुमार गुप्ता (राजपाबाट एमाले छिरेका नयाँ)

**एमालेका पुराना**

१. वसन्त नेम्वाङ
२. झलनाथ खनाल
३. सुवासचन्द्र नेम्वाङ
४. केपी शर्मा ओली
५. भवानीप्रसाद खापुङ
६. लालबाबु पण्डित
७. विशाल भट्टराई
८. यज्ञराज सुनवार
९. रघुवीर महासेठ
१०. पार्वत गुरुङ
११. गणेशकुमार पहाडी
१२. माधवकुमार नेपाल
१३. रामवीर मानन्धर
१४. कृष्णगोपाल श्रेष्ठ
१५. शेरबहादुर तामाङ
१६. कृष्णप्रसाद दाहाल
१७. विरोध खतिवडा
१८. सुरेन्द्रप्रसाद पाण्डे
१९. कृष्णभक्त पोखरेल
२०. खगराज अधिकारी
२१. रवीन्द्रप्रसाद अधिकारी
२२. प्रदीपकुमार ज्ञवाली
२३. गोकर्णराज श्रेष्ठ
२४. दलबहादुर राना
२५. सोमप्रसाद पाण्डे
२६. विष्णुप्रसाद पौडेल
२७. धनबहादुर बुढा
२८. भीमबहादुर रावल
२९. प्रेमबहादुर आले
३०. गणेशसिंह ठगुन्ना
३१. दामोदर भण्डारी
३२. ईश्वर पोखरेल
३३. हृदयेश त्रिपाठी (सूर्य चिह्न लिएर निर्वाचित)

**कांग्रेस नयाँ**

१. मोहन आचार्य
२. देवप्रसाद तिमल्सिना
३. प्रमोदकुमार यादव

**कांग्रेसका पुराना**

१. सीताराम महतो
२. विजयकुमार गच्छदार
३. डा. नारायण खड्का
४. तेजुलाल चौधरी
५. अमरेशकुमार सिंह
६. प्रकाशमान सिंह
७. गगनकुमार थापा
८. भीमसेनदास प्रधान
९. राजेन्द्रकुमार केसी
१०. मोहम्मद अफताव आलम
११. उमाकान्त चौधरी
१२. डा. शशांक कोइराला
१३. भरतकुमार साह
१४. सञ्जयकुमार गौतम
१५. शेरबहादुर देउवा
१६. देवेन्द्रराज कँडेल
१७. अभिषेकप्रताप साह
१८. मीनेन्द्रप्रसाद रिजाल (यसअघि समानुपातिक सांसद)
१९. ज्ञानेन्द्रबहादुर कार्की (यसअघि समानुपातिक सांसद)
२०. प्रदीप गिरी (यसअघि समानुपातिक सांसद)

**माओवादी केन्द्रका नयाँ**

१. हेमकुमार राई
२. सुरेन्द्रकुमार कार्की
३. सुरेशकुमार राई
४. सुरेशचन्द्र दास
५. गंगाबहादुर तामाङ
६. हरिराज अधिकारी
७. राजेन्द्रबहादुर महत
८. दुर्गाबहादुर रावत
९. महेश्वरजंग गहतराज
१०. बिना मगर
११. चक्रपाणि खनाल
१२. देवेन्द्र पौडेल (यसअघि समानुपातिक सांसद)
१३. अमनलाल मोदी (यसअघि समानुपातिक सांसद)
१४. कमला रोक्का (यसअघि समानुपातिक सांसद)

**माओवादी केन्द्रका पुराना**

१. पुष्पकमल दाहाल 'प्रचण्ड'
२ पम्फा भुसाल
३. अग्निप्रसाद सापकोटा
४. प्रभु साह
५. टोपबहादुर रायमाझी
६. वर्षमान पुन
७. कृष्णबहादुर महरा
८. शक्तिबहादुर बस्नेत
९. शिबकुमार मण्डल 'केवट'
१०. श्यामकुमार श्रेष्ठ
११. हरिवोलप्रसाद गजुरेल
१२. गिरिराजमणि पोखरेल
१३. सन्तकुमार थारु
१४. लेखराज भट्ट
१५. जनार्दन शर्मा
१६. सुदन किराँती
१७. देवप्रसाद गुरुङ
१८. गौरीशंकर चौधरी
१९. रामेश्वर राय यादव (यो निर्वाचनमा माओवादीबाट निर्वाचित)

**राप्रपाका नयाँ**

१. राजेन्द्रप्रसाद लिङ्देन

**नेमकिपाका नयाँ**

१. प्रेम सुवाल (पहिला समानुपातिक)

**राजमोका नयाँ**

१. दुर्गा पौडेल

**स्वतन्त्रका नयाँ**

१. डा. बाबुराम भट्टराई (राष्ट्रिय पार्टी बन्न नसकेको नयाँ शक्ति पार्टीका तर्फबाट)
२. छक्कबहादुर लामा

**संसफोका नयाँ**

१. डा. सुर्यनारायण यादव
२. उमाशंकर अरगरिया
३. सुरेन्द्रकुमार यादव
४. रामबाबुकुमार यादव
५. प्रदीप यादव
६. बिमलप्रसाद श्रीवास्तव
७. हरिनारायणप्रसाद रौनियार
७. मोहम्मद इस्तियाक राई

**संसफोका पुराना**

१. उपेन्द्र यादव
२. रामसहायप्रसाद यादव

**राजपाका पुराना**

१. राजकिशोर यादव
२. राजेन्द्र महतो
३. शरतसिंह भण्डारी
४. महन्थ ठाकुर
५. महिन्द्र राय यादव

**राजपाका नयाँ**

१. प्रमोद साह
२. अनिलकुमार झा
३. लक्ष्मणलाल कर्ण
४. रेशमलाल चौधरी
५. एकवाल मियाँ

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
**कोष तथा लेखा नियन्त्रक कार्यालय**
तेह्रथुम

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

सूचना प्रकाशन मिति २०७४/११/०८

यस कार्यालयको सूचना नं. १/०७४/७५ बाट मिति २०७४/०९/२० मा तपसिल अनुसारको निर्माण कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भई दाखिला हुन आएका देहायमा उल्लेखित बोलपत्रहरुको प्राविधिक प्रस्ताव मिति २०७४/१०/२१ गतेका दिन खोलिएकोमा उक्त प्राविधिक प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) बमोजिम मुल्यांकन हुदा देहायमा उल्लेखित बोलपत्रदाताको प्राविधिक प्रस्तावहरु सोही नियमावलीको ३१ ङ (४) बमोजिम सारभुत रुपमा प्रभावग्राही भई उतिर्ण भएकाले मिति २०७४/११/१५ गते बिहान १२.०० वजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुदा सोही नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। सम्बन्धीत बोलपत्रदाताहरु उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

| सि.नं | आयोजना नं. | आयोजनाको नाम | सारभुत रुपमा प्रभावग्राही बोलपत्र दाताहरु |
|---|---|---|---|
| १ | DTCO/ Terhathum /NCB/ Works/ 01/074/75 | Construction of office building Terhathum | कुन्सालिङ्ग अरुण बरुण जे.भि. प्रा.लि.इटहरी सुनसरी |
| | | | याक्थुङहाङ्ग/एस ए एस जे.भि. प्रा.लि. फिदिम १, पाँचथर |
| | | | आशिर्वाद निर्माण सेवा प्रा.लि.त्रियुगा -१३, उदयपुर। |

**Invitation for Quotations**

Uttarpani technical school

Date of publication: 2074/11/08

Invitation for Quotations for the pcc works on footpath drainage and boulder stone soling works and fencing works.

**Contract Identification No: 01/074/75**

1. The uttarpani technical school invites sealed quotations for the construction of pcc works on footpath drainage and boulder stone soling works and fencing works. The estimated amount for the works is **1380178.15 with VAT.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **uttarpani technical school, uttarpani .**
3. A complete set of Bidding Documents may be purchased from the office uttarpani technical school uttarpani by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till **2074/11/22 during office hours.**
4. Sealed bids must be submitted to the office **uttarpani technical school uttarpani** by hand before 12.00 am on **2074/11/23** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **bid opening** at the office of uttarpani technical school. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of RS **30535** which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



# अर्थ

कालीमाटी फलफूल तथा तरकारी बजारले उपभोक्ताको चापलाई धान्न नसक्ने भएको तथा उपभोक्ता र व्यवसायीको सहजतालाई ध्यानमा राख्दै शाखा विस्तार गर्ने तयारी गरिएको हो।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८२।५० | ७९।५० | ८२।५० | ८२।५० |
| सिमरा, बिरगंज, कलैया | ८०।९० | ७७।९० | ८०।९० | ८०।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।४५ | ८०।४५ | ८३।४५ | ८३।४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८१।६० | ७८।६० | ८१।६० | ८१।६० |
| पोखरा, स्याङ्जा | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ फागुन ८, फेब्रुअरी २०, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।४४ | १०३।०४ |
| युरो १ को रू. | १२७।२५ | १२८।०० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।६७ | १४४।५१ |
| स्विस फ्रन्क १ को रू. | ११०।४९ | १११।१३ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।१९ | ८१।६७ |
| क्यानाडियन डलर १ को रू. | ८१।६४ | ८२।११ |
| सिङ्गापुर डलर १ को रू. | ७८।०४ | ७८।५० |
| जापानी यन १० को रू. | ९।६२ | ९।६७ |
| चिनियाँ युआन १ को रू. | १६।१४ | १६।२३ |
| साउदी अरब रियाल १ को रू. | २७।३२ | २७।४८ |
| कतारी रियाल १ को रू. | २८।१३ | २८।२९ |
| थाई भाट १ को रू. | ३।२६ | ३।२८ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८९ | २८।०६ |
| मलसियन रिङ्गिट १ को रू. | २६।३३ | २६।४९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६१ | ९।६६ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।८४ |
| डेनिस क्रानर १ का रू. | १७।०९ |
| हङकङ डलर १ का रू. | १३।१० |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# पेट्रोलियम अन्वेषण गर्न अर्को महिना चिनियाँ टोली आउँदै

दीपेन्द्र थापा, काठमाडौं

पेट्रोलियम अन्वेषण तथा उत्खनन् परियोजनाको विस्तृत अध्ययन गर्नको लागि आगामी मार्च महिनामा चिनियाँ टोली नेपाल आउने भएको छ। जियोलोजीकल अफ चाइनाको टोली नेपाल आउन लागेको हो।

टोलीले नेपालमा रहँदा चिनीयाँ टोलीले विस्तृत अध्ययन गरी कति कुन परिमाणमा,

> पेट्रोलियम पदार्थ छ भन्नेमा कुनै दुई मत छैन। तर, कहाँ, कति, कुन तहमा रहेको छ भन्ने बारेमा भने अन्वेषणपछि नै थाहा हुने परियोजना प्रमुख रजौरेले बताउनुभयो। चिनियाँ टोलीले चुरे र तराईको क्षेत्रमा पेट्रोलियम अन्वेषण प्रक्रिया अगाडि बढाउनेछ। देशभरका १० वटा पेट्रोलियम अन्वेषण ब्लक रहेको अध्ययनले देखाएको छ।

कति तल पेट्रोलियमको अवस्थिति छ भन्ने बारेमा पूर्ण अध्ययन गर्न चिनियाँ टोली आउने पेट्रोलियम अन्वेषण परियोजना प्रमुख सुधीर रजौरेले नेपाल समाचारपत्रलाई बताउनुभयो।

केही महिनाअघि चिनियाँ टोली नेपाल आएर प्रारम्भिक अध्ययन गरेर फर्किएको थियो भने डेढ वर्ष पहिले चीन र नेपालबीच अन्वेषण सम्झौता भएको थियो।

पेट्रोलियम पदार्थ छ भन्नेमा कुनै दुई मत छैन। तर, कहाँ, कति, कुन तहमा रहेको छ भन्ने बारेमा भने अन्वेषणपछि नै थाहा हुने परियोजना प्रमुख रजौरेले बताउनुभयो। चिनियाँ टोलीले चुरे र तराईको क्षेत्रमा पेट्रोलियम अन्वेषण प्रक्रिया अगाडि बढाउनेछ। देशभरका १० वटा पेट्रोलियम अन्वेषण ब्लक रहेको अध्ययनले देखाएको छ। अन्वेषणको लागि धनगढी, कर्णाली, नेपालगन्ज, लुम्बिनी, चितवन, वीरगन्ज, मलंगवा, जनकपुर, राजविराज र विराटनगर ब्लक नामाकरण गरिएको छ।

कति बल्कमा चिनियाँ टोलीले काम गर्छ त्यसपछि मात्र बाँकी रहेको ब्लकका लागि हामी ग्लोबल टेन्डरको प्रक्रिया खुला गरेर काम गर्ने योजन रहेको परियोजना प्रमुख रजौरेले जानकारी दिनुभयो।

ग्लोबल टेन्डरका लागि पेट्रोलियम नियमावली पाँचौ संशोधन मन्त्रिपरिषद्बाट पारित भइसकेको छ। तत्कालीन उद्योगमन्त्री नवीन्द्रराज जोशीले सम्भावित खानीको अन्वेषण गर्ने प्रक्रिया अगाडि बढाउनु भएको थियो।

एउटा ब्लकको अन्वेषणको लागि करिब ४ अर्ब खर्च लाग्ने अनुमान गरिएको छ। रजौरेका अनुसार पेट्रोलियम नियमावलीले नेपाल सरकारलाई १२ दशमलव ५ प्रतिशत रोयल्टी ग्यारेन्टी गरेको छ। सबैभन्दा धेरै प्रतिशत आम्दानीको हिस्सा दिने अन्तर्राष्ट्रिय कम्पनीलाई सरकारले अन्वेषण र उत्खनन्को जिम्मेवारी दिने व्यवस्था रहेको छ।

उहाँका अनुसार सम्भावित पेट्रोलियमको अन्वेषण र उत्खनन्मा सरकारलाई कुनै पनि आर्थिक दायित्व पर्नेछैन। 'हामीले शून्य लगानीमा अधिकतम् प्रतिफल दिने कम्पनीलाई ठेक्का दिने हो, पेट्रोलियम पदार्थ फेला पर्‍यो भने आम्दानी बाँडफाँड हुन्छ नत्र कम्पनी खाली हात फर्किन्छ।' रजौरेले बताउनुभयो।

गत वर्ष चीन सरकारको स्वामित्वमा रहेको चाइना जिओलोजिकल सर्वेको प्राविधिक टोलीले सुर्खेत-दैलेख, बुटवल-पाल्पा र चतरा-बराह क्षेत्रमा ा पेट्रोलियम खानीको प्रारम्भिक अध्ययन गरेको थियो। उनीहरूले नेपालमा पेट्रोलियम पदार्थ रहेको प्रारम्भिक प्रतिवेदन तयार पारेको जानकारी नेपाल सरकारलाई पठाएका थियो। तर, हालसम्म पनि औपचारिक प्रतिवेदन भने अझै पठाएको छैन।

अन्वेषणमा आएका कम्पनीले बलियो आधार देखेर मात्र लगानी गर्छ। त्यसका लागि परियोजानले सबैखाले वातावरण र त्यस्ता आधार तयार पारिसकेको जनाएको छ।

# कालीमाटी बजार विस्तार योजना अलपत्र

हेमन्त जोशी, काठमाडौं

सीमित ठाउँमा उपभोक्ता र व्यवसायीको बढ्दो चापले अव्यवस्थित बन्दै गएको कालीमाटी फलफूल तथा तरकारी बजार बिस्तार कार्य बजेट अभावका कारण अलपत्र परेको छ।



बजारलाई दुई वर्षभित्र थप तीन स्थानमा बिस्तार गर्ने कृषि विकास मन्त्रालयको लक्ष्य भए पनि चोभारमा बाहेक अन्य दुई स्थानमा काम अगाडि बढ्न सकेको छैन। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका कार्यकारी निर्देशक तेजेन्द्रप्रसाद पौडेलका अनुसार समितिले काठमाडौंको चोभार, बालाजु र धादिङको नौबिसेमा दुई वर्षभित्र आधुनिक र व्यवस्थित बजार निर्माण गर्ने योजना बनाएको छ। चोभारमा बजार विस्तार कार्य निर्माणको प्रारम्भिक चरणमा रहेको छ भने बालाजु र नौबिसेमा काम शुरू हुन सकेको छैन।

बालाजुमा तरकारी बजार विस्तारका लागि जग्गा उपलब्ध हुन नसकेको र नौबिसेमा निर्माणका लागि बजेट अभाव भएपछि चोभारमा मात्र काम अघि बढेको निर्देशक पौडेलको भनाइ छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै पौडेलले भन्नुभयो- 'कालीमाटी बजारको शाखा विस्तारको कार्यलाई अघि बढाउन चोभारमा निर्माणको काम भइरहेको छ भने बालाजुमा जग्गा प्राप्तिका लागि हामीले पहल गरिरहेका छौं।'

कृषि बजारको पहिचान र विशेषता कायम गर्न चोभारमा बनिरहेको बजार फलफूल तथा पुष्पमा केन्द्रित हुनेछ।

त्यसैगरी बालाजुमा मत्स्य तथा कृषि व्यवसायमा केन्द्रित हुनेछ भने नौबिसेमा कृषि बजार निर्माणका लागि योजना निर्माण गरिएको छ। नौबिसेमा कृषि उपज बजार निर्माणका लागि चालू आर्थिक वर्षमा नै बजेट माग गरिए पनि प्राप्त हुन नसेपछि कालीमाटी फलफूल तथा तरकारी बजारको आन्तरिक बजेटमार्फत् काम शुरू गर्ने तयारी गरिएको थियो। तर, कालीमाटीमै बजार व्यवस्थापनका लागि रकम खर्च भएपछि नौबिसेमा बजार निर्माणका लागि रकम अभाव भएको हो।

बालाजुमा रहेको मत्स्य विकास निर्देशनालयको जग्गामा आधुनिक कृषि बजार विस्तारका लागि निर्देशनालयसँग छलफल जारी रहेको पौडेलले बताउनुभयो। मत्स्य अनुसन्धान केन्द्रलाई तराईको क्षेत्रमा स्थानान्तरण गरेर मत्स्य तथा कृषि बजार निर्माण गर्ने तयारी रहेको उहाँको भनाइ छ।

कालीमाटी फलफूल तथा तरकारी बजारले उपभोक्ताको चापलाई धान्न नसक्ने भएको तथा उपभोक्ता र व्यवसायीको सहजतालाई ध्यानमा राख्दै शाखा विस्तार गर्ने तयारी गरिएको हो।

विभिन्न ठाउँमा आधुनिक र व्यवस्थित कृषि बजार स्थापना गर्दा कालीमाटी फलफूल तथा तरकारी बजारमा चाप कम हुने र व्यवसायी तथा ग्राहक दुवै लाभान्वित हुने भएकाले शाखा विस्तारलाई जोड दिइएको पौडेलको भनाइ छ।

कृषि विकास मन्त्रालयले सबै बजार आगामी आर्थिक वर्षको अन्तिमसम्म निर्माण भइसक्ने गरी योजना बनाइएको थियो। तर, चोभारमा बाहेक अन्य ठाउँमा बजार निर्माणका काम योजना निर्माणको प्रारम्भिक चरणमै अल्झिएको हो।

नौबिसेमा सरकारी स्वामित्व रहेको साढे चार रोपनी जग्गामा आगामी चालू आर्थिक वर्षभित्रै बजार निर्माण पूरा गर्ने समितिको लक्ष्य थियो। उक्त बजार निर्माणका लागि बजेट पर्याप्त नभएपछि काम अगाडि बढ्न सकेको छैन।

चोभारमा कुल ३७ करोड रुपियाँको लागतमा बजारको भौतिक संरचना निर्माणको क्रममा रहेको छ। २३ रोपनी सरकारी जग्गामा निर्माण हुन लागेको बजार अबको एक वर्षभित्र निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ। बाहिरी चक्रपथ निर्माणसँगै बजार पनि विस्तार हुने भएकाले व्यवसायी र ग्राहकलाई बजार पहुँचमा सहज हुने देखिन्छ।

कालीमाटी बजारमा स्थान अभाव हुँदा उपभोक्ता र बिक्रेतालाई अप्ठ्यारो हुँदै आएको छ। निर्देशक पौडेलका अनुसार कालीमाटी फलफूल तथा तरकारी बजारको पनि आन्तरिक व्यवस्थापन गर्ने तयारीमा समिति लागेको छ। करिब दुई दशक अघि निर्माण भएको भौतिक संरचनाले दैनिकजसो बढिरहेका व्यवसायी र ग्राहकलाई धान्न मुश्किल हुँदै आएको छ। कालीमाटी तरकारी बजारको भौतिक संरचनालाई अब एकीकृतरूपमा पुनर्निर्माण गरिने पौडेलले जानकारी दिनुभयो।

# रेलमार्ग सर्वे गरिएको भन्दै स्थानीयद्वारा विरोध

बुटवल, (नेस)

पूर्व-पश्चिम विद्युतीय रेलमार्गको यसअघि नै सर्वे भई विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेकै स्थानबाट अगाडि बढाइनुपर्ने तिलोत्तमा नगरपालिकाले जनाएको छ। रेलमार्गका लागि वैकल्पिक स्थानबाट सर्वे गर्न थालिएको भन्दै नगरपालिकाले आफ्नो धारणालाई प्रष्टाएको हो।

रेलवे विभागले बुटवलको कालिकानगर क्षेत्रबाट तम्सरिया-बुटवल खण्ड तथा बुटवल-भैरहवा-लुम्बिनी लिंकका लागि यसअघि नै सर्वे गरी विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गरिसकेको छ।

तिलोत्तमा नगर प्रमुख बासुदेव घिमिरेले रेलमार्ग पहिले नै सर्वे भएको स्थानबाट अघि बढाइनुपर्ने बताउँदै ठाउ सार्ने विषयमा नगरपालिका सहमत नरहने बताउनुभयो।

'रेलमार्गको ठाउँ सार्ने विषयमा तिलोत्तमा नगरपालिका सहमत हुनै सक्दैन ' उहाँले भन्नुभयो-'ठाउँ सार्दै जाने हो भने रेलमार्ग सम्भव पनि छैन।'

नगरपालिकाले रेलमार्गलाई वडा नं. १ र ४ बाट लैजाने भन्दै गरिएको 'सर्वे' प्रति ध्यानाकर्षण भएको जनाउँदै उक्त कार्य बन्द गर्न सम्बन्धित पक्षलाई अनुरोध गरेको छ। सोही विषयलाई लिएर नगरपालिकाले रेल विभागलाई पत्र पठाइसकेको छ। रेल विभागले तिलोत्तमाको वडा नं. १ र ४ मा सर्वे नभई 'अध्ययन' मात्र गरिएको जनाएको छ।

नगर प्रमुख घिमिरेले रेलको सर्वे नयाँबाट गर्न थालिएको भन्ने विषयमा सम्बन्धित क्षेत्रका सांसदको ध्यानाकर्षण गराउँदा उहाँहरूले समेत यसअघि नै सर्वे भएको स्थानबाट रेलमार्ग अघि बढ्ने कुरामा आफूहरू अडिग रहेको बताउनुभयो। 'नयाँ ठाउँबाट रेलको सर्वे भएको भन्ने विषयमा मैले यस क्षेत्रका सांसदहरूसँग समेत कुराकानी गरिसकेको छु। उहाँहरूले यसअघि नै सर्वे भएको ठाउँबाटै रेलमार्ग जाने कुरामा आफूहरू अडिग रहेको कुरा बताउनुभएको छ।' नगर प्रमुख घिमिरेले भन्नुभयो।

नगरपालिकाले स्थानीय सरकारसँग समन्वय र जानकारीबिना रेलमार्गका लागि अध्ययन गरिएकाले यो सफल नहुने भन्दै त्रसित नहुन स्थानीय बासिन्दालाई आग्रह गरेको छ।'म स्थानीय बासिन्दालाई ढुक्क रहन र आ-आफ्नो काममा केन्द्रित हुन अनुरोध गर्दछु। स्थानीय बासिन्दाको भावनाविरुद्ध कुनै काम हुँदैन।' उहाँले प्रष्टाउनुभयो।

रेल विभागले समेत तिलोत्तमाको वडा नं. १ र ४ मा रेलमार्गको सर्वे नगरिएको जनाएको छ। तिलोत्तमा वडा नं. १ र ४ का बासिन्दा रेलमार्ग सार्न नदिने भन्दै बिहीबार नगरपालिकामा डेलिगेसन गएका थिए। उनीहरूले आफूहरू विकासविरोधी नभएको तर पहिले सर्वे भएकै स्थानबाट रेलमार्ग निर्माण गरिनुपर्ने बताएका छन्। विद्युतीय रेलमार्गको डीपीआरमा बुटवलको कालिकानगर भएर रेल लैजाने प्रस्ताव गरिएको छ।

# बजारबाट तरकारी लैजाने गाउँमा करोडको तरकारी उत्पादन

ज्ञानमणि नेपाल कालोटोपी
राम्चेबेंसी, काभ्रे

जिल्लाको मण्डनदेउपुर नगरपालिका ११, जैसीथोकस्थित राम्चेबेंसीका करिब दुईसय कृषक पछिल्ला दिनमा तरकारी खेतीतर्फ भएकै कारण वार्षिक एक करोडभन्दा बढी आम्दानी गर्न सफल भएका छन्।

परम्परागत रूपमा गरिने कृषि प्रणालीबाट लगानी बढी र फाइदा कम हुन थालेपछि यहाँका कृषक अहिले आधुनिक किसिमको तरकारी खेतीतर्फ लागेका हुन्। उनीहरू यसतर्फ लागेको करिब २ दशक भयो। आफ्ना अधिकांश खेतबारीमा गोलभेंडा, आलु, घिरौंला, काउली, बन्दा, बोडी, करेला, भन्टालगायतका तरकारी रोपेर यहाँका कृषक अहिले प्रतिपरिवार वार्षिक १ देखि ६ लाख रुपियाँसम्म कमाउन सफल भएका छन्।

तरकारी खेती नगर्दाका दिन यहाँका लागि अत्यन्त कष्टकर थिए। पहिले तरकारी खेती गर्नुपर्छ भन्ने नजान्दा काठमाडौंको कालीमाटीबाट काउली किनेर गाउँ लैजाने कृषक अहिले दैनिक २ टन तरकारी बेच्न गाउँबाट कालीमाटी आउने गर्छन्।

जैसीथोकका कृषक काशिनाथ न्यौपानेले तरकारी खेती गर्न थालेको अहिले १५ वर्षभन्दा बढी भयो। आफ्नो भएभरको सबै जग्गामा तरकारी रोपेर वार्षिक ६ लाखभन्दा बढी आम्दानी गर्दै आउनु भएका उहाँको जग्गामा बाह्रै महिना तरकारी मात्र देख्न पाइन्छ। तरकारी खेती गरेकै भरमा उनले पाँच रोपनी जग्गा पनि जोड्न सफल हुनु भएको छ। उहाँ भन्छन्-'म तरकारीखेती गर्नकै लागि जन्मिएको हुँ जस्तो लाग्छ।'

तरकारी खेतीतर्फ किसान आकर्षित भए पनि त्यसका निम्ति यस क्षेत्रमा धेरै समस्या पनि छन्। मुख्यरूपमा सिँचाइको समस्या छ भने तरकारी खेतीमा विभिन्न खालका रोगको संक्रमण पनि उतिकै चुनौती थपिएको



छ। समय-समयमा हुने रासायनिक मलको अभावले पनि कृषकलाई अप्ठ्यारो पार्ने गरेको छ। ताथापि, कृषक निराश छैनन्। गाउँबाट करिब ६ सय मिटर तल रहेको चाखोलाको पानी इलेक्ट्रिक पम्पसेटबाट तानेर सिँचाइ गर्दै आएका उनीहरूका लागि यसमा कसैले पनि सहयोग गरेका छैनन्। कतिपयले आफ्नै लगानीमा सिँचाइ पोखरी निर्माण गर्दै वर्षायाममा परेको पानी संकलन गरेर सुख्खायाममा पनि तरकारी खेती गर्दै आएका छन्।

सिँचाईका लागि सहज भए तरकारी खेती गर्न अझ सजिलो हुने अर्का कृषक हरिप्रसाद सापकोटाको भनाइ छ। तरकारी ढुवानी गरेर बजार लैजान भने यहाा खासै समस्या छैन। गाउासम्मै गाडी पुग्छ। यहाँ उत्पादित तरकारीमा अलि बढी मात्रामा विषादी प्रयोग हुने गरेको जनगुनासो पनि आउने गर्छ। तरकारी खेतीमा विभिन्न किसिमका रोगको संक्रमण पछिल्ला दिनहरूमा वढ्न थालेपछि विषादीको प्रयोग बढाउन बाध्य भएको कषकले स्वीकार गरेका छन्।

यस गाउँबाट प्रभावित भएर अहिले जिल्लाका चण्डेनीमण्डन, कुन्ताबेसी, पाँचखाल, आँपघारी, नालालगायतका कृषक पनि तरकारी खेतीतिर आकर्षित भएका छन्। राजधानीको बजारमा काभ्रे जिल्लामा उत्पादन भएको तरकारीले अहिले करिब ३५ प्रतिशत स्थान ओगटेको बताइएको छ।

# घोषणापत्रका प्रतिबद्धता पूरा गर्न जोड

काठमाडौं, (नेस)

नेपाल घरेलु तथा साना उद्योग महासंघले नयाँ सरकार तथा प्रमुख राजनीतिक दलहरू मुलुकको आर्थिक विकासका लागि समर्पित र प्रतिबद्ध रहन आग्रह गरेको छ। तीन लाखभन्दा बढी लघु, घरेलु तथा साना उद्योगीहरूको छाता संगठनका रूपमा रहेको महासंघले मुलुकको आर्थिक विकासका लागि क्रियाशील रहन सबै राजनीतिक दलले घोषणपत्रमार्फत् जाहेर गरेको प्रतिबद्धता पूरा गर्नुपर्ने जनाएको हो। नयाँ सरकार गठनपश्चात् मुलुक आर्थिक समृद्धिको मार्गमा अघि बढ्नुपर्ने तथा आर्थिक समृद्धिको एजेन्डालाई नै प्राथमिकतामा राख्नुपर्नेमा महासंघको जोड छ।

महासंघका अध्यक्ष श्यामप्रसाद गिरीले मुलुकको आर्थिक समृद्धि तथा आत्मनिर्भरता र रोजगारी सिर्जनाको एउटा प्रमुख माध्यम लघु, घरेलु तथा साना उद्योग भएकाले यस्ता उद्योगको विकासमा जोड दिनुपर्ने बताउनुभयो। उद्योगबाट सिर्जित उत्पादनको प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गरी स्थानीय, प्रदेश र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी कदम सरकारले चाल्नुपर्ने गिरीको भनाइ छ।

प्रदेश सरकार र स्थानीय सरकारले पनि समुन्नतीका लागि स्थानीय कला, संस्कृतिको सम्वर्द्धन र संरक्षण गरिनपर्ने महासंघले जनाएको छ। स्थानीयस्तरमा पाइने कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि कार्य गर्न आग्रह गर्दै महासंघले यस कार्यमा सबै स्तरमा सहयोग पुर्‍याउन प्रतिबद्धता व्यक्त गरेको छ।

लाखौं युवा विदेशिनु परेको अहिलेको अवस्थामा नेपालको आर्थिक समृद्धिको आधार र रोजगारी सिर्जनाको एउटा प्रमुख माध्यम लघु, घरेलु तथा साना उद्योग रहेको छ। सरकारले यस्ता उद्योगको विकास र यस्ता उद्योगबाट हुने उत्पादनको प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गरी बजार प्रवर्द्धनमा पनि जोड दिनुपर्ने महासंघले जनाएको छ।

२०७४, फागुन
मंगलबार
८

राज्यको जिम्मेवार नागरिकका हैसियतले राज्यको सम्बन्धित निकायले गर्ने अनुगमन, अनुसन्धान तथा काम कारबाहीमा व्यवसायी सधैं सकारात्मक रहेको महासंघले विज्ञप्तिमा उल्लेख गरेको छ।




PRESS RELEASE

## देवः विकास बैंकको पोखरा शाखा स्थानान्तरण

काठमाडौं, (नेस)

देवः विकास बैंक लिमिटेडको पोखरा लेखनाथ महानगरपालिका वडा नंम्बर ९ नयाँ सडकमा रहेको शाखा कार्यालय फागुन ६ गतेदेखि लेखनाथ महानगरपालिको वडा नम्बर ८ चिप्लेढुंगामा स्थानान्तरण गरेको छ। बैंकले आफ्ना ग्राहकलाई अझ सुलभ तथा सहज रूपमा उत्कृष्ट सेवा प्रदान गर्न भन्दै साविकको स्थानबाट बैंकलाई नयाँ स्थानमा स्थानान्तरण गरिएको हो।

उक्त शाखाबाट सम्पूर्ण बैंकिङ सेवासहित सी-आस्वा, भिसा डेबिट कार्ड, ई-बैंकिङ, एसएमएस बैंकिङ, सेवा प्रदान गरिनेछ। साथै यस बैंकबाट जारी भिसा डेबिट कार्डबाट नेपालभर भिसा नेटवर्कसँग आबद्ध अन्य बैंकको एटीएमबाट नगद निकाल्दा शुल्क नलाग्ने व्यवस्था गरिएको बैंकले जनाएको छ।

## भैरहवामा मोजो बाइकको बिक्री शुरू



काठमाडौं, (नेस)

महिन्द्रा ग्रुपअन्तर्गतको महिन्द्रा टु ह्विलर्सको नेपालका लागि आधिकारिक वितरक अग्नि ग्रुपअन्तर्गत अग्नि मोटो इन्कले बहुप्रतिक्षित मोजो बाइकको भैरहवामा आफ्नो आधिकारीक बिक्रेता वारिस अटो मोबाइल्समार्फत् बिक्री शुरू गरेको छ।

महिन्द्रा मोजोमा लिक्विड कुल ३०० सीसी इन्जिन रहेको छ। ईएफआई सिलिन्डर इन्जिनले २७ बीएचपीको उच्च क्षमता तथा ३० एनएमको टर्ग क्षमता रहेको छ। मोजोमा उच्च टरसिनल रिजिडिटि भएको ट्वीन ट्यूब फ्रेम, इन्भर्टेड फ्रन्ट फोर्क, रिजिड ट्रिपल क्ल्याम्प् माउन्टिङ, हाई प्रेसर ग्यास-चार्ज भएको अफसेट रियर मोनो शक्स र सेपरेटर फ्लोटिङ पिस्टन रहेको छ। अन्तर्राष्ट्रिय साझेदारीका साथ निर्माण गरिएको यो मोडलले मोटरसाईकल पारखीलाई फरक अनुभव प्रदान गर्ने कम्पनीले विश्वास लिएको छ।

## सीजीको स्ट्यान्डिङ चेस्ट फ्रिजर बजारमा



काठमाडौं, (नेस)

सीजीले स्ट्यान्डिङ चेस्ट फ्रिजर बजारमा ल्याएको छ। यो फ्रिजर २७० लिटर क्षमतामा उपलब्ध रहेको कम्पनीले जनाएको छ। अन्य चेस्ट फ्रिजरमा जस्तै १८ डिग्री सेल्सियससम्मको चिसोको प्रयोग गरी खानेकुरालाई स्वच्छ र ताजा बनाउन सकिन्छ। यो हेर्दा रेफ्रिजेरेटर जस्तै देखिन्छ। विशेषगरी अस्पताल, औषधिपसल र डेरी पसलको लागि एकदमै उपयुक्त भएको र ३६ महिनाको वारेन्टी पनि यसमा रहेको सीजीका प्रोडक्ट प्यालिङ म्यानेजर रितेश चौधरीले बताउनुभयो।

## हिम स्टारको नयाँ मिक्स्चर बजारमा



काठमाडौं, (नेस)

हिम इलेक्ट्रोनिक्सले हिमस्टारका पाँच नयाँ मोडलका मिक्स्चर ग्राइन्डर बजारमा ल्याएको छ। नयाँ मोडलका मिक्स्चर ग्राइण्डरहरू पर्ल-५००डब्लू, स्मार्टी-५०० डब्लू, डायमण्ड-५५०डब्लू, क्युट-५५०डब्लू, र ग्यालेक्सी-७५०डब्लू रहेका छन्। नयाँ मिक्स्चर ग्राइन्डरमा स्पिड कन्ट्रोल, ३–३ वटा स्टिनले स्टिल जार, १२ महिनाको वारेन्टीका साथै ३६९० देखि ५१९० रुपियाँसम्ममा मोडलअनुसार उपलब्ध भएको जानकारी कम्पनीले जनाएको छ।

## जगदम्बा सिमेन्टको अगुवाईमा रक्तदान

मेरो देश, मेरो जगदम्बा सिमेन्ट

काठमाडौं, (नेस)

जगदम्बा सिमेन्टले सामाजिक उत्तरदायित्वअन्तर्गत स्वस्थ्य क्षेत्रमा आफ्नो नियमित कार्यक्रमअनुरूप स्वावलम्बी परिवार समाजको अग्रसरतामा कम्पनीको मुख्य कार्यालयमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रमको उद्घाटन जगदम्बा सिमेन्ट परिवारका निर्देशक दुर्गाप्रसाद न्यौपानेले र स्वाबलम्बी परिवार समाजका अध्यक्ष कुलप्रसाद घिमिरेले संयुक्त रूपमा गर्नुभएको थियो। उक्त कार्यक्रममा ४२ जना व्यक्तिले रक्तदान गरेका थिए।

'तपाईंको रगत अरू कसैको लागि जीवन' भन्ने नारा बोकेको उक्त कार्यक्रमहरू जस्ता अन्यकार्यक्रमहरू भावी दिनमा पनि गर्दै जाने र रगतको अभावलाई न्यूनीकरण गरी स्वास्थ्य समाज निर्माण गर्ने कुरामा कम्पनी प्रतिबद्ध रहेको जगदम्बा सिमेन्टका बरिष्ठ ब्रान्ड अधिकृत शरण अवालेले जानकारी दिनुभयो।

# वैदेशिक रोजगारी ओरालो लाग्न थाल्यो

रोविन पौडेल, काठमाडौं

वैदेशिक रोजगारीको विश्वव्यापी ट्रेन्ड खस्किरहेको अवस्थामा पछिल्लो समय वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा उल्लेख्य कमी आएको छ नेपाली कामदारको प्रमुख गन्तव्यको रूपमा रहेका खाडी मुलुकमा रोजगारी सिर्जना कम भइरहँदा सरकारी तथ्यांकले वैदेशिक रोजगारीमा जाने नेपालको संख्या कम भएको देखाएको हो।

वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्षको पहिलो ७ महिनामा गत वर्षका तुलनामा १५ हजारभन्दा कम कामदार रोजगारीको सिलसिलामा विदेश गएका छन्।

यसअवधिमा संस्थागत तथा व्यक्तिगत दुवै माध्यमबाट श्रम स्वीकृति लिइ विदेशिनेको संख्या घटेको विभागले जनाएको छ। विभागका अनुसार चालू आवको पहिलो ७ महिनामा रोजगारीका लागि विदेशिने नेपालीको १ लाख ९७ हजार १ सय ९६ रहेको छ। गत वर्षको सोही अवधिको तुलनामा यो संख्या २ लाख ११ हजारभन्दा बढी रहेको थियो।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार यस अवधिमा व्यक्तिगततर्फ श्रम स्वीकृति लिनेको संख्या पनि निरन्तर घटेको देखाएको छ। चालू आवको पुसमा २२ हजार ४ सय ४९ जनाले व्यक्तिगत श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएकोमा माघमा त्यो घटेर २१ हजार ४ सय ८० पुगेको हो। कात्तिक महिनामा सो संख्या ३१ हजारभन्दा बढी रहेकोमा मंसिरमा २४ हजार रहेको थियो।

अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य घट्नाले साउदी अरब तथा खाडी मुलुकको अर्थतन्त्र गोलमाल भएकाले त्यसको असर नेपाली श्रमिकमा परेको रोजगार विज्ञ डा. गणेशमान गुरुङ बताउनुहुन्छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै डा. गुरुङले भन्नुभयो- 'ती मुलुकमा यही कारण रोजगारदाता कम्पनीहरू बन्द हुने अवस्थामा छन्। गन्तव्यमै रोजगारी सिर्जना बन्द भएको अवस्थामा तथ्यांकले रोजगारीका लागि विदेशिनेको संख्या घटेको देखाएको हो।'

त्यसैगरी पछिल्लो समय पुनर्निर्माण तथा विकास निर्माण कार्य तीव्र हुँदा स्वदेशमै रोजगारीको अवसर सिर्जना भएको उहाँको दाबी छ। उहाँले भन्नुभयो- 'विश्वव्यापी रूपमै वैदेशिक रोजगारीको ट्रेन्डले खराब गति लिएको अवस्थामा नेपालमा पनि प्रभाव परेको देखिनुलाई स्वभाविन रूपमा लिन सकिन्छ।'

वैदेशिक रोजगारीको क्रमले उल्टो गति लिनुको कारण रेमिट्यान्समा पनि प्रभाव परेको उहाँ बताउनुहुन्छ। यद्यपि, रेमिट्यान्स घट्नुको सबैभन्दा ठूलो कारण हुण्डीको उच्च प्रयोग रहेको उहाँको बुझाइ छ।

विदेशमा कामदारले पाउने तलबले कामदार वैदेशिक रोजगारीमा आकर्षित नभएको वैदशिक रोजगार विभागले बताउँदै आउको छ। बढेको महँगी तथा बचत अपेक्षित रूपमा नबढ्दा विदेश जान आकर्षण घटेको विभागको दाबी छ।

उता वैदेशिक रोजगार व्यवसायी भने सरकारले फ्रि भिसा फ्रि टिकटको व्यवस्था गरेदेखि नेपाली कामदार रोजगारदाता कम्पनीको रोजाइमा नपर्ने गरेको बताउँछन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष रोहन गुरुङका अनुसार बंगलादेशलागयत देशबाट पैसा तिरेरै कामदार रोजगारदातासम्म पुग्छन्। रोजगारदाता कम्पनीले अन्य देशका कामदार सित्तैमा पाउने हुनाले नेपाली कामदार प्राथमिकतामा नपरेको उहाँ बताउनुहुन्छ।

यसैबीच वैदेशिक रोजगार विभागका अनुसार चालू आर्थिक वर्षको माघमा संस्थागत रूपमा श्रम अन्तिम स्वीकृति लिई २८ हजार ४ सय १५ जना वैदेशिक रोजगारीका क्रममा विदेशिएका छन्। अघिल्लो महिनामा यो संख्या २७ हजार ९ सय २७ रहेको थियो। चालू आवको सात महिनासम्ममा रोजगारीको क्रममा विदेशिनेमध्ये १ लाख ८५ हजार १ सय ३६ जना पुरुष रहेका छन् भने ११ हजार ४ सय ६९ जना महिला छन्। यसअवधिमा विदेशिने महिलाको संख्या गतवर्षको सोही अवधिको तुलनामा २ हजारले बढी हो। माघमा विदेशिने महिला कामदारको संख्या १ हजार ६ सय १२ रहेको छ जुन पुसको तुलनामा १ सय ४८ जनाले कम हो।

## मलेसियालाई कतारले उछिन्यो

काठमाडौं, (नेस)

माघमा वैदेशिक रोजगारीमा जाने नेपालीमध्ये सबैभन्दा बढी कतार गएका छन्। यो महिना मलेसिया जाने नेपालको संख्यामा कमी आएका कारण कतार जानेको संख्या बढेको देखिएको हो।

गत महिनामा सबैभन्दा धेरै ९ हजार ६ सय ७७ जना नेपाली कामदार कतार गएका छन्। अघिल्लो महिना अगाडी रहेको मलेसिया यस महिना भने दोस्रो स्थानमा झरेको छ। यस महिना मलेसिया जाने नेपाली कामदारको संख्या ८ हजार ६ सय ९८ रहेको छ। अघिल्लो महिना यो संख्या १२ हजार रहेको थियो।

गत महिना नेपाली कामदारको प्रमुख गन्तव्यमा यूएई तेस्रो स्थानमा उक्लिएको छ। साउदी अरेबियामा उछिन्दै यूएई तेस्रो स्थानमा रहेको हो। माघमा ४ हजार ४ सय ७८ जना रोजगारीका लागि यूएई रहेकोमा साउदी अरेबिया जाने नेपाली कामदारको संख्या ३ हजार १ सय ६० रहेको थियो।

## अनुगमन रोक्न सुनचाँदी व्यवसायीको माग

काठमाडौं, (नेस)

नेपाल सुनचाँदी व्यवसायी महासंघले विभिन्न जिल्लामा वाणिज्य विभागले गरेको बजार अनुगमनबाट व्यवसायीहरू त्रसित भएको भन्दै त्यसलाई रोक्नुपर्ने माग गरेको छ।

विभागले बजार अनुगमन तथा अनुसन्धान गर्ने नाममा ज्यादतीपूर्ण ढंगले कारबाही गरिएकोबाट व्यवसायीमा डर त्रास सिर्जना भएको महासंघले जनाएको छ। महासंघले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै अनुगमनको नाममा बिना कुनै स्पष्ट नीतिनियम, व्यावसायिक वातावरण बिग्रने गरी हुने ज्यादतीपूर्ण क्रियाकलाप अबिलम्ब स्थगित गरिनुपर्ने माग गरेको छ।

महासंघले व्यवसायको क्रममा देखिने कमि कमजोरीलाई सच्याउन यथासम्भव अवसर प्रदान गर्नु लोक कल्याणकारी राज्यको कर्तव्य हो भन्ने विषयमा व्यवसायी सचेत रहेको भन्दै लगातार सुनचाँदी व्यवसायप्रति भइरहेको कारबाहीको श्रृंखलाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

गत वर्ष चैत्र ३० गते कास्की जिल्लाको पोखरामा अनुगमनको सिलसिलामा महासंघमा आबद्ध व्यवसायीको पसलबाट केही गहना परीक्षणको लागि वाणिज्य विभागअन्तर्गतका टोलीबाट नमुना लिएर गएको थियो। सोही विषयमा गत माघ २५ गते व्यवसायीलाई प्रक्राउ गरी थुनामा राखिएको महासंङ्घले जनाएको छ। अनुसन्धान र कारबाहीका लागि थुनामा राखिएका दि युनाईटेड गोल्ड मार्टका सञ्चालक महेन्द्रमान गुभाजु, गोरखा एन्ड बराह ज्वेलर्सका हरिकुमार धमला, अर्जुन पुम्दी भुम्दी सुनचाँदी पसलका अर्जुनबहादुर विक, सन्तोष सुनचाँदी पसलका सन्तोष बिक र दल बहादुर एन्ड सुनचाँदी पसलका महेश सुनारलाई पक्राउ गरिएको छ। जसबाट व्यवसायीहरूमा आतंक छाएको महासंघले जनाएको छ।

राज्यको जिम्मेवार नागरिकका हैसियतले राज्यको सम्बन्धित निकायले गर्ने अनुगमन, अनुसन्धान तथा काम कारबाहीमा व्यवसायी सधैं सकारात्मक रहेको महासंघले विज्ञप्तिमा उल्लेख गरेको छ। 'अनुगमनको नाममा बिना कुनै स्पष्ट नीति नियम व्यावसायिक वातावरण बिग्रने गरी हुने ज्यादतीपूर्ण क्रियाकलाप अबिलम्ब स्थगित गरी स्वच्छ र पारदर्शी व्यवसायको वातावरण तयार गर्न माग गर्दछौं'- विज्ञप्तिमा भनिएको छ।

## सस्तोमा मोबाइल किन्न हब

काठमाडौं, (नेस)

नेपाली बजारमा अहिलेसम्मकै सस्तो मूल्यमा मोबाइल किन्न पाइने भएको छ। काठमाडौंको चाबहिलमा रहेको के एल मोबाइल हबले मोबाइल मेलामा अहिलेसम्मकै सस्तो मूल्यमा सेवाग्राहीलाई मोबाइल उपलब्ध गराउने भएको हो।

फागुन १ देखि मोबाइल हब मामोबाइल मेला सञ्चालन भइरहेको छ। मोबाइल मेलामा मोबाइल किन्नेलाई अहिलेसम्मकै सस्तो मूल्यमा मोबाइल बिक्री गर्ने व्यवस्था मिलाइएको मोबाइल हबका प्रबन्ध निर्देशक अलाइभ ग्लाइडरले बताउनुभयो। 'हामीले अहिलेसम्मकै सस्तो मूल्यमा मोबाइल किन्ने मौका दिएका छौं। यसबाट मोबाइल खरिद गर्न चाहने धेरैभन्दा धेरै सेवाग्राहीले फाइदा लिनुहुनेछ भन्ने विश्वास मोबाइलहबले लिएको छ।' ग्लाइडरले भने।

NEPAL CEO SUMMIT & AWARDS
14th March 2018
Soaltee Crowne Plaza, Kathmandu

Call for Award Nominations

Award Registration Form
Name : ........................................ Age : ....................
Gender : ..................... Qualification : ..............................
Address : ..............................................................
Organization Name : .................................. Designation : ....................
Address : .................................... Appointment Date : ....................
Award Categories:
☐ CEO of the Year ☐ Popular CEO of the Year
☐ Public Sector CEO of the Year ☐ Woman CEO of the Year
☐ SME CEO of the year ☐ Young CEO of the Year

1. Applicants can log on to www.nepalceosummit.com for online registration or fill in the above form and summit it to Business Plus Television Kupondole, Lalitpur.
2. Applicants can apply for multiple categories but should apply separately for each category.
3. Last Date of Nominee Registration: February 25, 2018.
4. Nominee Registration for Awards is completely Free.
5. Winner will be selected on the basis of Research (60 %) and remaining 40 % score will be based upon Public Choice: SMS Voting, Facebook Like and Digital Voting.

For more details, contact: 9815555788, 9848094547
Email: nepalceosummit@gmail.com

दर्शन बचत तथा ऋृण सहकारी संस्था लि.
बाहिरीगाउँ, कीर्तिपुर

बोलपत्र आब्हान सम्बन्धि सूचना
(प्रथम पटक सूचना प्रकाशन मिति :२०७४/११/८)

यस दर्शन बचत तथा ऋृण सहकारी संस्था लि. की.न.पा.-९, नगाउँ मुख्य सडकमा तपशिल बमोजिमको निर्माण कार्य सम्पन्न गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रहि सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा कार्यालय समय भित्र दस्तुर रु.५०००/-(अक्षरेपी पाँच हजार मात्र) नगदै तिरी (फिर्ता नहुने गरि) निवेदन सहित अध्यावधिक ठेक्का ईजाजत-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र र आ.व.२०७३/७४ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी पेश गरी दर्शन बचत तथा ऋृण सहकारी संस्था लि. बाहिरीगाउँ, कीर्तिपुरबाट खरिद गर्न सकिने छ ।
२. खरिद भएको बोलपत्र फारम स्पष्टसँग भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनको १२:०० बजे सम्ममा दर्शन बचत तथा ऋृण सहकारी संस्था लि. बाहिरीगाउँ, कीर्तिपुर मा दर्ता गराईसक्नु पर्ने छ । दर्ता भएका बोलपत्र सोहि दिन दिउँसो २:०० बजे बोलपत्र दाता वा प्रतिनिधीहरुको रोहवरमा दर्शन बचत तथा ऋृण सहकारी संस्था लि. बाहिरीगाउँ, कीर्तिपुरमा खोलिने छ । बोलपत्र दाता र निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने अन्तिम र खोलेको दिन सार्वजनिक विदा परेमा त्यसपछिको लगतै कार्यालय खुलेको दिन सोहि समय र स्थानमा उपरोक्त कार्य हुनेछ ।
३. बोलपत्र फारामको साथ बोलपत्र जमानत द्यष्म द्ययलम वापतको रकमको एन.आई.सी. एसिया बैंक लि. कीर्तिपुरमा रहेको बैंक खाता नं. ३९४०३१३९५२४००१ मा नगदै दाखिला गरि सो को सक्कल भौचर वा सो रकम बराबरको यस संस्थाको नाममा जारी गरेको १२० दिन म्याद भएको बैंक जमानत Bid Bond पेश गर्नुपर्ने छ ।
४. बोलपत्र दाता निर्माणस्थल र कामको सम्बन्धमा राम्रो संग बुझी बोलपत्र पेश गर्नुपर्ने छ ।
५. बोलपत्र फाराम भर्दा दररेट स्पष्टरुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरको दररेटमा फरक पर्न गएमा अस्पष्ट भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्ने छ ।
६. समय भित्र प्राप्त नभएको, सूचनाको सर्त विपरित भएको, रित नपुगी आएको बोलपत्रमाथि कुनै कारवाही हुनेछैन ।
७. एक व्यक्ति, फार्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र सम्बन्धी कागजात अर्को व्यक्ति, फार्म वा संस्थाको नाममा दाखिला गर्न पाईने छैन ।
८. पेश हुन आएका बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ । यस सूचनामा नपरेका तथा नलेखिएका कुराहरुको हकमा दर्शन बचत तथा ऋृण सहकारी संस्था लि. बाहिरीगाउँ, कीर्तिपुरको आर्थिक प्रशासन बिनियम २०७३, सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपाल सरकारको प्रचलित कानुन बोजिम हुनेछ ।
९. बोलपत्र वा प्रस्ताव सम्बन्धि अन्य थप जानकारी चाहिएमा संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन वा यस संस्था को फोन नं.०१-४३३४२३५ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| क्र.स | ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत रकम | बोलपत्र दस्तूर |
|---|---|---|---|---|
| १. | ०१/०७४/०७५ | कीर्तिपुर स्थित दर्शन बचत तथा ऋृण सहकारी संस्थाको ३.५ (साढे तीन) तल्लाको नयाँ भवन | कबुल गरेको र कमको ३.०% (तीन प्रतिशत) | रु.५०००/- (फिर्ता नहुने) |

दर्शन बचत तथा ऋृण सहकारी संस्था लि.

# राष्ट्रिय क्रिकेट टोलीका खेलाडीलाई ३/३ लाख दिइने



सौजन्य : प्रधानमन्त्रीको निजी सचिवालय

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडीलाई सम्मान गर्दै जनही नगद ३ लाख दिने घोषणा गर्नुभएको छ।

सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा क्रिकेट खेलाडीलाई सम्मान गर्दै प्रधानमन्त्री ओलीले उक्त घोषणा गर्नुभएको हो। वहाँले नामिबियामा हालै सम्पन्न आईसीसी विश्व क्रिकेट लिग डिभिजन-२ प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेवापत नेपाली खेलाडी र प्रशिक्षकलाई जनही ३ लाख रुपियाँले सम्मान गर्ने घोषणा गर्नुभएको छ।

प्रधानमन्त्री ओलीले सरकार खेल क्षेत्रको विकासको सकारात्मक रहेको बताउनुभएको छ। प्रधानमन्त्रीले घोषणा गरेको उक्त रकम आउँदो शुक्रबार हस्तान्तरण गरिने भएको छ। शनिबार नेपाली टोली आईसीसी विश्वकप क्रिकेट क्वालिफायर खेलका लागि जिम्बावे प्रस्थान गर्दैछन्। उनीहरूलाई बिदाइसहित रकम हस्तान्तरण गर्ने प्रधानमन्त्री ओलीले बताउनुभएको छ।

सोही कार्यक्रममा मदन भण्डारी स्पोर्टस एकेडेमीका अध्यक्ष विनोद श्रेष्ठले पनि प्रतिखेलाडी र प्रशिक्षकलाई १-१ लाख दिने घोषणा गर्नुभएको छ। कुल ४/४ लाख पाउने खेलाडीमा पारस खड्का, ज्ञानेन्द्र मल्ल, दिलीप नाथ, सन्दीप लामिछाने, सोमपाल कामी, सरद भेषवाकर, शक्ति गौचन, आरिफ शेख, करण केसी, दीपेन्द्रसिंह ऐरी, वसन्त रेग्मी, रोहितकुमार पौडेल तथा प्रशिक्षक जगत टमाटा रहेका छन्।

**विनोद वैकल्पिक खेलाडी**

नामिबियामा भएको आईसीसी विश्व क्रिकेट लिग डिभिजन-२ मा खेल्न नेपाली टोलीमा स्थान बनाउन नसकेका विस्फोटक ब्याटसम्यान विनोद भण्डारीको पुनरागमन भएको छ। जिम्बावेमा हुन लागेको आईसीसी विश्व कप क्रिकेट क्वालिफायरको लागि विनोदलाई वैकल्पिक खेलाडीका रूपमा स्थान दिइएको छ। जिम्बावे जाने टोलीका १५ खेलाडीमा डिभिजन-२ खेलेका रहेका छन्।

# एपीएफ पीएम कप भलिबल च्याम्पियन

नेपालगन्ज, (नेस)

पाँचौं प्रधानमन्त्री कप अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगितामा एपीएफ च्याम्पियन बनेको छ। सोमबार भएको उपाधि भिड्न्तमा एपीएफले शिवम् न्यु डायमन्ड एकेडेमीमाथि ३-२ को कठिन जित निकाल्यो। न्यु डायमन्डले पहिलो सेटमा २५-१२ सहज जित निकाल्दै राम्रो शुरुआत गरेको थियो। दोस्रो र तेस्रो सेटमा खेलमा फर्कंदै एपीएफले २५-२१ र २५-१६ को जित निकाल्दै २-१ को अग्रता बनाएको थियो।

चौथो सेटमा न्यु डायमन्डले पुनरागमन गर्दै २५-२१ ले आफ्नो नाममा लेखाउँदै खेललाई २-२ को बराबरीको अवस्थामा पुऱ्याएको थियो। रोमाञ्चक बनेको अन्तिम सेटमा भने दुई पटक न्यु डायमन्ड म्याच प्वाइन्टमा पुगेर चुकेपछि खेल एपीएफले १९-१७ ले जित्यो।

रोमाञ्चक बनेको फाइनलमा न्यु डायमन्डकी प्रतिभा मालीले एक्लैले ५४ अंक जोडेकी थिइन्। तर टिमले भने उपाधि जित्न सकेन। त्यसै गरी मञ्जु गुरुङले १८ अंक बनाइन्। एपिएफकी सरस्वती चौधरीले ३६ अंक जोड्दा नेबिका चौधरीले २१ अंकको योगदान दिएकी थिइन्। प्रतियोगितामा एपीएफकी सरस्वती चौधरी उत्कृष्ट खेलाडी, प्रतिभा उत्कृष्ट स्पाइकर, न्यु डायमन्डकी सलिना श्रेष्ठ उत्कृष्ट लिबेरो, उत्कृष्ट सेटर न्यु डायमन्डकै कृपा अधिकारी, उत्कृष्ट सर्भर एपीएफकी नेबिका चौधरी र उत्कृष्ट ब्लकरमा एपीएफकी हीरा केसी पुरस्कृत भइन्।

विजेता टोली एपीएफले २ लाख, उपविजेता न्यु डायमन्डले १ लाख, तेस्रो भएको नेपाल पुलिस क्लबले ५० हजार प्राप्त गरे। बाँके जिल्ला भलिबल संघले आयोजना गरेको प्रतियोगितामा एपीएफ, न्यु डायमन्ड, पुलिस, आयोजक न्यु इन्द्रेणी बागेश्वरी युथ, भारत देहरादुनको स्पोर्टस टेनिज र बंगलादेशको इफाद ग्रुप अफ महिला भलिबल टोलीले प्रतिस्पर्धा गरेका थिए।




पाँचौं प्रधानमन्त्री कप अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगिताको च्याम्पियन एपीएफ क्लब ट्रफीका साथ। तस्वीर : नेस




## धरहरा

### लोप्पा खानेको लर्को



प्रदेश सरकार गठनमा मनोमानी भएको असन्तुष्टि पोख्दै प्रदेश-६, मुगुका एमाले सांसद चन्द्रबहादुर शाहीले राजीनामा दिएछन्। मन्त्रिपरिषद् गठनमा ठूलै आर्थिक चलखेल भएको, पार्टीमा भर्खरै प्रवेश गरेका र महत्त्वपूर्ण जिम्मेवारीमा नभएकाहरूले सभामुख र मन्त्री बन्ने अवसर पाएको उनको तर्क छ।

केही समयअघि राप्रपा र जनमोर्चाबाट एमाले प्रवेश गरेका फटाफट मन्त्री भएपछि शाहीलाई असन्तुष्टिको पारो निकै चढेछ क्यार, पार्टीको साधारण सदस्य पनि नरहने गरी राजीनामा ठोक्ने रे। मुगुमा एमालेबाट चुनाव जित्ने कमरेड पहिलो व्यक्ति पनि हुन्। २०५६ सालमा मुगुबाट प्रतिनिधिसभा सदस्यमा विजयी भएका शाही हाल पार्टीको केन्द्रीय सल्लाहकार सदस्यसमेत हुन्।

प्रदेशमा मन्त्री नै नभए पनि सभामुख त पक्का हुन्छु भन्ने कमरेडलाई लाग्या थ्यो रे। १५ वर्षसम्म जिल्लामा पार्टी प्रमुख भएको र अन्य जिम्मेवारीका आधारमा उनले त्यस्तो अपेक्षा गर्नु स्वभाविकै हो भन्ने धरहरालाई लाग्या छ। तर पार्टीले राम्रैसँग लोप्पा खुवाएपछि कसको के नै लाग्छ र हैन ?

प्रदेश-३ मा पनि त मुख्यमन्त्री पक्कापक्की हुने भनिएकी शाक्य थरकी नेतृलाई पार्टीले लोप्पा खुवाएपछि आफूलाई पनि त्यस्तै हुन सक्छ है भनेर कमरेडले बेलैमा सोच्नुचाहिँ पर्थ्यो भन्ने धरहरालाई लाग्या छ। मुलुकको राजनीतिको परिभाषा राम्रैसँग बदलिएको छ। निष्ठा र त्यागको राजनीति गर्ने कमरेडहरूलाई पनि चेतना भया।

# एनआईसी एसिया विजयी

काठमाडौं, (नेस)

'प्ले फोर फन' नारासहित नेपाल इन्भेस्टमेन्ट बैंक लिको ३२औं वाषिकोत्सवको अवसरमा आयोजना गरिएको एनआईबीएल इन्टर-बैंक फुटसल प्रतियोगितामा एनआईसी एसिया बैंक लि. ट्राइब्रेक्ररमा विजयी भएको छ।

काठमाडौंको सामाखुशी फुटसलमा भएको प्रतियोगिताको फाइनलमा एनआईसी एसियाले पेनाल्टी सुटआउटमा ३-२ को गोलअन्तरले नेपाल इन्भेस्टमेन्ट बैंकलाई पराजित गरेको हो। उक्त खेलमा एनआईसी एसियाका अनिल ढकाल उत्कृष्ट गोलकिपर घोषित भएका थिए। उक्त प्रतियोगितामा १५ वटा बैंकका १६ टिमले सहभागिता जनाएको थियो।

विजेता टोलीले ट्रफीसहित पोखरा टुर प्याकेजको अवसर प्राप्त गरेको छ। यस्तै उप-विजेता तथा अन्य विधाका विजेताले ट्रफीसहित नगरकोटमा एकदिनको रिफ्रेसमेन्ट प्याकेज प्राप्त गरेका छन्। विजेता टिमलाई नेपाल इन्भेस्टमेन्ट बैंक लिका सञ्चालकद्वय प्रजन्य राजभण्डारी र भुवनेश्वरप्रसाद शाहले पुरस्कार वितरण गर्नुभएको थियो।

# ग्रामर र न्यु भिजनलाई फिजम कप



काठमाडौं, (नेस)। ग्रामर पब्लिक स्कुल र न्यु भिजन एकेडेमीले दोस्रो फिजम कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन्। ग्रामर ब्वाइजमा पहिलो भयो भने न्यु भिजनले गर्ल्समा उपाधि रक्षा गऱ्यो। संस्थागत विद्यालय सञ्चालकहरूको मञ्च (फिजम) द्वारा आयोजित प्रतियोगिताको ब्वाइज फाइनलमा ग्रामरले स्वर्णिम तारालाई ३५-२९ ले पराजित गऱ्यो। ग्रामरका सौगात राईले १६ अंक जोडे। जेनिअमले तेस्रो स्थानमा चित्त बुझायो।

कोटेश्वरस्थित घरेलु कोर्टमा भएको गर्ल्सको उपाधि भिडन्तमा न्यु भिजनले ग्रामरलाई २६-१४ ले हरायो। न्यु भिजनकी कुसुम श्रेष्ठले १३ स्कोर गरिन्। हिमालय तेस्रो भयो। ब्वाइजमा ग्रामरका आर्यन मल्ल तथा गर्ल्समा न्यु भिजनकी कुसुम श्रेष्ठ 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। ब्वाइजमा न्यु भिजन र गर्ल्समा जेनिअमले अनुशासित टिमको उपाधि हात पारे।

विजेतालाई नेपाल बास्केटबल संघका महासचिव नरेन्द्र थापा, फिजमका अध्यक्ष एवं केन्द्रीय प्याब्सनका सचिव आरबी कटवाल, उपाध्यक्ष अमृत खड्कालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। फागुन २ गतेदेखि शुरू प्रतियोगिताको ब्वाइजमा १२ तथा गर्ल्समा ८ टिमले लिग कम नकआउटका आधारमा प्रतिस्पर्धा गरेका थिए।

# करातेका विजेता सम्मानित

काठमाडौं, (नेस)। पारामाउन्ट एकेडेमीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्न सफल आफ्ना खेलाडीलाई सोमबार सम्मान गरेको छ।

पारामाउन्टको १४औं वार्षिकोत्सव तथा अभिभावक दिवसका अवसरमा गत जनवरीमा नेपालमा भएको छैटौं अन्तर्राष्ट्रिय कराते प्रतियोगिताका स्वर्ण विजेता स्मृति सुवेदी, सुविन सुनुवार र राजन भोलुन, रजत विजेता सागर भेटवाल, प्रवीण कार्की र सागर न्यौपाने तथा कांस्य विजेता स्पन्डन प्याकुरेल, प्रवीण थापा, सरलराज भण्डारी र विषेक केसी सम्मानित भए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ